# कक्षा सातमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन


**प्रस्तुतकर्ता**

**नामः खेमहरि भण्डारी**

**परीक्षा क्रमाङ्क २३३०११३/०६६**

**त्रि.वि. दर्ता नं:९-२-१५-११५४-२००४**


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह

दोस्रो वर्षको विशिष्टीकरण ने.पा.शि. ५९८

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र


**नेपाली भाषा शिक्षा विभाग**

**सिन्धुली बहुमुखी क्याम्पस**

**सिन्धुली**


**२०६९**

## सोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सिन्धुली बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र खेमहरि भण्डारीले नेपाली विषय विशिष्टीकरणको नेपा.शि. ५९८ को आवश्यकता पूर्तिका लागि **कक्षा सातमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन** शीर्षकको शोधपत्र मेरो निदेर्शनमा तयार पार्नु भएको हो । निकै मेहनत र परिश्रमका साथ तयार पारिएको यो शोधपत्रबाट म पूर्णतः सन्तुष्ट छु । तथा उक्त शोधपत्रको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६९/९/१२

उपप्रा.भानुभक्त गुरुङ
शोधनिर्देशक
त्रि.वि.वि.शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
सिन्धुली बहुमुखी क्याम्पस
सिन्धुली

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुलीका छात्र खेमहरि भण्डारीले **कक्षा सातमा अध्ययनरत मगर भाषी विद्यार्थीहरुले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरुको अध्ययन** शीर्षकमा तयार गर्नु भएको शोधपत्र नेपाली शिक्षा विषययको स्नातकोत्तर तह (एम.एड) का लागि उपयुक्त देखिएकाले स्वीकृत गरिएको छ ।

मूल्याङ्कन समिति:

१. उप.प्रा. भानुभक्त गुरुङ (विभागीय प्रमुख/शोधनिर्देशक)

२. प्रा.डा.पारसमणि भण्डारी (बाह्य परीक्षक)

३. उप.प्रा. देवीप्रसाद सुवेदी

४. उप. प्रा. अर्जुनप्रसाद पौडेल

मिति: २८ जनवरी २०१३

# कृतज्ञता-ज्ञापन

माध्यमिक तहको अध्ययनका निमित्त बलियो जग बनाउने नि.मा.वि. तह कक्षा सातमा अध्ययनरत सिन्धुली जिल्लाका मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरू विभिन्न समस्या क्षेत्रसँग सम्बद्ध रहेका छन् । शुद्ध र स्पष्ट भाषिक सीपका लागि प्रत्येक समस्या क्षेत्रका त्रुटिहरूको विस्तृत अधययन हुनु आवश्यक छ । तर यस छोटो अध्ययनमा भने बहुविध समस्या क्षेत्रहरू समेटिएकाले एउटै क्षेत्रमा विस्तृत तथा गहनरुपमा अध्ययन हुन सकेका छैन । केवल विविध क्षेत्रका त्रुटिहरूलाई मात्र संकेत गर्ने प्रयास भएको छ तापनि भविष्यमा हुने भाषासम्बन्धी अध्ययनका लागि यो अध्ययन केही रुपमा भए पनि सहयोगी बन्नेछ भन्ने आशा मैले राखेको छु ।

प्रस्तुत शोधकार्यको तयारीका क्रममा आफ्नो अनेकौं समस्या तथा व्यस्तताका बीच पनि सुरुदेखि अन्त्यसम्म आफ्ना अमूल्य सल्लाह सुझाव दिई मार्गनिर्देश गरिदिनुहुने शोध निर्देशिक श्रद्धेय गुरु भानुभक्त गुरुङप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यसै गरी शोधपत्र लेखनमा अभिप्रेरणा प्रदान गर्नुहुने त्रि.वि. केन्द्रीय क्याम्पसका प्रा.डा.पारसमणि भण्डारी तथा बेलाबेलामा सल्लाह सुझाव दिई शोधपत्र लेखनमा बढी सहजीकरण गरिदिनुहुने आदरणीय गुरु अर्जुन पौडेलप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

सामग्री संकलन, विश्लेषण तथा शोधपत्र लेखनमा हरबखत चीरस्मरणीय सहयोग पुऱ्याउने मेरी धर्मपत्नी युगला काफ्लेलाई धेरै-धेरै धन्यवाद दिन चाहन्छु । तोकिएका विद्यालयहरूमा जाँदा विद्यार्थीहरू छनोट गरी विद्यार्थीहरूको परीक्षा लिने व्यवस्था मिलाई सामग्री संकलनमा सहयोग पुऱ्याउनुहुने दशवटै विद्यालयका प्र.अ. तथा शिक्षकशिक्षिकाप्रति हार्दिक आभार व्यक्त गर्दछु । समय-समयमा सरसल्लाह प्रदान गर्दै शोधपत्र लेखनमा थप उर्जा प्रदान गर्नुहुने मेरा सहपाठी मित्रहरू श्रीकृष्ण कोइराला, तारानाथ काफ्ले र अन्य सुभेच्छुक मित्रहरूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै कम्प्यूटर टङ्कन गर्ने श्री ज्योति श्रेष्ठ तथा रेजिना श्रेष्ठप्रति हार्दिक आभारी छु ।

शोधपत्र अध्ययन गर्नुहुने सबैबाट सकारात्मक सुझाव र सल्लाहको अपेक्षा गरेको छु ।

मार्गशीर्ष-२०६९

सिन्धुली

खेमहरि भण्डारी
नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र संकाय
सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली

# शोधसार

शोधशीर्षक : सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन

शोधार्थी : खेमहरि भण्डारी

शोधनिर्देशक : उप.प्रा. भानुभक्त गुरुङ

विभाग/क्याम्पस : त्रि.वि.वि. शिक्षाशास्त्र संकाय सिन्धुली वहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभाग

परीक्षा क्रमाङ्क : २३३०११३

त्रि.वि.द.नं : ९-२-१५-११५४-२००४

शैक्षिक वर्ष : २०६४- ०६६

पृष्ठ संख्या : १०+८१+९

अध्याय : ५

**शोधको प्रयोजन**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको विशिष्टीकरण ने.पा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत ।

**समस्याकथन**

प्रस्तुत शोधपत्रका निम्नलिखित समस्याहरू रहेका छन् :

क) कक्षा ७ मा अध्ययनरत, मगरभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमता कस्तो छ ?

ख) मगरभाषी विद्यार्थीहरूबाट तुलनात्मक रुपमा के-कस्ता त्रुटिहरू हुने गर्दछन् ?

ग) त्रुटि निराकरण गर्ने उपायहरू के-कस्ता हुन सक्दछन् ?

**अध्ययनका उद्देश्यहरू**

प्रस्तुत शोधपत्रका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) कक्षा ७ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमता पत्ता लगाउनु,

ख) मगरभाषी विद्यार्थीहरूले गर्ने त्रुटिहरूको तुलनात्मक विश्लेषण गर्नु,

ग) त्रुटि निराकरणात्मक शिक्षणका लागि सुझाव दिनु,

**अध्ययन विधि**

क) दशवटा विद्यालयका कक्षा सातका ८/८ जना विद्यार्थीहरूसँग वस्तुगत र विषयगत प्रश्न तयार गरी परीक्षा लिएर सामग्री संकलन गरिएको,

ख) सिन्धुली जिल्लाका श्री वेङ्कटेश्वर उ.मा.वि. वाहुनतिल्पुङ, श्री जनप्रेमी उ.मा.वि. स्याङ्ती, श्री भीमसेन नि.मा.वि. तिल्पुङडाँडा, श्री नि.मा.वि. कालीमाटी तीखेढुंगा, श्री प्रकाशोदय मा.वि. खुरहरी, श्री हिराथुम्की मा.वि. तोश्रामखोला, श्री उ.मा.वि. लुम्ती, श्री मा.वि. सुम्नामसुन्तले, चण्डीभञ्ज्याङ्ग, श्री सरस्वती मा.वि. हिलेपानी शाखाजोर र श्री उ.मा.वि. मझुवा दोभान गरी जम्मा दश विद्यालय छनोट गरिएको,

ग) तुलनात्मक विधिद्वारा व्याख्या विश्लेषण गरिएको,

घ) वाक्यगठनका कोटिहरू वचन, लिङ्ग, पुरुष, भाव, काल, पक्ष र कारकमा दशवटा विद्यालयका विद्यार्थीहरूले गरेका त्रुटिहरूलाई व्याकरणिक कोटिका आधारमा तुलनात्मक विश्लेषण गरिएको,

ङ) विद्यार्थीहरूले वाक्यगठनमा गरेका त्रुटिमुलक वाक्यहरू उल्लेख गरी त्रुटि पक्षको विश्लेषण गरिएको ,

च) व्याकरणका प्रत्येक कोटिमा गलत, ठीक र अप्रतिक्रिया ब्यक्ति गर्ने विद्यार्थी संख्या तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको ।

**निष्कर्ष**

क) दशवटै विद्यालयका कक्षा सातमा अध्ययनरत ८/८ जना मगरभाषी विद्यार्थीहरू परीक्षामा सहभागी भएका,

ख) विद्यार्थी मगर भए पनि सबै विद्यार्थी मगरभाषी नभएका,

ग) सबै विद्यार्थी मगरभाषी नभए पनि सबै विद्यार्थीमा मगर भाषाको प्रभाव परेको,

घ) बस्तुगत बहुवैकल्पिक प्रश्नमा सबभन्दा बढी पक्ष, कारक र वचनमा त्रुटि भएको,

ङ) विषयगत (उत्पादनात्मक, निर्देशात्मक) प्रश्नमा सबभन्दा बढी पुरुष पक्षमा ९०% र सबभन्दा कम कारक पक्षमा ४६.२५% विद्यार्थीरुले त्रुटि गरेका ।

च) स्वतन्त्रलेखनमा सबभन्दा बढी बचनमा ८३.७५% र सबभन्दा कम कालमा ३०% त्रुटि गरेका र लिङ्ग तथा पक्षको पहिचानयुक्त वाक्यको प्रयोग ९७.५% र ८१.५% विद्यार्थीहरूले नगरेका

छ) समग्रमा वचनमा ज्यादा त्रुटि गरेको,

ज) विद्यार्थीहरूमा कारकको धारणा राम्रो नभएको,

झ) सुम्नामसुन्तलेका सबभन्दा बढी ४७.०३% विद्यार्थीहरूले सही प्रतिक्रिया दिए भने मा.वि. खुरहरिका सबभन्दा कम १४.२९ प्रतिशत मात्र विद्यार्थीहरूले सही प्रतिक्रिया व्यक्त गरेका,

**शोधपत्रको रुपरेखा**

प्रस्तुत शोध अध्ययनलाई मुलतः निम्न अध्याय शीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : वाक्यगठनसम्बन्धी सैद्धान्तिक परिचय

अध्याय तीन : त्रुटिहरूको तुलनात्मक विश्लेषण प्रक्रिया

अध्याय चार : वाक्यगठनका विभिन्न पक्षगत त्रुटिहरूको विश्लेषण

अध्याय पाँच : निष्कर्ष तथा सुझाव

सन्दर्भसूची

# विषयसूची


| शीर्षक | पेज नं. |
|---|---|
| **अध्याय एक** | |
| परिचय | 1 |
| १.१ शोधशीर्षक | 1 |
| १.२ शोधको प्रयोजन | 1 |
| १.३ समस्याकथन | 1 |
| १.४ अध्ययनका उद्देश्यहरू | 4 |
| १.५ पूर्वकार्यको समीक्षा | 4 |
| १.६ शोधविधि | 10 |
| क) नमुना छनोट | 10 |
| ख) तथ्याङ्क सङ्कलन | 10 |
| ग) तथ्याङ्क विश्लेषण | 11 |
| १.७ अध्ययनको औचित्य तथा महत्व | 11 |
| १.८ अध्ययनको सीमा | 13 |
| १.९. शोधपत्रको रुपरेखा | 14 |
| **अध्याय दुई** | |
| २. त्रुटि तथा वाक्यगठनसम्बन्धी सैद्धान्तिक परिचय | 15 |
| २.१ परिचय | 15 |
| २.२ वाक्यगठनको परिभाषा | 16 |
| २.३ वाक्यगठनका पक्षहरू | 17 |
| २.३.१ वचन | 18 |
| २.३.२ लिङ्ग | 20 |

२.३.३ पुरुष 21

२.३.४ भाव 22

२.३.५ काल 23

२.३.६ पक्ष 24

२.३.६.१ पक्षको वर्गीकरण 25

२.३.७ कारक 26

२.३.७.१ कारकको वर्गीकरण 28

२.४ निष्कर्ष 30

**अध्याय तीन**

त्रुटिहरूको तुलनात्मक विश्लेषण प्रक्रिया 31

३.१ त्रुटिको परिचय 31

३.२ भाषासिकाइमा त्रुटिको महत्व 32

३.३ त्रुटिको वर्गीकरण/प्रकार 32

क) नियमित त्रुटि 32

ख) अनियमित त्रुटि 33

३.४ त्रुटिविश्लेषण 34

३.५ त्रुटिविश्लेषण र भाषाशिक्षण 35

३.६ त्रुटिमूलक अध्ययनको तुलनात्मक व्याख्या तथा विश्लेषण 35

३.६.१ वचन पक्षको तुलनात्मक त्रुटिविश्लेषण 36

३.६.२ लिङ्ग पक्षको तुलनात्मक त्रुटिविश्लेषण 39

३.६.३ पुरुष पक्षको तुलनात्मक त्रुटिविश्लेषण 42

३.६.४ भाव पक्षको तुलनात्मक त्रुटिविश्लेषण 45

३.६.५. कालसम्बन्धी तुलनात्मक त्रुटिविश्लेषण 47

३.६.६ पक्षसम्बन्धी तुलनात्मक त्रुटिविश्लेषण 50

३.६.७ कारकसम्बन्धी तुलनात्मक त्रुटिविश्लेषण 53
३.७ सम्पूर्ण वाक्यगठनसम्बन्धी त्रुटिपक्षको तुलनात्मक विवरण 58


**अध्याय चार**

४.१ वाक्यगठनका विभिन्न पक्षगत त्रुटिहरूको विश्लेषण 59
४.१.१ वचनगत त्रुटि 59
४.१.२ लिङ्गगत त्रुटि 60
४.१.३ पुरुषगत त्रुटि 61
४.१.४ भावगत त्रुटि 63
४.१.५ कालगत त्रुटि 64
४.१.६ पक्षगत त्रुटि 65
४.१.७ कारकगत त्रुटि 67
४.२ त्रुटि निराकरणत्मक शिक्षण 68
४.२.१ त्रुटि निराकरणात्मक शिक्षणका उपायहरू 69


**अध्याय पाँच**

निष्कर्ष र सुझाव 71
५.१ निष्कर्ष 71
५.२ शैक्षणिक प्रयोग 74
५.३ सुझाव 75
५.४ भावी अनुसन्धान 76
सन्दर्भ ग्रन्थसूची
अनुसूची
परिशिष्ट

# तालिकासूची


| | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका नं.१ | वचन पक्षको तुलनात्मक त्रुटिविश्लेषण | 36 |
| तालिका नं.२ | लिङ्ग पक्षको तुलनात्मक त्रुटिविश्लेषण | 39 |
| तालिका नं.३ | पुरुष पक्षको तुलनात्मक त्रुटिविश्लेषण | 42 |
| तालिका नं.४ | भाव पक्षको तुलनात्मक त्रुटिविश्लेषण | 45 |
| तालिका नं.५ | कालसम्बन्धी तुलनात्मक त्रुटिविश्लेषण | 48 |
| तालिका नं.६ | पक्षसम्बन्धी तुलनात्मक त्रुटिविश्लेषण | 50 |
| तालिका नं.७ | कारकसम्बन्धी तुलनात्मक त्रुटिविश्लेषण | 53 |
| तालिका नं.८ | समष्टिगत तुलनात्मक विवरण तालिका | 56 |
| तालिका नं.९ | समष्टिगत तालिका | 57 |

# अध्याय एक

## परिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कक्षा सातमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन** रहेको छ ।

### १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको विशिष्टीकरण ने.पा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ समस्याकथन

भाषिक दृष्टिकोणले धनी मुलुक मानिने नेपालमा सयौं भाषाहरू आ-आफ्नो अस्तित्वमा छन् । फरक-फरक भाषिक समुदायले आ-आफ्नो मातृभाषा बोलीचालीमा प्रयोग गरे तापनि नेपाली भाषा सबैले जान्नु अनिवार्य रहेको छ । नेपाली भाषा नेपालको संवैधानिक मान्यता प्राप्त राष्ट्रभाषा र सरकारी कामकाजको भाषा हो । शिक्षण माध्यम भाषा पनि नेपाली भाषा नै हो । यस दृष्टिले हेर्दा नेपाली भाषाको प्रयोगमा शुद्धता र स्तरीयता हुनु आवश्यक छ । भाषा सिकाइ कठिन कार्य हुनाले भाषा सिक्दा जो कोहीले पनि धेरथोर त्रुटि अवश्य गर्दछन् । भाषाविज्ञानको वर्तमान खोज अनुसार भाषा सिक्दा गरिने त्रुटिलाई स्वाभाविक प्रक्रियाको रुपमा स्वीकारिन्छ, तरपनि त्रुटिको प्रकृतिमा भिन्नता पाउन सकिन्छ । प्रायः पहिलो भाषाको तुलनामा दोस्रो भाषामा बढी त्रुटि हुने गरेको पाइन्छ ।

नेपालका विभिन्न भागमा मातृभाषाका रुपमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा हुन् । यस्तै नेपालको राष्ट्रिय भाषा मध्येको एउटा प्रमुख राष्ट्रिय भाषा

**मगर**भाषा पनि हो । त्रुटिविश्लेषण र भाषाशिक्षणबीच अन्योन्याश्रित सम्बन्ध छ । भाषा सिकाइका क्रममा विद्यार्थीहरूले गर्ने अनेक प्रकारका भूलहरूलाई नै त्रुटि भनेर नामाकरण गर्ने गरिएको छ । ती त्रुटिहरू वाक्यगठनगत, वर्णविन्यासगत, उच्चारणगत, लिपिजनित, रुपगत, पदावलीगत, वाक्यगत, अर्थगत, सङ्कथनगत, अपूर्ण सिकाइगत, अतिसमान्यकरणगत, सरलीकरणगत, स्रोतगत, स्वरुपगत, जटिलतागत, आदि विविध हुन सक्छन् । यस अन्तर्गत कक्षा ७ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिबारे प्रस्तुत शोधपत्रमा अध्ययन गरिएको छ ।

भाषाशिक्षण गर्ने क्रममा निम्न माध्यमिक तह माध्यमिक र उच्च मा.वि. तहको आधार मानिएकाले उच्चस्तरमा स्तरीय त्रुटि निरपेक्ष भाषिक सीप विकासको अपेक्षा राखिएको हुन्छ । नेपाली भाषाशिक्षण गर्नका लागि माध्यमिक तह र उच्च तहको आधारस्तम्भको रुपमा रहेको नि.मा.वि. तह कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको नेपाली भाषासम्बन्धी क्षमता र सम्बन्धित छात्रछात्राहरूले गर्ने त्रुटिहरूको प्रकृति विश्लेषण गरी अनुकूल शिक्षण प्रक्रिया अपनाउनु आवश्यक हुन्छ । अतः सोही प्रयोजनका लागि प्रस्तुत शोध अध्ययनको विषय छनोट गर्नु जरुरी ठानिएको हो ।

सिन्धुली जिल्ला पनि मगरभाषाको बाहुल्यता रहेको जिल्ला हो । भाषा विकासको प्रारम्भिक खुड्किलोको रुपमा रहेको मगरभाषा पनि एक महत्वपूर्ण भाषाको रुपमा परिचित छ । मगरभाषा नेपालको पूर्वदेखि पश्चिमसम्म प्रचलित छ । मध्यपहाडी भेगमा पनि यस भाषाको बहुप्रचलन पाइन्छ । यस भाषाले स्तरीय नेपाली भाषाको वाक्यगठनमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यस सिन्धुली जिल्लामा पनि मगरभाषाको प्रचलन प्राचीनकालदेखि नै रहेको देखिन्छ । वर्तमान समयमा आइपुग्दा आधुनिक शैक्षणिक प्रक्रिया तथा विविध प्रविधि मार्फत मगरभाषी विद्यार्थीहरू तथा समुदायको नेपाली वाक्यगठनमा क्रमिकरुपमा सुधार हुँदै आइरहेको देखिन्छ, तरपनि अपेक्षा गरे अनुरुप निराकरण हुन सकिरहेको छैन । यसरी त्रुटिहरूको स्पष्ट पहिचान गर्दै त्यसको निराकरणका लागि आवश्यक सल्लाह सुझाव दिनु प्रस्तुत शोधपत्रको मुख्य उद्देश्य रहेको छ ।

नेपालको धेरै जिल्लाहरूमा मगरभाषा प्रचलनमा रहेको पाइन्छ । वाग्लुङ, रुकुम, रोल्पा, प्युठान आदि जिल्लामा बोलिने मगरभाषालाई खाम भाषा र डोल्पातिर बोलिने मगरभाषालाई कास्के भाषा भनिन्छ । त्यसै गरी स्याङ्जा, पाल्पा, तनहुँ कास्की आदि जिल्लाहरूमा मगरभाषाको बाहुल्यता पाइन्छ भने सिन्धुली जिल्ला पनि यसै कोटिमा पर्दछ । मगरभाषी जातिहरू प्राय गरेर नेपाली भाषा बोल्नेहरूकै नजिक रहेको पाइन्छ । कतिपय मगरभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा पनि सहज रुपमा बोल्ने गरेको पाइन्छ । मगर जातिहरूमा राम्रोसँग अध्ययन पूरा नगरी बीचैमा छाडेर देश विदेश गई काम गरेर जीविकोपार्जन गर्ने प्रचलन भएपनि वर्तमान परिप्रेक्ष्यमा शिक्षा क्षेत्रमा पनि अगाडि बढ्ने रुचि बढ्दै गएको पाइन्छ । शिक्षा क्षेत्रमा अगाडि बढ्ने प्रेरणा र शिक्षाआर्जन गर्ने माध्यम राष्ट्रभाषा नेपाली नै भएको पाइन्छ । मातृभाषामा प्राथमिक तहसम्म शिक्षा दिने र मातृभाषा लागू गर्ने शैक्षिक नीति बने तापनि हाल मातृभाषाको स्पष्ट पाठ्यक्रम निर्माण गरी प्रभावकारी ढंगले लागू गर्न सकिएको देखिदैन । तसर्थ मगरभाषी विद्यार्थीहरूले वाक्यगठनमा के-कस्ता त्रुटि गर्ने गर्छन् भन्ने कुरा केलाउदै त्यसप्रति राय सुझाव दिने जमर्कोसमेत यस शोधपत्रमा गरिएको छ ।

नेपाली भाषा नेपालको राष्ट्रभाषा सम्पर्क भाषा राज्यभाषा, स्तरीय वा मानक भाषाका रुपमा प्रयोग भई आइरहे पनि पूर्णतः सम्पूर्ण नेपालीहरूको मातृभाषा बन्न सकेको छैन । यद्यपि विभिन्न जातिगत समुदायका मातृभाषा मध्ये नेपाली भाषाको व्यवहारिक, सामाजिक र अन्तर्राष्ट्रिय भूमिका भने उच्च रहेको कारणले नेपाली भाषालाई दोस्रो भाषाका रुपमा सिक्न आउने विद्यार्थीहरूको सङ्ख्यालाई दृष्टिगत गरी उच्च महत्वकांक्षाका रुपमा लिन सकिन्छ । जुनसुकै भाषा सिक्ने सिकाउने गरिए तापनि राष्ट्रभाषाको ज्ञान दिलाउन अत्यावश्यक हुन्छ । राष्ट्रभाषालाई स्तरीयता प्रदान गर्न, अभिव्यक्ति क्षमता बृद्धि गर्न, वाक्यगठनको शुद्धतामा जोड दिनु आवश्यक हुन जान्छ । भाषाशिक्षणका क्रममा त्रुटि के छन् ? त्रुटि कहाँ भइरहेको छ ? त्रुटिको प्रकृति कस्तो छ ? के कारणले त्रुटि हुन गएको हो ? आदि कुराको स्पष्ट जानकारी भएमा सोही मुताविक शिक्षण सिकाइ क्रियाकलापमा जोड दिँदै उपयुक्त पाठ्यसामग्री छनोट गरी उपयुक्त

शिक्षण विधि अपनाएर सामूहिक अभ्यासद्वारा त्रुटिको निवारण गर्न सम्भव हुन्छ, जसका लागि त्रुटिहरूको अध्ययनले सहयोग गर्दछ । यो शोधप्रस्ताव कक्षा ७ मा अध्ययनरत **मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटि** शीर्षकमा केन्द्रित रहने भएकाले प्रस्तुत शोधप्रस्तावको **समस्या** निम्नानुसार रहेको छः

क) कक्षा ७ मा अध्ययनरत, मगरभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमता कस्तो छ ?

ख) मगरभाषी विद्यार्थीहरूबाट तुलनात्मक रुपमा के-कस्ता त्रुटिहरू हुने गर्दछन् ?

ग) त्रुटि निराकरण गर्ने उपायहरू के-कस्ता हुन सक्दछन् ?

## १.४ अध्ययनका उद्देश्यहरू

प्रस्तुत शोधपत्रमा निम्नलिखित उद्देश्यहरू पूरा गर्ने लक्ष्य राखिएको छः

क) कक्षा ७ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमता पत्ता लगाउनु,

ख) मगरभाषी विद्यार्थीहरूले गर्ने त्रुटिहरूको तुलनात्मक विश्लेषण गर्नु,

ग) त्रुटि निराकरणात्मक शिक्षणका लागि सुझाव दिनु,

## १.५ पूर्वकार्यको समीक्षा

कुनै पनि विषयमा अनुसन्धान गर्नु भनेको आफैंमा जटिल कार्य हो । शोधकार्य गर्नुभन्दा अगाडि सम्बद्ध समस्यासँग सम्बन्धित र विगतमा भएका अध्ययन अनुसन्धान कार्यको समीक्षा गर्नुपर्ने हुन्छ सोही कार्यलाई नै पूर्वकार्यको समीक्षा भनिन्छ । पूर्व अध्ययनको बारेमा विद्धान्हरूको मतमतान्तर रहेको पाइन्छ । केही भाषाविद् तथा समालोचकहरूले सैद्धान्तिक परम्परा भन्ने पुस्तकमा पाश्यचत्य समालोचक टी. एस. इलिएटको भनाइलाई प्रस्तुत गरेका छन् । “परम्परा र व्यक्ति प्रतिभामा साहित्यको इतिहास नै साहित्यिक परम्परा हो ।” नवीन प्रतिभाहरूले त्यही परम्परालाई अनुसरण गरेको पाइन्छ ।

हेमाङ्गराज अधिकारी (२०४०) द्वारा **पहिलो र दोस्रो भाषा नेपाली सिक्ने विद्यार्थीहरूका वाक्यगठनमा पाइने त्रुटिहरू** शीर्षकमा अध्ययन गरिएको पाइन्छ । यस

अध्ययनमा प्रवीणता प्रमाणपत्र तहमा अध्ययन गर्ने दुईवटा क्याम्पसका विद्यार्थीका बीचमा तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा नेपाली भाषा मातृभाषाका रुपमा बोल्ने विद्यार्थीहरू र नेवारी मातृभाषा हुने विद्यार्थीहरूले प्रयोग गरेका वाक्यगठनमा देखिएका त्रुटिहरूको तुलनात्मक अध्ययन गरी विभिन्न वाक्यगठनमा विद्यार्थीहरूले गरेका गल्तीहरूलाई प्रतिशतमा देखाइएको पाइन्छ । व्याकरणिक त्रुटिक्षेत्रमा नेपाली मातृभाषा बोल्नेहरूका तुलनामा नेवारी बोल्नेले लिङ्ग, वचन, पुरुष आदर, वाच्य आदिमा प्रशस्त त्रुटि गरेको देखाइएको छ ।

रामचन्द्र लम्साल (२०४०/४१) द्वारा त्रुटिसम्बन्धी अर्को अध्ययन गरिएको छ । उनले निम्न माध्यमिक तह पूरा गरेका आवासीय र साधारण विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको नेपाली वाक्यगठनगत त्रुटिपक्षको तुलनात्मक अध्ययन गरेको पाइन्छ । यसको उद्देश्यमा नि.मा.वि. तह उत्तीर्ण साधारण र आवासीय विद्यालयका विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिको पहिचान गर्नुका साथै त्रुटिहरूको तुलनात्मक विश्लेषण गर्नु रहेको छ । आवासीय विद्यालयका विद्यार्थीको तुलनामा साधारण विद्यालयका विद्यार्थीले बढी त्रुटि गर्ने गरेकाले उनीहरूको स्तरमा कमजोरी देखाइएको छ ।

उमा अधिकारी (२०४४) द्वारा **प्रमाणपत्र तहमा अध्ययन गर्ने विद्यार्थीहरूको लेखन अभिव्यक्तिसम्बन्धी त्रुटिविश्लेषण** शीर्षकमा अध्ययन गरिएको छ । उक्त शोधपत्रको प्रमुख उद्देश्य प्रमाणपत्र तहमा अध्ययन गर्ने विद्यार्थीहरूले लेखन अभिव्यक्तिसम्बन्धी वाक्यगठन र वर्णविन्यास दुवै पक्षमा गर्ने त्रुटिहरूको पहिचान गर्नु, तिनको वर्गीकरण गर्नु र तिनीहरूका समस्या पहिचान गरी सुझाव प्रस्तुत गर्नु रहेको छ । सो अध्ययनमा लेखन अभिव्यक्तिमा देखिएका वाक्यगठनगत त्रुटि तथा वर्णविन्यासगत त्रुटिलाई देखाइएको छ । वाक्यगठन  अन्तर्गत वचन, काल, पक्ष र वाच्यसम्बन्धी त्रुटिलाई औंल्याइएको छ ।

उक्त शोधपत्रको निष्कर्षको रुपमा वर्णविन्यास र वाक्यगठनगत त्रुटिहरूलाई औंल्याइएको छ साथै त्रुटिका प्रकृतिहरूलाई पनि संकेत गरिएको पाइन्छ तर कुन भाषाभाषी विद्यार्थीहरूले के-कति कुन पक्षमा र कस्तो प्रकारले त्रुटि गरे भन्ने कुराको उल्लेख पाइदैन ।

सुशीलादेवी मिश्र (२०५५) द्वारा "**कक्षा ५ उत्तीर्ण थारु मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन**" शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । उक्त अध्ययनमा शोधार्थीले  दाङ उपत्यका भित्रका दुईवटा नगर र दुईवटा ग्रामीण क्षेत्रका विद्यालयका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूलाई प्रतिनिधिका रुपमा लिई उनीहरूले गर्ने त्रुटिको वाक्यगठन, लिङ्ग, वचन, पुरुष र आदरको आधारमा व्यतिरेकी अध्ययन गरिएको छ । नगर र ग्रामीण क्षेत्रका विद्यार्थीहरूले गरेका त्रुटिहरूलाई तुलनात्मक रुपमा हेर्दा ग्रामीण क्षेत्रका विद्यार्थीहरूले बढी त्रुटि गरेको  देखाइएको छ । उक्त अध्ययन भाषाको उच्चारण तहमा हुने समस्यामा केन्द्रित नगरी व्याकरणात्मक क्षेत्रमा मात्र सीमित रहेकाले शब्दोच्चारणमा मौन देखिन्छ ।

गंगाबहादुर के.सी (खड्का) द्वारा **सुर्खेत जिल्लाका कक्षा ५ उत्तीर्ण विद्यार्थीहरूमा पाइने त्रुटिहरूको अध्ययन (२०५५)** शीर्षकमा एक शोधपत्र प्रस्तुत गरिएको छ । जसको प्रमुख उद्देश्य मगरभाषी विद्यार्थीहरूले कविताको सस्वरपठन, शब्दोच्चारण, वाक्यगठन र वर्णविन्यासमा गर्ने त्रुटिहरू पत्ता लगाउनु उनीहरूको तुलनात्मक अध्ययन विश्लेषण गर्नु, र प्राप्त निष्कर्षका आधारमा सुझावहरू प्रस्तुत गर्नु रहेको छ । उक्त अनुसन्धानका लागि सदरमुकाम, सदरमुकाम निकट र ग्रामीण क्षेत्रका ३ विद्यालयबाट २०/२० जनाका दरले विद्यार्थीहरू लिइएको पाइन्छ । प्रत्येक विद्यालयका १०/१० जना नेपाली मातृभाषी परेका छन् भने १०/१० जना मगर विद्यार्थीहरू रहेको पाइन्छ । उनले वाक्यगठनअन्तर्गत लिङ्ग, वचन, पक्ष, आदरसम्बन्धी पक्षलाई हेरेका छन् । लिङ्ग, पुरुष र आदरअन्तर्गत कर्ता र क्रियाका बीचको त्रुटि पक्षलाई औंल्याइएको छ, भने वचनअन्तर्गत कर्ता र क्रियाका साथै विशेषण र विशेष्य तथा भेदकसम्बन्धी त्रुटिलाई समेत औंल्याइएको  पाइन्छ । ती ४ पक्षमा रहेका त्रुटिको अध्ययन गर्दा अधिकांशतः कर्ता र क्रियापदको सङ्गति नमिलेर त्रुटि भएको पाइएको छ । उच्चआदर हुनुपर्नेमा निम्न आदर, प्रथम पुरुषको क्रियापद हुनुपर्नेमा तृतीय पुरुषको क्रियापद प्रयोग गरी त्रुटि गरेको पाइन्छ ।

भोलाप्रसाद ढकालद्वारा **कक्षा ९ मा अध्ययनरत विद्यार्थीमा पाइने नेपाली वाक्यगठनसम्बन्धी त्रुटिहरूको अध्ययन (२०५५)** शोधपत्र प्रस्तुत छ । जसको मुख्य उद्देश्य

भाषा सिकाइमा हुने त्रुटिको सैद्धान्तिक चर्चा गर्नुका साथै साधारण र आवसीय विद्यालयमा अध्ययनरत विद्यार्थीहरूबाट वाक्यगठनमा गर्ने त्रुटिहरूको तुलनात्मक विश्लेषण र त्रुटि निराकरणका लागि सुझाव दिनु रहेको छ ।

प्रस्तुत अध्ययन लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य र कारकसम्बन्धी तत्वहरूमा आधारित भई गरिएको छ । यस अध्ययनमा साधारण र आवसीय गरी दुईथरी माध्यमिक विद्यालयका छात्रछात्राहरूसँग लिइएको परीक्षणअनुसार वाक्यगठनका प्रायोगिक पक्षमा आधारित भई तथ्याङ्कका आधारमा त्रुटिविश्लेषण गरिएको छ । यस शोधपत्रमा सैद्धान्तिक पक्षलाई मात्र जोड दिइएको छ, भने प्रायोगिक पक्ष गौंण देखिन्छ । भाषाको प्रायोगिक पक्ष जबसम्म सवल हुँदैन तबसम्म भाषा सुषुप्त र जीर्ण हुनसक्छ । त्यसैले भाषाको प्रायोगिक पक्षतर्फ अध्ययनले जोड दिनुपर्दछ ।

शेरबहादुर वानिया (२०६०) ले **कक्षा ५ मा अध्ययनरत लिम्बू मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको विश्लेषण** शीर्षकमा शोधपत्र प्रस्तुत गरेका छन् । उक्त शोधपत्रको मुख्य उद्देश्य कक्षा ५ मा अध्ययनरत लिम्बूभाषी विद्यार्थीहरूले उच्चारण गर्ने त्रुटि पत्ता लगाउनु र निष्कर्ष निकाली निराकरणका लागि सुझावहरू प्रस्तुत गर्नु रहेको छ ।

प्रस्तुत अध्ययन पाँचथर जिल्लाका १० वटा विद्यालयबाट ८/८ जना गरी ८० जना लिम्बुभाषी विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रुपमा लिइएको छ । शब्द तथा वर्गहरूको पालैपालो उच्चरण गर्न लगाई टेपरेकर्डद्वारा सामग्री सङ्कलन गरिएको छ । रेकर्ड गरिएका उच्चरित सामग्रीलाई विश्लेषण गरी त्रुटिहरूको बारम्बारता गणना गरी प्रतिशतमा देखाइएको छ ।

देवलाल काफ्ले (२०६०) ले **पर्वत जिल्लाका दक्षिणी भेगका मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन** शीर्षकमा शोधपत्र पूरा गर्नुभएको छ । सो शोधपत्रमा भाषा सिकाइमा हुने त्रुटि तथा वाक्यगठनसम्बन्धी सैद्धान्तिक चर्चा गर्नु, कक्षा आठमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, मगरभाषी विद्यार्थीहरूबाट गरिने त्रुटिहरूको

तुलनात्मक विश्लेषण गर्नु, त्रुटि निराकरणात्मक शिक्षणका लागि सुझाव दिनुजस्ता उद्देश्यहरू रहेका छन् । सो अनुसन्धानले मगर भाषाका आफ्नै भाषिक व्यवस्था र उपब्यवस्थालाई नेपाली भाषामा प्रयोग गर्दा त्रुटि हुने बढी सम्भावना रहने कुरा स्पष्ट पार्दै समायमा नै त्रुटिको अध्ययन विश्लेषण गरी भाषामा शुद्धता, सरलता, स्पष्टता ल्याउनको लागि मगरभाषी विद्यार्थीहरूले गर्ने त्रुटिको अध्ययन गर्नु अनिवार्य हुने कुरा स्पष्ट पारेको छ ।

विमला भण्डारी (२०६१) **कास्की जिल्लाका कक्षा ५ मा अध्ययनरत गुरुङ मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन** शीर्षकमा शोधपत्र प्रस्तुत गरेकी छिन् । उक्त शोधपत्रमा कास्की जिल्लाका ६ ओटा विद्यालयका विद्यार्थीहरूलाई नमूनाका रुपमा छनोट गरी शब्दोच्चरण गर्न लगाई त्रुटि क्षेत्र पत्ता लगाउनका साथै त्रुटि निराकरणका लागि सुझावहरू प्रस्तुत गरिएको छ ।

अशेश्वर यादव (२०६३) ले **कक्षा ५ मा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ । सो शोधपत्रमा प्रस्तुत उद्देश्यहरू कक्षा ५ का मैथलीभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिक्षेत्र पत्ता लगाउनु, ग्रामीण र सहरिया विद्यालयका विद्यार्थीले गर्ने त्रुटिहरूको तुलनात्मक विश्लेषण गर्नु, त्रुटि निराकणात्मक शिक्षणका लागि सुझाव दिनु रहेको छ । शोधकर्ताले प्रस्तुत शोधपत्रमा सिराहा जिल्लामा अध्ययनरत ६ ओटा विद्यालयका निजी तथा सरकारी विद्यायलमा अध्ययनरत ६० जना छात्रछात्राहरूलाई सूचक मानी तिनीहरूले दिएको प्रश्नहरूको उत्तरका आधारमा त्रुटिहरूको अध्ययन गरेको पाइन्छ । उक्त शोधपत्रमा जान्ने विद्यार्थीहरूलाई मात्र प्राथमिकता दिएको पाइन्छ नजान्ने विद्यार्थीहरू झन् पछि परेको देखिन्छ ।

सिन्धुली बहुमुखी क्याम्पसबाट सुनिता थिङले **सिन्धुली जिल्लाका कक्षा आठमा अध्ययरत तामाङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन** (२०६७) शीर्षकमा एक शोधपत्र प्रस्तुत गर्नुभएको छ । प्रस्तुत शोधपत्रको उद्देश्यहरूमा सिन्धुली जिल्लका कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटि पत्ता लगाउनु, उनीहरूले सबभन्दा बढी गर्ने त्रुटिक्षेत्र पत्ता लगाउनु, तथा त्रुटि निराकरणात्मक शिक्षणको लागि सुझाव दिनु रहेको छ । यस

शोधपत्रमा शोद्यार्थी थिङद्वारा ४ ओटा विद्यालयका विद्यार्थीहरूलाई आधार मानेर वाक्यगठनगत त्रुटि केलाइएकाले समग्रमा तामाङभाषी विद्यार्थीले गर्ने यथार्थ त्रुटि त्यति नै हुन सक्छन् भनेर विश्वास गर्न नसकिने देखिन्छ । त्यसै गरी तुलनात्क अध्ययन र समष्टिगत अध्ययनका दृष्टिले त्यति प्रभावकारी विश्लेषण नभएको देखिन्छ ।

सिन्धुली बहुमुखी क्याम्पसबाट उषाकुमारी काफ्लेले **सिन्धुली जिल्लाका कक्षा ९ मा अध्ययनरत दनुवारभाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन** (२०६८) शीर्षकमा शोधपत्र प्रस्तुत गरेकी छिन् । सो शोधपत्रमा कक्षा ९ मा अध्ययनरत दनुवारभाषी विद्यार्थीहरूको वाक्यगठनगत क्षमताको अध्ययन गर्नु, वाक्यगठनमा गर्ने त्रुटिहरूको पहिचान गर्नु तथा अध्ययन विश्लेषण गर्नु र त्रुटि निराकरणका लागि सुझाव दिनु जस्ता उद्देश्यहरू रहेका छन् । सो अध्ययनमा व्याकरणिक कोटि वचन, लिङ्ग, पुरुष, काल, पक्ष, भाव, वाच्य र कारक पक्षसँग सम्बन्धित त्रुटिलाई विद्यालयगत आधारमा तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ । विद्यार्थीहरूले सबभन्दा बढी त्रुटि गर्नाको कारण मातृभाषाको प्रभाव, सामाजिक र पारिवारिक वातावरण समुदायको प्रभाव र भौतिक तथा व्यवस्थापकीय कमजोरी औंल्याइएको छ । समस्या समाधान तथा शुद्ध भाषिक प्रयोगका निमित्त प्रस्तुत गरिएको छ । चारवटा विद्यालयका २०/२० जना विद्यार्थीका दरले जम्मा ८० जना विद्यार्थीहरूले गरेको वाक्यगठनगत त्रुटिहरूलाई ब्याख्या विश्लेषणको आधार बनाइएको छ । उक्त शोधपत्रमा सैद्धान्तिक चर्चामा बढी अध्याय खर्चेर ब्याख्याविश्लेषणलाई कमजोर बनाइएको छ ।

यसरी हालसम्मको अध्ययन अनुसन्धान कार्यमा नेपाली भाषा मातृभाषा नभएका विद्यार्थीहरूले नेपाली भाषामा गर्ने त्रुटिहरूको अध्ययन विश्लेषण कार्य फाटफुट रुपमा हुदै आइरहे तापनि सिन्धुली जिल्लाका मगरभाषी विद्यार्थीहरूको वाक्यगठनगत त्रुटिहरूको अध्ययन अनुसन्धान भएको पाइदैन । यहाँका मगरभाषीहरूले वोल्ने भाषा नेपालको पूर्वीय र पश्चिमेली मगरभन्दा विल्कुलै फरक भएको हुँदा मैले **सिन्धुली जिल्लाका कक्षा ७ का मगरभाषी विद्यार्थीहरूले नेपाली भाषामा गर्ने वाक्यगठनगत त्रुटिहरूको अध्ययन** शीर्षकमा प्रस्तुत शोधकार्य गर्न लागेको छु । मेरो शोधपत्र हालसम्म भएका अनुसन्धान मध्ये विल्कुलै भिन्न किसिमको रहेको छ ।

## १.६ शोधविधि

शोधपत्र लेखनका सम्बन्धमा निम्नानुसारको अध्ययन विधि (प्रक्रिया) अपनाई शोधकार्य गरिएको थियो ।

## क) नमुना छनोट

यसै सिन्धुली जिल्लाको पूर्वी भेगतिर पर्ने विभिन्न माध्यमिक तथा निम्न माध्यमिक विद्यालयमा अध्ययनरत जम्मा १० ओटा विद्यालयका कक्षा ७ का बालबालिकालाई लिइएको छ । प्रत्येक विद्यालयबाट कक्षा ७ मा अध्ययन गर्ने बालबालिकामध्ये मगरभाषी विद्यार्थीहरू ८/८ जनाको दरले जम्मा ८० जना बालबालिकाहरूको यथोचित मूल्याङ्कनबाट शोधकार्य गरिएको छ । छनोटमा पर्ने विद्यालयहरूमा श्री वेङ्कटेश्वर उ.मा.वि. बाहुनतित्पुङ, उ.मा.वि. स्याङ्ती, नि.मा.वि. तिल्पुङडाँडा, नि.मा.वि. कालीमाटी, मा.वि. खुरहरी, मा.वि. तोश्रामखोला, उ.मा.वि. लुम्ती, मा.वि. सुम्नामसुन्तले, मा.वि. हिलेपानी शाखाजोर, उ.मा.वि. मझुवा दोभानलाई लिइएको छ । वस्तुगत, विषयगत र स्वतन्त्रलेखन गरी जम्मा तीन प्रकारका प्रश्नहरू तयार पारी त्यसैलाई आधार मानेर मूल्याङ्कन प्रक्रिया अगाडि बढाइएको छ ।

## ख) तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनमा त्रुटिपक्षको विशेष अध्ययन गर्ने उद्देश्य भएकाले प्रश्नपत्र निर्माणलाई बढी ध्यान दिइएको छ ।  वस्तुगत, विषयगत, स्वतन्त्रलेखनसम्बन्धी प्रश्नावली तयार गरेर उनीहरूले दिएका वस्तुगत विषयगत र स्वतन्त्रलेखनका उत्तरहरूलाई व्याख्या विश्लेषणको विषयवस्तु बनाइएको छ । विद्यार्थीहरूले उत्तर दिँदा  गरेका त्रुटिहरूको त्रुटिविश्लेषण प्रक्रियाको आधारमा वर्गीकरण गरी त्रुटिहरू केलाइएको छ । विद्यार्थीहरूले प्रश्नको उत्तर दिनुपूर्व उत्तरपुस्तिकाको शिरमा विद्यार्थीको नाम, थर, ठेगाना तथा विद्यालयको नाम लेख्न लगाइएको छ ।

## ग) तथ्याङ्क विश्लेषण

तोकिएका विद्यालयहरूमा गई विद्यार्थीहरूको लिखित परीक्षा लिई विद्यार्थीहरूले के-कति र कस्तो प्रकारको त्रुटि गरे त्रुटिविश्लेषण तालिका निर्माण गरी त्यसैको आधारमा सामान्य र तुलनात्मक व्याख्या विश्लेषण गरिएको छ । लिखित प्रश्नहरूका लागि प्रश्न अनुसारको समय निर्धारण गरिएको छ । वस्तुगतको उत्तरकुञ्जिकासमेत तयार पारिएको छ । तर स्वतन्त्रलेखनको हकमा उत्तर कुञ्जिका तयार पारिएको छैन । सहयोग तथा सल्लाह सुझावका लागि जुन-जुन विद्यालय गई सामग्री सङ्कलन गरियो सो विद्यालयका शिक्षक तथा शैक्षिक सामग्रीहरूलाई पनि सहयोगीको रुपमा लिइएको छ । शुद्धता तथा व्याख्या विश्लेषणमा शब्दकोश, विभिन्न लेखरचना, गुरुवर्ग एवम् निर्देशक गुरुज्यूको सल्लाह, राय, सुझाव तथा स्वाध्ययनका सामग्रीहरूलाई पनि आवश्यकतानुसार उपयोग गरिएको छ । विद्यार्थीहरूको मूल्याङ्कन गर्दा उनीहरूले गरेको प्राप्ताङ्कको क्षमता तथा कमजोरी पत्ता लगाइएको छ र आवश्यक सल्लाह सुझावका लागि सो मूल्याङ्कनलाई आधार बनाइएको छ ।

## १.७ अध्ययनको औचित्य तथा महत्व

नेपाली भाषा राष्ट्रभाषा तथा सरकारी कामकाजको भाषा हो । स्तरीय नेपाली भाषा सिक्नु सबैको लागि जरुरी देखिन्छ । साथै नेपाली भाषा दोस्रो भाषा भएकालाई स्तरीय भाषा सिक्नु एक कठिनपूर्ण कार्य मानिन्छ । नेपाली भाषा नै मातृभाषा भएकालाई पनि नेपाली भाषामा स्तरीयता प्राप्त गर्न ज्यादै कठिन छ भने नेपाली भाषा दोस्रो भाषा भएकाको लागि त झन ज्यादै कठिन छ । हाम्रो देशमा सयौं भाषाहरू राष्ट्रिय भाषाको रुपमा बोलिने गरिएको छ । नेपाल राज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने अधिकार हुनेछ । प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउनेछन् भन्ने कुरा कानुनतः रहे पनि मातृभाषामा शिक्षा दिने प्रचलन त्यति प्रभावकारी हुन सकेको छैन । जे जस्तो भए तापनि जुनसुकै मातृभाषी विद्यार्थी भए

पनि नेपाली भाषाको बोलाइ तथा लेखाइ दुबैमा शुद्धता हुनु जरुरी हुन्छ । तर, नेपाली भाषाको शुद्ध प्रयोग मगरभाषी विद्यार्थीहरूले गर्न नसकिरहेको अवस्था छ ।

भाषा प्रयोगलाई शुद्धतातर्फ डोऱ्याउनु आजको आवश्यकता हो । यस काममा भाषाको शुद्धता तथा त्रुटिविहीन भाषिक प्रयोगका लागि भाषाशिक्षणका समयमा विशेष ध्यान पुऱ्याउनु आवश्यक छ । यस क्रममा शिक्षार्थीले गर्ने त्रुटि पहिचान गरी त्रुटि निराकरण गर्न विविध उपाय अबलम्बन गर्नुपर्दछ । कसरी भाषाशिक्षण गर्दा त्रुटिहरूमा कमी ल्याउन सकिन्छ र भाषिक शुद्धता आउन सक्दछ ? भन्ने जानकारीका लागि सर्वप्रथमतः विद्यार्थीहरूले गर्ने त्रुटिहरूको विस्तृत अध्ययन हुनु आवश्यक छ ।

अन्य भाषाको तुलनामा नेपाली भाषा समृद्ध भए पनि सम्पूर्ण नेपालीहरूको मातृभाषाको रुपमा स्थापित हुन भने सकेको पाइदैन तापनि विविध जातिगत समुदायका मातृभाषाहरूमध्ये नेपाली भाषाको व्यवहारिक, सामाजिक, साँस्कृतिक राष्ट्रिय तथा अन्तराष्ट्रिय भूमिकासमेत उच्च एवम् प्रभावशाली रहेको कारण नेपाली भाषालाई स्तरीयता प्रदान गर्न, अभिव्यक्ति क्षमता बृद्धि गर्न, वाक्यगठन शुद्धतामा जोडदिनु आवश्यक छ; जसका लागि विद्यार्थीहरूमा त्रुटिविहीन अभिक्षमता बृद्धि गर्नु सान्दर्भिक हुन आउँछ ।

भाषाशिक्षणका क्रममा त्रुटि के हो? त्रुटि कहाँ कहाँ भइरहेछ ? त्रुटिको प्रकृति के-कस्तो छ ? के कारणले गर्दा त्रुटि हुन गएको हो? आदि पक्षहरूको जानकारी भएमा सोहीअनुसार शिक्षण सिकाइ क्रियाकलापमा संलग्न गराएर उपयुक्त शिक्षण विधि र सामग्री संकलन निर्माण एवम् प्रयोगमा जोड दिँदै व्यक्तिगत र सामुहिक अभ्यासमा जोड दिई त्रुटि निराकरण गर्न सकिन्छ । त्रुटिविश्लेषण भाषाको सिकाइ प्रक्रियाको अध्ययन गर्ने एउटा महत्वपुर्ण युक्ति हो । यसले त्रुटिपरक दृष्टिले प्रत्येक भाषाको सिकाइ प्रक्रियाको अध्ययन गर्ने हुनाले यसबाट एकातिर सम्बन्धित भाषाका विद्यार्थीहरूले गर्ने त्रुटिको जानकारी प्राप्त हुन्छ भने अर्कातिर भाषाको सिकाइ क्रम तथा प्रवृतिसमेतको सूचना प्राप्त हुने हुनाले यसको अध्ययन प्रायोगिकका साथै सैद्धान्तिक पक्षले पनि महत्वपूर्ण मानिन्छ । त्रुटि अध्ययनको महत्व भाषा सिकाइका अनेकन पक्षसँग रहेको हुन्छ । त्रुटिविश्लेषणले

भाषाशिक्षणका क्रममा भाषा सिकाइ प्रक्रिया, उद्देश्य निर्माण, पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण, शिक्षण विधि छनोट, मुल्याङ्कन प्रक्रिया आदिमा समेत महत्वपूर्ण भूमिका खेलेको पाइनुले यसको अध्ययन विश्लेषण महत्वपूर्ण मानिन्छ ।

त्रुटि भाषामा मात्र होइन भाषिकामा पनि लागू हुन्छ । भाषिकामा रहेका व्यवस्था उप-व्यवस्थाका कारण तथा स्वयं भाषाको मानक स्वरुप र स्थानीयताका कारण पनि भाषामा त्रुटिहरू पाइन्छन् । यसको अध्ययनका क्रममा नेपाली भाषाका त्रुटिहरूलाई भाषिक एकाइगत त्रुटिहरूका आधारमा अध्ययन विश्लेषण गर्नू वाक्यगठनगत त्रुटिहरूको स्पष्ट पहिचान गर्न सकिन्छ । नेपाली भाषा सिकाइका क्रममा, मगरभाषी विद्यार्थीहरूले गर्ने नेपाली वाक्यगठनगत त्रुटिको अध्ययनले भाषा सिकाइलाई स्पष्ट दिशा निर्देश गर्दछ । वाक्यगठनमा हुने त्रुटिको निवारणर्थ सोही क्षेत्रमा गर्ने त्रुटिको अध्ययन गर्नु आवश्यकीय ठानिएको हो ।

अन्य भाषाभाषी सरह मगरभाषी विद्यार्थीहरूलाई पनि नेपाली भाषाशिक्षण गर्न कठिन परेको देखिन्छ । जसले गर्दा नेपाली भाषाका विविध पक्षमा त्रुटिहरू हुने सम्भावना रहन्छ । मगरभाषाका आफ्नै भाषिक व्यवस्था र उप-व्यवस्थालाई नेपाली भाषामा प्रयोग गर्दा त्रुटि हुने बढी सम्भावना रहन्छ । त्यसकारण समयमा नै त्रुटिको अध्ययन विश्लेषण गरी भाषामा शुद्धता, सरलता, स्पष्टता, ल्याउनको लागि मगरभाषी विद्याार्थीहरूले गर्ने त्रुटिको अध्ययन गर्नु जरुरी छ ।

## १.८ अध्ययनको सीमा

प्रस्तुत शोधको सीमा निम्नानुसार रहेको छ :

क) मगरभाषी विद्यार्थीहरू भन्नाले सिन्धुलीका कक्षा ७ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूलाई लिइएको छ ।

ख) त्रुटिहरू भन्नाले विद्यार्थीहरू स्वयंसँग लिएको परीक्षामा देखिएका नेपाली वाक्यगठनसम्बन्धी त्रुटिहरूको अध्ययनलाई लिइएको छ ।

ग) वचन, लिङ्ग, पुरुष, भाव, काल, पक्ष, र कारक आदि तत्वमा आधारित रही अध्ययन गरिएको छ ।

घ) अध्ययन गर्न १० वटा  विद्यालयबाट ८/८ जना गरी जम्मा ८० जना मगरभाषी विद्यार्थीहरूलाई लिइएको छ ।

ङ) यो अध्ययन कार्य सिन्धुली जिल्लाका पूर्वी भेगका विद्यालयहरूका मगरभाषी विद्यार्थीहरूले गरेको त्रुटिमा सीमित रहेको छ । ती विद्यालयहरूमा **श्री वेङ्कटेश्वर उ.मा.वि. वाहुनतिल्पुङ, श्री जनप्रेमी उ.मा.वि. स्याङ्ती, श्री भीमसेन नि.मा.वि. तिल्पुङडाँडा, श्री नि.मा.वि. कालीमाटी तीखेढुंगा, श्री प्रकाशोदय  मा.वि. खुरहरी, श्री हिराथुम्की मा.वि. तोश्रामखोला, श्री उ.मा.वि. लुम्ती, श्री मा.वि. सुम्नामसुन्तले, चण्डीभञ्ज्याङ्ग, श्री सरस्वती मा.वि. हिलेपानी शाखाजोर र  श्री उ.मा.वि. मझुवा दोभान** रहेका छन् ।

## १.८. शोधपत्रको रुपरेखा

प्रस्तुत शोध अध्ययनलाई मुलतः निम्न अध्याय शीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ :

अध्याय एक   : शोध परिचय

अध्याय दुई   : वाक्यगठनसम्बन्धी सैद्धान्तिक परिचय

अध्याय तीन  : त्रुटिहरूको तुलनात्मक विश्लेषण प्रक्रिया

अध्याय चार  : वाक्यगठनका विभिन्न पक्षगत त्रुटिहरूको विश्लेषण

अध्याय पाँच  : निष्कर्ष तथा सुझाव

सन्दर्भसूची

# अध्याय दुई

## २. त्रुटि तथा वाक्यगठनसम्बन्धी सैद्धान्तिक परिचय

### २.१ परिचय

हरेक सिकारुले भाषा सिकाइमा त्रुटि गरेकै हुन्छ । जानेर, नजानेर तथा हेलचेक्रयाइँले त्रुटि हुने गर्दछ । त्रुटिहरू हुने कारण के हो ? सो कुरोको अध्ययन हुनु नितान्त जरुरी हुन्छ । त्रुटिहरूको अध्ययनका लागि त्रुटिविश्लेषण गरिनुपर्दछ । भाषा सिकाइ र प्रयोगमा हुने त्रुटिहरूको अध्ययन तथा विश्लेषणमा आधारित भाषाविज्ञान प्रायोगिक भाषाविज्ञान हो । भाषा सिकाइका क्रममा विद्यार्थीहरूले के-कस्ता प्रकृतिका त्रुटिहरू के कारणबाट गर्दछन् भनी गरिने अध्ययन विश्लेषणले त्रुटिनिराकरण गर्न सहयोग गर्दछ । त्रुटिविश्लेषण भाषा सिकाइका क्रममा शिक्षार्थीले गर्ने त्रुटिको वर्गीकरणसँग सम्बन्धित अध्ययन विश्लेषण हो ।

कुनै व्यक्तिमा भाषाको जानकारी के-कस्तो छ सो कुरा पत्ता लगाउनु मानिसले विदेशी वा अन्य भाषा कसरी सिक्दछ सो कुरा पत्ता लगाउनु, भाषा सिईका क्रममा देखिने साझा समस्या के-कस्ता छन् सोबारे जानकारी प्राप्त गर्नुजस्ता पक्षहरू त्रुटिविशिलेषणका सम्बन्धित पक्षहरू हुन् । भाषाशिक्षणको क्षेत्रमा त्रुटिविश्लेषण सन् १९७० को दशकपछि खास विषयको रुपमा देखा परेको हो । त्रुटिविश्लेषण मूलतः दोस्रो वा अन्य भाषाशिक्षणका सन्दर्भमा विकसित दुष्टिकोण हो तापनि त्यसकै समस्थिति र अंशतः केही भिन्न स्थितिमा पनि यसको उपयोग गर्न सकिन्छ । विभिन्न भाषाभाषिका पृष्ठभूमि भएका नेपाली शिक्षार्थीहरूले मानक नेपाली सिक्दा विभिन्न किसिमका त्रुटिहरू गर्ने गर्दछन् । उक्त त्रुटिको अध्ययन गर्नाले भाषाशिक्षणमा प्रभावकारीता थप्न निकै उपयोगी ठानिएको छ । नेपाली शिक्षार्थीहरूले वाक्यगठन र वर्णविन्यासमा विशेष त्रुटि गर्ने गरेको पाइन्छ ।

वाक्यगठन भन्नाले वाक्यको संरचना भन्ने बुझिन्छ । संरचनाका दृष्टिले, ध्वनि, रुप, पद, पदावली, वाक्यांश आदि शब्द नै मूख्य भएका पूर्ण अर्थ वा भाव प्रकट गर्ने भाषाका आधारभूत एकाइ तथा कुरा प्रष्ट पार्ने सार्थक शब्दहरूको समूह नै वाक्य हो ।

यसरी हेर्दा वाक्यगठन भाषाको आधारभूत पक्ष हो । भाषालाई निश्चित अर्थ दिन, भाषाले व्यक्त गर्ने अभिव्यक्ति छुट्याउन, स्पष्ट्याउन पनि वाक्यगठनका विभिन्न पक्षहरूले नै भूमिका खेलेका हुन्छन् । त्यसरी नै निश्चित तथा संगठितरुपमा सामान्यार्थ र लक्षणार्थ बोध गर्न व्याकरणिक कोटिगत अर्थ नै बढी उपयोगी हुनेकुरा सर्वविदित नै छ । यस्ता व्याकरणिक र कोशीय अर्थ पनि वाक्यगठनका विविध पक्षहरूबाट नै ज्ञात हुने भएकाले वाक्यगठनको अहम् भूमिका रहेको प्रष्ट हुन्छ ।

## २.२ वाक्यगठनको परिभाषा

वाक्यगठनसम्बन्धी सामान्य चर्चा गर्ने क्रममा निम्न विद्वान्हरूका अभिव्यक्ति र आशयलाई मनन गर्नु सान्दर्भिक हुनेछ :

- "व्याकरणात्मक कार्यअन्तर्गत प्रत्ययहरूद्वारा संकेत गरिएका लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्य कारक आदि आउँछन् । नेपाली भाषामा शब्द र क्रियासँग सम्बद्ध हुन आउने विभिन्न किसिमका प्रत्ययहरूद्वारा यी कोटिहरूको बोध हुन्छ ।" (बन्धु २०५३: ८३-८४) यसरी बन्धुका अनुसार व्याकरणात्मक कोटिहरू वक्तव्यसँग सम्बन्धित विशेष अर्थका लागि भाषा विशेषमा विभिन्न किसिमले प्रयुक्त हुन्छन् ।
- "वाक्यका घटकका रुपमा शब्दलाई प्रतिफलित गर्ने प्रत्ययलाई व्याकरणात्मक कोटि भनिन्छ । वाक्यमा व्याकरणात्मक काम गर्ने गरी देखापरेका प्रत्ययहरूले लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, करण, अकरण, आदर र प्रेरणार्थक जनाउँछन् । भाषाविशेषमा विभिन्न किसिमले प्रयुक्त हुने यस्ता व्याकरणिक कोटिले अभिव्यक्तिलाई विशेषीकृत गर्दछन् ।" (ढकाल, २०६३: १७८)
- "नेपालीमा शब्दलाई वाक्यमा प्रयोग योग्य रुप बनाउने निश्चित प्रक्रिया छ, जसलाई रुपायन भन्दछन् । व्याकरणिक अर्थको अभिव्यक्तिका लागि शब्दमा गरिने परिवर्तनलाई रुपायन भनिन्छ ।" (शर्मा, २०५५: ५०) उनका अनुसार व्याकरणिक अर्थले वाक्यगठनका पक्षहरू जस्तैः लिङ्ग, वचन, पुरुष, कारक, काल, पक्ष, भाव आदिलाई बुझाउँछ भन्ने कुराको उल्लेख छ ।

- "………वाक्यमा लिङ्ग, वचन, कारक, काल आदि छुट्टिएनन् भने शब्दहरू जिउन सक्तैनन् । यिनले शब्दलाई रुपसाधक प्रत्ययद्वारा निश्चित बाटामा लैजान्छन्, जसबाट वाक्यमा व्यस्थितता आउँछ……" (पराजुली, २०४९०: ७९) । उनका अनुसार शब्दहरूको जीवन्त तत्व नै व्याकरणिक कोटि हो । व्याकरणिक कोटिको आधारमा शब्दहरूले आफ्नो कार्य सम्पन्न गर्छन् । शब्दलाई निश्चित कार्यात्मक पथमा लगी अर्थ तथा वाक्यात्मक क्रममा समेत सङ्गति ल्याई भाषालाई सरल, सुबोध र सहज बनाउनु पनि वाक्यगठन (व्याकरणक कोटि) को प्रमुख कार्य हो । त्यसैले कुनै शब्दको अर्थलाई स्पष्ट, सुबोध, सटिक र सक्रिय तुल्याउनका खातिर पनि यसको भूमिका अतुलनीय रहेको पाइन्छ ।
- नेत्रप्रसाद पौडेलले सामान्य र प्रायोगिक भाषाविज्ञानमा वाक्यका रुपान्तरणका सम्बन्धमा आफ्ना विचार अघि सारेका छन्: "वाक्यको रुपान्तरणलाई वाक्यान्तरण वा वाक्य परिवर्तन पनि भनिन्छ । एक खालको वाक्यबाट अर्को खालको वाक्यमा परिवर्तन गर्ने प्रक्रिया नै वाक्यको रुपान्तरण हो । वाक्यको रुपान्तरण लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, आदरार्थी, प्रेरणार्थी, ध्रुवीयता वाच्य आदिमा गर्न सकिन्छ" (२०६७: १८९)

उपर्युक्त भनाइहरूबाट के ज्ञात हुन्छ भने व्याकरणिक कोटि भाषा तथा शब्दवर्गको जीवन्त पक्ष हो । यसले शब्दबीचको अन्तरसम्बन्ध देखाउनुका साथै व्याकरणात्मक कार्यको बोध गराउँछ साथै शब्दको निश्चित अर्थ समेत प्रदान गर्दछ ।

## २.३ वाक्यगठनका पक्षहरू

- "व्याकरणात्मक धारा ती हुन् जसले विभिन्न वस्तु, विचार र भाव जनाउने पदवर्गका अतिरिक्त रुपायन भई वा विभिन्न प्रत्ययहरू थपिई व्याकरणत्मक कार्य निष्पन्न गर्छन् ।" (बन्धु, २०५३: ८३-८४)

यस भनाइबाट के प्रष्ट हुन्छ भने विभिन्न व्याकरणिक कार्य गर्नको लागि प्रत्यय थपिई रुपायन भई शब्दवर्ग (नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी,

संयोजक, विष्मयादिबोधक) लाई निश्चित अर्थ दिने हुनाले लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य र कारक आदि आदि आठ पक्षलाई व्याकरणिक पक्ष भनिएको हो ।

- त्यसै गरी ढकालले आफ्नो कृति "सामान्य भाषाविज्ञान" २०६३: ११६ मा रुपायन कोटिहरू भनेर लिङ्ग, वचन, पुरुष, कारक, काल, पक्ष र भाव आदिलाई मानेका छन् ।
- वाक्यमा विधेय तत्वको रुपमा रहने क्रियाले वाक्यमा प्रयुक्त हुँदा वचन, लिङ्ग, पुरुष, काल, पक्ष, भाव आदि व्याकरणात्मक कोटि जनाउने रुपायक प्रत्ययलाई ग्रहण गर्दछ ।" (लम्साल, भट्टराई, कँडेल २०६६:८३)
- "वाक्यगठनअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक, निपात आदि पदवर्गको साथै वचन, लिङ्ग, पुरुष, कारक, काल, भाव, पक्ष, वाच्य आदि सबै पर्दछन् । पदवर्गकै आधारमा लिङ्ग, वचन, कारक आदिको रुपायन हुने भएकोले यी सबै वर्गलाई एकै समूहमा राख्नुपर्दछ ।" (डा.त्रिपाठी तथा अन्य, २०३६: २८२)

उक्त भनाइमा जेसुकै उल्लेख भए तापनि पदवर्गले वाक्यगठनका आधारहरूको आश्रय नलिई व्याकरणात्मक कार्य सम्पन्न गर्न सक्तैनन् र यी दुबैको प्रकृति पनि बेग्लाबेग्लै भएकोले एकै वर्गमा राख्नु त्यति युक्तिसङ्गत देखिदैन ।

नेपाली भाषाका भाषाविद्हरूले वाक्यगठनका पक्षहरू भनेर नौ व्याकरणिक कोटिहरूलाई मानेका छन् । ती हुन् : वचन, लिङ्ग, पुरुष, आदर भाव, काल, पक्ष, कारक, वाच्य । तर, यस अध्ययनमा व्याकरणिक कोटि सात पक्ष वचन, लिङ्ग, पुरुष, भाव, काल, पक्ष र कारकको मात्र विश्लेषण गरिएको छ । ती पक्षहरूको सैद्धान्तिक चर्चा क्रमशः प्रस्तुत गरिएको छ ।

### २.३.१ वचन

वचनको सम्बन्ध मुख्यतः सङ्ख्यासँग रहन्छ । फलतः वचन सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक धारा हो । नेपालीमा नाम, सर्वनाम, विशेषण र क्रियापदमा वचनभेद देखाइन्छन् । वचनलाई विभिन्न भाषाविद्हरूले आ-आफ्नै किसिमबाट चिनाउने प्रयास गरेको पाइन्छ :


- “नामको सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटि वचन हो, त्यसैले यसको सम्बन्ध संख्येय नामसँग रहेको हुन्छ ।” (अधिकारी २०५८:७९)
- शान्तिप्रसाद ढकालले सामान्य भाषाविज्ञानमा वचनको सम्बन्धमा यसरी प्रष्ट्याउने काम गरेका छन् :

  “वचनले सङ्ख्यालाई जनाउँछ । नेपाली भाषामा दुई किसिमको वचन व्यवस्था पाइन्छ । एउटालाई जनाउने एकवचन र दुई वा सोभन्दा बढीलाई जनाउने बहुवचन हुन्छन् । संस्कृत भाषामा एकवचन, द्विवचन र बहुवचन हुन्छन् भने राई भाषामा पनि तीनवटा वचन देखिन्छन् तर हिन्दी, अंग्रेजी र नेपालीमा दुईवटा मात्र देखिन्छन् । नेपाली भाषामा वचनबोधक, प्रत्यय, नाम, सर्वनाम, विशेषण र क्रियामा प्रयुक्त भएको देखिन्छ । (२०६३:१७९)
- भाषाविद् चुडामणि बन्धुका अनुसार “वचनको सम्बन्ध विशेषतः संङ्ख्यासँग रहन्छ यसले सङ्ख्याको अतिरिक्त अरु किसिमको काम पनि गर्छ” भन्दै नेपाली व्याकरणात्मक धारामा वचनको नाम, सर्वनाम, विशेषण र क्रिया आदिसँग सम्बन्ध रहेको कुरा व्यक्त गरिएको छ ।
- कृष्णहरि बराल र नेत्र एटमका अनुसार सङ्ख्या बुझाउने व्याकरणको चिन्हलाई वचन भनिन्छ ।” (२०५८:३५) यिनले पनि वचनलाई संङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटिका रुपमा हेरेका छन् ।
- माथि दिइएका परिभाषाहरूबाट के थाहा पाउन सकिन्छ भने वचन सबै भाषामा पदवर्गको सङ्ख्यातत्वलाई जनाउने भए तापनि विभिन्न भाषामा विभिन्न किसिमले वचनका परिभाषा फरकफरक किसिमले दिनुका साथै भाषाको प्रकृतिअनुसार वचनको व्यवस्था गरिएको पाइन्छ । भाषिक व्यवस्था अनुसार कुनै भाषामा नामसँगमात्र र कुनैमा क्रिया तथा विशेषणसँग मात्र वचनको प्रतिवद्धता रहेको पाइन्छ । नेपालीभाषामा वचनको सम्बन्ध नाम, सर्वनाम, विशेषण र क्रिया आदिमा रहेको पाइन्छ ।

### २.३.२ लिङ्ग

नामसँग सम्बद्ध व्याकरणात्मक कोटि लिङ्ग हो । यसले सामान्यतः भाले पोथीलाई छुट्याउँछ तापनि सर्वत्र सर्वदा यस्तो नहुन सक्छ । जस्तै संस्कृतमा “दारा” शब्द पुलिङ्गी “कलत्रम” शब्द नपुङसकलिङ्गी र “स्त्री” शब्द स्त्रीलिङ्गी हुन् । यी सबैले स्त्रीलाई नै जनाउँछन् । नेपाली भाषामा दुईवटा, संस्कृत भाषामा तीनवटा, जर्मन, पोलिस, अरबेली र रुसीमा पनि तीन लिङ्गको व्यवस्था छ । त्यसै गरी अफ्रिकाको वान्टु भाषामा २५ वटा जति लिङ्गको व्यवस्था पाइन्छ । लिङ्गलाई चिनाउने क्रममा विभिन्न भाषाविद्हरूको आ-आफ्ना भनाइ छन् । तिनलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

- डा. हेमाङ्गराज अधिकारीका अनुसार “मूलतः नामसँग सम्बन्धित व्याकरणिक कोटि लिङ्ग हो यसले नामको खास प्रकृतिलाई जनाउँछ ।” (२०५८: ७५)
- डा. बन्धुका अनुसार “लिङ्ग नामसँग सम्बद्ध व्याकरणात्मक धारा कोटि हो” (२०५३: ८४)
- बराल र एटमका अनुसार- “स्त्री वा पुरुष जाति बुझाउने वा छुट्याउने व्याकरणको चिन्हलाई लिङ्ग भनिन्छ । लिङ्गको अभिव्यक्ति नाम, विशेषण र क्रियापदमा हुन्छ ।” (२०५८: ३२)
- शान्तिप्रसाद ढकालले सामान्य भाषाविज्ञान (२०६३: १७८) मा लिङ्गको भेदमात्र प्रष्ट्याएका छन् । संस्कृतमा पुलिङ्ग, स्त्रीलिङ्ग र नपुंसक लिङ्ग गरी लिङ्गका तीन भेद गरिएको छ, भने नेपालीमा लिङ्ग मानवीय (पुलिङ्ग, स्त्रीलिङ्ग) र मानवेत्तर गरी लिङ्गका भेद रहेको स्पष्ट पारेका छन् । जसलाई यसरी देखाएका छन्:



उपर्युक्त विद्वान् तथा भाषाशास्त्रीहरूका भनाइबाट के प्रष्ट हुन आउँछ भने लिङ्ग पुरुष, स्त्री वा निर्जीव जातिको बोध गराउने व्याकरणिक कोटि वा धारा हो । शाब्दिक सङ्गतिको आधारमा भाषिक लिङ्गको व्यवस्था हुन्छ । नेपाली भाषामा पुलिङ्ग र स्त्रीलिङ्ग मानव नाममा मात्र देखिन्छ मानवेत्तर नाममा लिङ्ग र व्याकरणात्मक अर्थभेदक स्थिति छैन । मानवेत्तर नामको लिङ्ग व्यतिरेकी अवस्थामा देखिदैन, जस्तैः गोरु आयो । आई आयो । बोको अघायो, बाख्रो अघायो । आदिमा कर्ताहरू पुलिङ्ग र स्त्रीलिङ्गी भएपनि नाममा मात्र लिङ्ग प्रस्तुत भएको छ । तर क्रियामा लिङ्गगत रुपायन भएको पाइँदैन ।

## २.३.३ पुरुष

वाक्यगठनको एक पक्षको रुपमा रहेको पुरुषको सम्बन्ध सर्वनाम र क्रियासँग रहेको हुन्छ । नेपाली बृहद् शब्दकोशले व्याकरणशास्त्रको परिभाषा अनुसार सर्वनामको वा क्रियाको कर्ताभेद भनेको छ । त्यसै गरी भाषाविद्हरूले पनि पुरुषलाई यसरी चिनाउने प्रयास गरेका छन् ।

- डा. बन्धुका अनुसार "सर्वनाम र क्रियासँग सम्बद्ध व्याकरणिक कोटिलाई पुरुष भनिन्छ ।" (२०५३:८५)
- डा. अधिकारीका अनुसार "कथनका सन्दर्भमा संलग्न भएका सहभागीहरूको प्रकृतिलाई जनाउने व्याकरणात्मक कोटि पुरुष हो यो विशेषतः सर्वनामसँग सम्बन्धित हुन्छ ।" (२०५८:८७)
- बराल र एटमका अनुसार "व्यक्तिलाई बुझाउने व्याकरणको चिन्हलाई पुरुष भनिन्छ । (२०५८:३७)

नेपालीमा वोल्ने व्यक्तिलाई जनाउने प्रथम पुरुष, स्रोतालाई जनाउने द्वितीय पुरुष र कुरा गरिने व्यक्ति वा विषयलाई जनाउने तृतीय पुरुष गरी तीन प्रकारका पुरुषहरू पाइन्छन् ।

➢ शान्तिप्रसाद ढकालले सामान्य भाषाविज्ञान (२०६३:१८०) मा संस्कृति भाषा  र नेपाली भाषामा रहेको पुरुषको अन्तरलाई देखाएका छन् । नेपाली भाषामा प्रथम, द्वितीय र तृतीय पुरुष हुन्छन् भने संस्कृतमा उत्तम पुरुष, मध्यम पुरुष र प्रथम पुरुष रहेका हुन्छन् । नेपाली भाषाको पुरुष हिन्दी र अंग्रेजीसरह रहेको हुन्छ भनेर प्रष्ट्याएको पाइन्छ ।

माथिका भनाइअनुसार नेपाली भाषामा पुरुष तीन प्रकारका छन्: प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष तर लिम्बू भाषामा भने उत्तम पुरुष बहुवचन दुई प्रकारका देखिन्छन् । केही भाषामा चतुर्थ पुरुषको प्रयोग पनि भएको पाइन्छ ।

## २.३.४ भाव


भाव क्रियाहरूसँग सम्बद्ध व्याकरणिक कोटि हो । यसको सम्बन्ध पूरै वाक्यसँग रहन्छ । वाक्यगठनको यस कोटिले कामको निश्चितता, अनिश्चितता, आज्ञा, सङ्केत, प्रश्न आदि बुझाउँछ । क्रियाद्वारा अभिव्यक्तिएको आशय अनुसार भावको वर्गीकरण पनि गरिन्छ, भावलाई वृत्ति अर्थ भनेर पनि बुझ्ने गरिन्छ । भावकै सम्बन्धमा व्यक्त गरिएका विद्वान्का भनाइहरू यसप्रकार छन्:

➢ वृहत् नेपाली शब्दकोश "कुनैवस्तु वा विषयका आस्तित्वमा आउने रहने वा प्रस्तुत हुने स्थिति वा तत्व, सत्ता अस्थित्वभाव हो" (२०५५:१००८)

➢ डा. अधिकारी "क्रियाद्वारा वक्ताको मनोभाव वा मनोवृत्ति जनाउने कोटिलाई भाव वा वृत्ति भनिन्छ ।" (२०५८:१२२)

➢ डा. बन्धु "भाव क्रियासँग सम्बद्ध व्याकरणिक कोटि हो र यसको सम्बन्ध पूरै वाक्यसँग रहन्छ ।

➢ शान्तिप्रसाद ढकालका अनुसार "क्रियाद्वारा वक्ताको मनोभाव वा मनोवृत्ति बुझाउने व्याकरणिक कोटि भाव हो ।" (२०६३:१८५) उनले मोहनराज शर्माले विभाजन गरेको विभाजित तालिकामा भावका प्रकार यसरी देखाएका छन्:



आज्ञार्थ

भाव विध्यर्थक

इच्छार्थ

सम्भावनार्थक

अनिश्चयार्धक

सङ्केतार्थक

उपर्युक्त भनाइहरूको आशयअनुसार वक्ताले आफ्ना भावना इच्छा, आज्ञा, सङ्केत, सम्भावनाजस्ता भावहरूमध्ये कुनै एकलाई महत्वपूर्ण स्थान दिई प्रकट गर्ने रीति वा शैली वा मार्ग नै भाव हो । जसमा कुनै खास प्रकारको भाव वा अर्थ प्रकट गरिएको हुन्छ साथै यसको अर्थअनुसार वर्गीकरण पनि हुन्छ । भावअनुरुप क्रियामाका प्रत्यय थपेर निश्चित अर्थलाई स्पष्ट पारिन्छ ।


## २.३.५ काल

सामान्यतया कुनै काम भएको, भइरहेको र हुने समयको द्योतक नै काल हो यो समयसँग सम्बद्ध व्याकरणात्मक कोटि हो । नेपाली भाषामा क्रियाका रुपद्वारा कालको बोध हुन्छ । यसरी क्रियामा विभिन्न प्रत्ययहरू थपिई काम गर्ने समयको बोध गराउने वाक्यगठनको अर्को पक्ष काल हो । कालको परिभाषाका सन्दर्भमा निम्न भाषाविद्हरूले आ-आफ्नो धारणा व्यक्त गरेका छन् :

- डा अधिकारी- "काल क्रियापदको समय संकेत कोटि हो ।" सामान्यतः जसरी वाह्यजगतमा समयलाई भूत, वर्तमान र भविष्यत गरी तीन क्षेत्रमा विभाजन गरिन्छ । त्यसरी नै व्याकरणत्मक काललाई पनि तीन भागमा छुट्याउन खोजिन्छ । (२०५८:११५)
- "काल समयसँग सम्बद्ध व्याकरणात्मक कोटि हो ।" बन्धु (२०५३: ८३)

- “काल भनेको समय हो । व्याकरणका सन्दर्भमा काल भन्नाले क्रियापदले वर्णन गरेको कार्यव्यापार सन्पन्न भएको वा सम्पन्न हुने समय भन्ने बुझिन्छ ।” भण्डारी, लामिछाने र घिमिरे (२०६६:९९)
- बराल र एटम- “क्रियापदले वर्णन गरेको काम वा अवस्थाको समयलाई काल भनिन्छ ।” अभिव्यक्तिको समयलाई आधार बनाएर कालको निर्धारण हुन्छ । (पृ १०२)

उपर्युक्त भनाइबाट के बुझिन्छ भने वाक्यमा जुन कुरा बताइएको छ त्यो घटना कहिले घटेको हो भन्ने क्रियाको अवस्था वा समय बुझाउनेलाई काल भनिन्छ । अझ सङ्क्षेपमा भन्नुपर्दा क्रियाका कार्यव्यापारलाई काल भनिन्छ । परम्परागत व्याकरणमा नेपाली भाषामा तीन कालको उल्लेख गरिएको छ वर्तमान, भूत र भविष्यत् तर आजभोलि भूत र अभूत गरी दुईकाल रहेका छन् ।




सामान्यतया बितेको समयलाई सङ्केत गर्ने काल भूतकाल हो भने अभूतकालभित्र अहिलेको समयलाई जनाउने वर्तमान र पछि हुने समय जनाउने भविष्यत काल पर्दछन् ।

### २.३.६ पक्ष

कालको विशेष अवस्था वा परिस्थितिमा घटित क्रियाको बोध गराउने वाक्यगठनको कोटिलाई पक्ष भनिन्छ । सामान्यतया पक्षले कालको विशेष अवस्थालाई बोध गराउने भएकाले कुनै भाषामा कालभित्र नै यसलाई समेटिएको पाइन्छ अर्थात् यो

क्रियासँग सम्बद्ध व्याकरणात्मक कोटि हो र यसले कुनै पनि काम कुन कालावधिमा भयो भन्ने कुरा अवगत गराउँछ । समयमा काम भएको वा नभएको, अघिदेखि वा भर्खरै सकिएको बारे पनि यसले सङ्केत गर्छ । पक्षको परिभाषाका सन्दर्भमा प्रस्तुत गरिएका केही विद्वानहरूका भनाइहरू यसप्रकार छन्:

- डा.अधिकारी "पक्षले खास कालको परिवेशभित्र क्रियाका कार्यको प्रकृति तथा वितरणलाई जनाउँछ ।" (पृ.११९)
- डा.बन्धु "पक्ष क्रियासँग सम्बद्ध वाक्यगठनको आधार हो र यसले काम कुन कालावधिमा भयो भन्ने कुरा बताउँछ ।" (पृ.८६)
- ढकाल "क्रियाका कालको पक्ष भन्नाले त्यस कालको परिधिभित्र हुने वा गरिने क्रियाव्यापारको किसिमलाई बुझ्नुपर्छ । नेपालीमा पक्ष जनाउने क्रियापदका अलग्गै रुपहरू छैनन् । कृदन्तीय क्रियासँग कालिक त्रियापदको योग भई पक्ष जनिन्छ ।" २०६३: १८२)
- उपयुक्त भनाइहरूको आशय यस्तो हुन आउँछ भूत र अभूतकालमा घटेका घटनाहरूका क्रियाभेदहरूलाई नै पक्ष भनिन्छ । पक्षलाई कालका सुक्ष्म प्रकार पनि भन्ने गरिन्छ जुन क्रियासँग प्रत्यक्ष सम्बन्ध राख्दछ ।

### २.३.६.१ पक्षको वर्गीकरण

पक्षका सन्दर्भमा पनि नेपाली भाषामा यति नै पक्ष हुन् वा छन् भन्ने कुरामा विद्वान्वर्गहरूबीच मतैक्य छैन । यसै परिप्रेक्षमा डा. बन्धु पक्ष पूर्ण, अपूर्ण, सामान्य विभिन्न प्रकारको हुनसक्ने कुराप्रति सङ्केत गर्दछन् भने डा. अधिकारी नेपालीमा मूख्यतः अपूर्ण, पूर्ण, अभ्यस्त र अज्ञात गरी चार किसिमका पक्ष हुने कुरा स्वीकार्दछन् । ढकालले सामान्य, पूर्ण, अपूर्ण, अभ्यस्त, अज्ञात र सम्भावना गरी ६ प्रकारमा विभाजन गरेर हेरेको पाइन्छ ।

विद्वानहरूको बीचमा यसरी मत विभाजन भए तापनि पक्षलाई यसरी वर्गीकरण गर्नु युक्तिसङ्गत मानिन्छः

- १) वर्तमानकाल-
  - सामान्य
  - अपूर्ण
  - पूर्ण

- २) भूतकाल-
  - सामान्य
  - अपूर्ण
  - पूर्ण
  - अभ्यास्त
  - अज्ञात

- ३) भविष्यत काल-
  - सामान्य
  - अपूर्ण
  - पूर्ण
  - सम्भावना

## २.३.७ कारक

नामिक पदको क्रियासितको सम्बन्धलाई कारक भनिन्छ । वाक्यमा विभिन्न पदहरू हुन्छन् । ती पदले वाक्यमा आफूअनुरुपका विभिन्न काम गरेका हुन्छन् । कर्ता, कर्म, करण आदि भूमिका निर्वाह गर्न आएका ती पदहरू क्रियाका कारक हुन्छन् । वाक्यात्मक सम्बन्ध प्रष्ट्याउनका लागि कारक पक्षको महत्वपूर्ण भूमिका हुन्छ । त्यसै गरी अर्थ प्रष्ट्याउन, शब्दहरूबीच उचित सामाञ्जस्य गरी स्पष्ट र सुसंगठित समेत बनाउन कारक जति अत्याज्य छ त्यति नै आवश्यक सङ्गति र शासनको लागि पनि छ । कारकका सन्दर्भमा केही विद्वानहरूले आ-आफ्ना राय व्यक्त गरेका छन् ती निम्न छन्:

- डा. बन्धु “क्रियासँग सम्बन्ध राखी वाक्यमा रहेर विभिन्न किसिमको काम गर्ने संज्ञा पदका रुपमा कारकहरूलाई चिन्न सकिन्छ ।” (पृ. ८५)

- डा. अधिकारी "वाक्यको वाह्य संरचनामा विभिन्न पद वा पदावलीहरूले कर्ता, पुरक क्रियायोगिक र क्रियापद भई आफू अनुरुपको कार्य सम्पन्न गर्ने हुन्छन् तर उक्त कर्ता कर्म आदि वाक्यात्मक कार्यको स्थानमा आएका पदहरूलाई गहिरिएर हेरेमा तिनमा खास किसिमका आर्थी सम्बन्ध वा अथर्गगत भूमिकाहरू अन्तर्निहित भएका देखिन्छन् यस्ता भूमिकाहरूलाई मूलतः कारक भनिन्छ ।" (२०५८: १८५)
- डा. भण्डारी, डा. लामिछाने र घिमिरे "वाक्यमा क्रियापदसँग प्रत्यक्ष रुपमा अर्थगत वा कार्यगत सम्बन्ध राख्ने नाम वा सर्वनामका विभिन्न रुपहरूलाई कारक भन्छि । यस्ता नाम वा सर्वनाम पदले क्रियापदसँग अर्थगत वा कार्यगत सम्बन्ध राखी वाक्यलाई सङ्गतिपूर्ण एवम् अर्थपूर्ण बनाउँछन् । (२०६६:११५)
- "नामिक पदको क्रियासँगको सम्बन्धलाई कारक भनिन्छ । वाक्यमा विभिन्न पदहरू हुन्छन् । ती पदले वाक्यमा आफू अनुरुपका विभिन्न काम गरेका हुन्छन् । कर्ता, कर्म, करण आदि भूमिका निर्वाह गर्न आएका ती पदहरू क्रियाका कारक हुन्छन् ।" ढकाल (२०६३: १९४)

उपर्युक्त भनाइबाट के थाहा हुन्छ, भने कारकको सम्बन्ध क्रियासँग हुन्छ । यसरी क्रियासित सोझै सम्बन्ध राख्ने नाम वा सर्वनामका रुपहरूलाई कारक भनिन्छ । विशेष चिन्हका माध्यमबाट वाक्यमा रहेका अरु शब्दसँग संकेत सम्बन्ध राख्छ त्यस्ता चिन्हलाई विभक्ति भनिन्छ । कारकले वाक्यात्मक अर्थलाई प्रकाश पार्नुका साथै पद सङ्गति मिलाउने काम गर्दछ । कारक सबै भाषामा हुन्छन् तापनि तिनको प्रकृति, प्रयोग र सङ्ख्यामा फरक पर्न सक्छ ।

### २.३.७.१ कारकको वर्गीकरण

सबै भाषामा कारकको सङ्ख्यामा समानता पाइदैन । कारकको सङ्ख्यामा कुनै पनि भाषाको प्रकृति, प्रयोग आदिका आधारमा निर्धारित हुन्छन् । नेपाली भाषामा कारकको वर्गीकरणमा पनि भाषाशास्त्रीबीच मतैक्य देखिन सकेको पाइदैन ।

- परम्परागत ब्याकरणमा करकका ६ प्रकार भएको पाइन्छ ।

  १) कर्ता कारक

  २) कर्म कारक

  ३) करण कारक

  ४) सम्प्रदान कारक

  ५) अपादान कारक

  ६) अधिकरण कारक

- बराल र एटमले कारकलाई आठ प्रकारमा विभाजन गरेर हेरेको पाइन्छः

  १) कर्ता कारक

  २) कर्म कारक

  ३) करण कारक

  ४) सम्प्रदान कारक

  ५) अपादान कारक

  ६) सम्बन्ध कारक

  ७) अधिकरण कारक

  ८) सम्बोधन कारक

- ढकालले बराल र एटमकै विभाजनलाई मानेका छन् ।

- डा. हेमाङ्गराज अधिकारीका अनुसार "कारकहरू केन्द्रिक र परिधीय दुई किसिमको आर्थी सम्बन्धमा देखा पर्दछन् । क्रियाको आर्थी कार्यमा प्रकृतिले निर्धारित हुनेहरू केन्द्रिक कारक हुन्छन् । त्यसैले अभिकर्ता, प्रवर्त्य, परिणामी, निरपेक्ष, अनुभावक र अनुप्रापकहरू केन्द्रिक कारक मानिन्छन् । कारण, हेतु, अधिकरण, अपादान, लाभक प्रयोजनीय र सहार्थक चाहिँ क्रियाको कार्य प्रकृतिबाट नभई अर्थगत परिवेशले निर्धारित हुने हुँदा परिधीय कारक मानिन्छन् । यस्ता कारकहरू वाक्यमा प्रायः ऐच्छिक रुपमा मात्र देखिन्छन् ।" (पूर्ववत, १८७)

- डा. भण्डारी, डा. लामिछाने र घिमिरे “कारकका दुई आधारमा प्रकारहरूलाई देखाउन सकिन्छ : (अ) अर्थ कार्यका आधारमा र (आ) रुपका आधारमा” (२०६६: ११६)

  अ) अर्थ कार्यका आधारमा ६ प्रकार

  १) कर्ता कारक

  २) कर्म कारक

  ३) करण कारक

  ४) सम्प्रदान कारक

  ५) अपादान कारक

  ६) अधिकरण कारक

  आ) रुपका आधारमा

  १) सरल कारक

  २) तिर्यक कारक

माथि ज-जसले जे जसरी कारकको वर्गीकरण गरे तापनि मूलतः ६ कारक र आठ विभक्ति नेपाली भाषामा भएको तथा अध्ययन गर्नुपर्ने कुरालाई सबैले नै स्वीकारेको पाइन्छ । ती हुन्:

१) कर्ता कारक

२) कर्म कारक

३) करण कारक

४) सम्प्रदान कारक

५) अपादान कारक

६) अधिकरण कारक

त्यसै गरी विभक्तिहरूमा

प्रथमा, द्वितीया, तृतीया, चतुर्थी, पञ्चमी, षष्टी, सप्तमी र सम्बोधन

## २.४ निष्कर्ष

यो अध्याय सैद्धान्तिक चर्चा परिचर्चामा खर्चिएको छ । विभिन्न भाषाशास्त्रीहरूद्वारा दिइएका परिभाषाबाट के प्रष्टिन्छ भने व्याकरणिक कोटि भाषा तथा शब्दवर्गको जीवन्त पक्ष हो । यसले शब्द शब्दबीचको सम्बन्ध देखाउँदै व्याकरणात्मक कार्यको बोध गराउँछ । वक्ता र स्रोताको मुख्य अभिप्रायलाई छर्लङ्ग पारी निश्चित अर्थसमेत दिने भएकाले वाक्यगठन भाषा व्याकरणको अति महत्वपूर्ण एवम् अभिन्न अङ्ग हो । त्यसरी नै यस अध्ययनमा वाक्यगठनका सात पक्षहरूको परिचर्चा गर्नुका साथै नेपाली भाषामा रहेका तिनका वर्ग र उपवर्गको समेत सङ्क्षिप्त चर्चा गरिएको छ ।

# अध्याय तीन

# त्रुटिहरूको तुलनात्मक विश्लेषण प्रक्रिया

## ३.१ त्रुटिको परिचय

भाषा सिकाइमा त्रुटि अवश्य हुन्छ नै । सिकारुले भाषा सिकाइमा कुनै न कुनै प्रकारका भाषिक त्रुटिहरू गरेकै पाइन्छ । भाषिक त्रुटिले भाषा सिकाइमा प्रभाव पारिरहेकै हुन्छ । त्यसैले भाषा सिकाइलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न त्रुटिहरूको विश्लेषण गर्नुपर्ने हुन्छ । भाषा सिकाइमा देखिने विभिन्न खालका गल्तीहरूलाई नै त्रुटि भनिन्छ र त्यस्ता त्रुटिहरूको स्वरुप तथा तिनको शैक्षणिक उपादेयता भाषाशिक्षणका क्रममा मत्वपूर्ण रहेको छ ।

सामान्यतया त्रुटि आज एउटा महत्वपूर्ण विषयको रुपमा स्थापित भएको छ । परम्परागत रुपमा असफलता र बौद्धिक कमजोरीको प्रतीकको रुपमा मानिएको त्रुटिलाई आज आएर सफलता, प्रयास र विकासशील प्रक्रियाको रुपमा लिइएको पाइन्छ । मूलतः संरचनावादी र मनोवादी सम्प्रदायहरूले त्रुटिलाई यसरी चिनाएका छन् ।

संरचनावादीहरू त्रुटि अभ्यासको कमी, आदत र असफलताको प्रतीक हो, जब सिकारु सिकाइमा असफल हुन्छ, गल्ती गर्ने बानीको विकास हुन्छ, पुनर्अभ्यास गर्न छोडिदिन्छ तब त्रुटिहरू हुन थाल्छन् भन्ने कुरामा जोड दिन्छन् । यिनीहरू त्रुटिलाई नकारात्मक पक्षबाट हेर्दै सिकारुको कमी कमजोरी ठान्छन् किनभने यिनीहहरू व्यतिरेकी भाषाविज्ञानसँग बढी घनिष्ट सम्बन्ध राख्न खोज्छन् ।

त्यसै गरी मनोवादीहरूका अनुसार सिकारुले त्रुटि नगरी भाषा सिक्न सक्दैन । सिकाइमा त्रुटि हुनु भनेको विकास प्रक्रियाको संकेत हो । भाषा सिक्दा विद्यार्थी त्रुटि गर्दै जान्छ र अव्यक्त किसिमले भाषिक परिष्कार गर्दै जान्छ । मूलतः चम्स्की र उनका अनुयायीहरूबाट अँगालिएको मनोवादको सशक्त उपज त्रुटिविश्लेषण हो ।

## ३.२ भाषा सिकाइमा त्रुटिको महत्व

त्रुटिले भाषा सिकाइको प्रकृति र प्रवृत्तिलाई सूचित गर्छ । यस्ता त्रुटिहरू बारे शिक्षकलाई यथार्थ जानकारी भएमा उनीहरूले गर्ने त्रुटिहरूको प्रकृति हेरेर तिनीहरूलाई सिक्न सजिलो र गाह्रो हुने पक्षहरू निक्यौंल गर्न मद्दत पुग्छ । यसबाट शिक्षकलाई विशेष ध्यान दिने पक्ष वा भाषा सिकाइका कठिनाई क्षेत्र र तिनको समाधानका उपाय एवम् शिक्षण सामग्रीको छनोट आदिमा सरलता र सहायता हुन्छ । यसरी शिक्षकलाई शैक्षणिक योजना तयार पार्न पनि त्रुटिविश्लेषणले सहयोग पुऱ्याउँछ । त्यस्तै गरी पहिलो, दोस्रो र अन्य भाषा सिकाइमा आउने मूल समस्या तथा त्रुटि पत्ता लगाई समाधान गर्न सहयोग गर्छ ।

## ३.३ त्रुटिको वर्गीकरण/प्रकार

सामान्यतया भाषा सिकाइका क्रममा त्रुटिलाई स्वाभाविक प्रक्रिया तथा सिकाइको क्रम वा प्रवृत्तिको संकेतको रुपमा लिइन्छ । भाषा सिकाइका क्रममा शिक्षार्थीहरूले गर्ने गरेका त्रुटिहरूलाई विभिन्न आधारमा हेर्न सकिन्छ र एकातिर त्रुटिहरूलाई भाषिक एकाइका आधारमा देखाउन सकिन्छ भने अर्कातिर यिनलाई सिकाइ प्रक्रिया, त्रुटिगत पद्धति एवम् प्रकृतिका आधारमा पनि औंल्याइन्छ- अधिकारी, २०५३: १३२-३५

## क) नियमित त्रुटि

शिक्षार्थीले सिक्दै गरेका भाषामा खास निश्चित ढाँचा दर्शाउने र खास व्यवस्थाभित्र अनुमेय खालका त्रुटिहरूलाई नियमित त्रुटि भनिन्छ । भाषका शिक्षार्थीले सचेत भई भाषा प्रयोग गर्दा पनि सुधार्न नसक्ने त्रुटि नियमित त्रुटि हुन् । कहिले काहीं एउटै व्यक्तिले जतातते एकै किसिमका त्रुटिहरू गरेको छ वा गर्छ भने त्यसलाई पनि नियमित त्रुटि भन्न सकिन्छ । जस्तैः कुनै एउटा अन्य भाषाभाषी व्यक्तिले नेवारी भाषाको प्रभावमा सधैं त्यस्तै किसिमको त्रुटि गर्छ । उदाहरणः एकजना विरालो आयो ।

## ख) अनियमित त्रुटि

भाषिक प्रयोक्ताको असचेतना वा अपरिपक्वताले गर्दा अनियमित त्रुटि हुन जान्छ । यस्तो त्रुटिको कुनै निश्चित क्षेत्र हुँदैन र यस्ता त्रुटि प्रायः वैयक्तिक प्रकृतिका हुन्छन् । अनियमित त्रुटि दुई प्रकारका छन् :

अ) प्रारम्भिक त्रुटि

आ) असावधानीगत

### अ) प्रारम्भिक त्रुटि

भाषाको पूर्णतः नियम भङ्ग गर्ने त्रुटिहरू प्रारम्भिक त्रुटि हुन् । उक्त त्रुटि गर्ने शिक्षार्थीहरू त्यस भाषाको प्रारम्भिक सिकाइमै छन् र सचेत भए वा गरे पनि एक किसिमको नभए अर्को किसिमको त्रुटि गर्न सक्छन् यस्ता त्रुटिहरूले उनीहरूको भाषा सिकाइको अन्योल स्थितिलाई सङ्केत गर्दछन् । यस्ता त्रुटिहरू व्यक्ति सापेक्ष हुने हुँदा भाषा सिक्दै जाँदा स्वतः हट्छन् ।

### आ) असावधानीगत त्रुटि

सामान्यतया यस्तो त्रुटि असचेत रुपमा प्रयोग गर्दा हुने त्रुटि हो । एउटै त्रुटिलाई पुनरावृत्ति नगरिकन कतै कुनै त कतै कुनै त्रुटि फेला पर्छन भने त्यस्ता त्रुटि असावधानीगत त्रुटि हुन् ।

त्रुटिको वर्गीकरणका सन्दर्भमा एस.पिट.कर्डर भन्छन्- त्रुटिहरू तीनप्रकारका छन्

१) व्यवस्थित त्रुटि

२) अव्यवस्थित त्रुटि

३) उत्तर व्यवस्थित त्रुटि

व्यवस्थित त्रुटि भनेको नियमित त्रुटि हुन्, त्यसरी नै अव्यवस्थित त्रुटि प्रारम्भिक त्रुटि हुन् भने उत्तरव्यवस्थित त्रुटि भनेको असावधानीगत त्रुटिहरू हुन् ।

उपर्युक्त त्रुटिहरू विकासशीलताका आधारमा गरिएको वर्गीकरण हो । यसका साथै भाषाकोटिका आधारमा उच्चारणगत, वर्णविन्यासगत, व्याकरणगत, अर्थतात्विक,

शब्दभण्डारगत, शैलीगत त्रुटि आदि पर्दछन् । त्यस्तै स्रोतका आधारमा भाषान्तरिक र अन्तरभाषिक त्रुटि गरी दुई भागमा वर्गीकरण गरिएको छ । त्यस्तै गरी गम्भीरताका आधारमा गम्भीर र अगम्भीर, व्यापकताका आधारमा समग्रात्मक र अंशगतत्रुटि, स्वरुपका आधारमा लोपजनित र अलोपजनित गरी २/२ प्रकारका त्रुटिहरू हुन्छन् ।

## ३.४ त्रुटिविश्लेषण

सामान्यतया भाषा सिकारुले सिक्दै गरेका भाषाको त्रुटिमूलक अध्ययन तथा विश्लेषण नै त्रुटिविश्लेषण हो । अझ अर्को शब्दमा भन्नुपर्दा भाषा सिकाइका क्रममा देखापर्ने त्रुटिहरूको वर्णन विश्लेषण गर्ने प्रक्रिया नै त्रुटिविश्लेषण हो । मूलतः पहिलो, दोस्रो र अन्य वा विदेशी भाषाको अध्ययन गर्ने क्रममा त्रुटिविश्लेषण गर्न सकिन्छ । यसै प्रसङ्गमा विभिन्न विद्वान्हरूका धारणा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

- एस.पिट.कर्डरका अनुसार “भाषा सिकाइका क्रममा सिक्ने व्यक्तिहरूले गरेका त्रुटिहरूको अध्ययनबाट उसको त्यसक्षेत्रमा कतिको ज्ञान छ भन्ने कुरा अनुमान गर्न सकिन्छ । त्रुटिविश्लेषणबाट उसले अझ कुन-कुन सिक्न बाँकी छ सो पत्ता लगाउन सकिन्छ । उसले गरेका त्रुटिहरूको भाषावैज्ञानिक शब्दमा वर्गीकरण गरेर एउटा त्यस्तो चित्र बनाउन सकिन्छ । जसले भाषाका ती विशेषताहरू बताउँछन् जसले गर्दा उसलाई भाषा सिकाइमा समस्या परिरहेको हुन्छ ।” ढुङ्गेल र दहाल, २०५८:१८८
- लङ्गम्यान डिक्सरी अफ अप्लाइड लिङ्ग्विस्टिक्सका अनुसार “त्रुटिविश्लेषण दोस्रो तथा विदेशी भाषा सिक्ने विद्यार्थीहरूले गर्ने त्रुटिहरूको अध्ययन विश्लेषण हो ।” (पूर्ववत्: १८८)

यसरी भाषा सिकाइका क्रममा विद्यार्थीहरूले के-कस्ता प्रकृतिका त्रुटिहरू के कारणबाट गर्दछन् भनी गरिने अध्ययन विश्लेषण जसले ती त्रुटिहरूको निराकरण गर्न महत्वपूर्ण सहयोग गर्दछ, त्यसलाई त्रुटिविश्लेषण भनिन्छ ।

## ३.५ त्रुटिविश्लेषण र भाषाशिक्षण

त्रुटिविश्लेषणबिना भाषा सिकाइ लङ्गडो सावित हुन्छ । शिक्षार्थीले सिक्दै गरेका भाषिक त्रुटिविश्लेषणबाट शैक्षणिक कार्यमा सहयोग गर्नुका साथै शिक्षण सामग्री प्रयोग गर्न, पाठ्यक्रम निर्माण गर्न, दोस्रो वा अन्य भाषाका रुपमा भाषाशिक्षण गर्न पाठ्यपुस्तक रचना गर्न समेत यसले मद्दत गर्दछ । त्यसैले त्रुटिविश्लेषण र भाषाशिक्षण एक अर्काका परिपूरक हुन् भन्नुमा कुनै अत्युक्ति हुँदैन । बरु यी दुई मध्ये एकको अभावमा शिक्षण अपूर्ण हुने सम्भावना टड्कारो रहन्छ ।

भाषाशिक्षणमा त्रुटिविश्लेषणात्मक अध्ययनबाट शिक्षार्थीहरूलाई लक्षित भाषासम्म पुग्न के कतिको आवश्यक पर्छ ? उनीहरूमा के-कति कमी कमजोरीहरू छन् ? आदिबारे जानकारी प्राप्त हुनेहुँदा त्रुटिविश्लेषण भाषा विकासका नियमित प्रकृतिहरूको खोजी गर्न र तिनमा भएका अपूर्णता ठम्याउनुसँग विशेष गरी सम्बन्धित छ । त्यसैले विभिन्न खाले त्रुटिहरू हुनसक्ने भएकाले तिनीहरूको अध्ययन गरी भाषाशिक्षण गर्नु आवश्यक हुन्छ ।

## ३.६ त्रुटिमूलक अध्ययनको तुलनात्मक व्याख्या तथा विश्लेषण

वाक्यगठनसम्बन्धी त्रुटिविश्लेषणात्मक अध्ययन गर्ने क्रममा वाक्यगठनसँग अन्तरनिहीत वस्तुगत, विषयगत र स्वतन्त्रलेखन अन्तर्गत बहुविकल्पी, संक्षिप्त उत्तरात्मक (निर्देशात्मक, उत्पादनात्मक) र निवन्धात्मक उत्तर आउने खालका क्रमशः ७+१४+२ गरी जम्मा २३ प्रश्नहरू छनोट गरी प्रश्नावली तयार गरियो र तिनै प्रश्नावलीलाई प्रयोगमा ल्याइयो । प्रश्नावली तयार गरी उपयोग गरिएका १० विद्यालयहरूमा क्रमशः श्री वेङ्कटेश्वर उच्च माध्यमिक विद्यालय, वाहुनतिल्पुङ, श्री जनप्रेमी उच्च माध्यमिक विद्यालय स्याङ्ती लाम्पन्टार, श्री भीमसेन निम्न माध्यमिक विद्यालय तिल्पुङ्गडाँडा, श्री निम्न माध्यमिक विद्यालय कालीमाटी तिखेढुङ्गा, श्री प्रकाशोदय माध्यमिक विद्यालय खुरहरी, श्री हिराथुम्की माध्यमिक विद्यालय तोस्रामखोला, श्री उच्च माध्यमिक विद्यालय लुम्ती पोखरी, श्री माध्यमिक विद्यालय सुम्नामसुन्तले चण्डिभञ्ज्याङ, श्री सरस्वती माध्यमिक विद्यालय हिलेपानी शाखाजोर, श्री उच्च माध्यमिक

विद्यालय मझुवादोभान छनोट गरिएका थिए । यी प्रत्येक विद्यालयहरूबाट ८/८ जना मगर विद्यार्थीहरू छनोट गरिएको थियो । जसमा कक्षा ७ मा अध्ययरत विद्यार्थीहरू थिए । सोधिएका विषयगत वस्तुगत र स्वतन्त्रलेखनको उत्तर एकघण्टा पन्ध्र मिनेटभित्रमा लेखिसक्नुपर्ने गरी समय निर्धारण गरिएको थियो । परीक्षा लिइसकेपछि उत्तरपुस्तिका परीक्षण गरियो र परीक्षण पश्चात् मगर विद्यार्थीहरूले वाक्यगठनका वचन, लिङ्ग, पुरुष, काल, भाव, पक्ष र कारकजस्ता सातवटै पक्षमा गरेका त्रुटिहरूको क्रमशः छुट्टाछुटै विद्यालय अनुसार के कतिले वस्तुगत, विषयगत (निर्देशनात्मक र उत्पादनात्मक) तथा स्वतन्त्रलेखन सही गरे, अप्रतिक्रिया व्यक्त गरे वा त्रुटि गरे साथै कूल कति जनाले सही गरे वा त्रुटि गरे सोको जानकारीका साथै कूल त्रुटि प्रतिशत कति रह्यो र सही कति रह्यो निकाली क्रमबद्ध रुपमा तालिकीकरण गरिएको छ ।

यसरी प्रत्येक पक्षको तालिका व्याख्या तथा विश्लेषणत्मक अध्ययन क्रामशः उल्लेख गरिएको छ ।

## ३.६.१ वचन पक्षको तुलनात्मक त्रुटिविश्लेषण

वचन सामान्यतया सङ्ख्यासँग सम्बन्धित वाक्यगठनको एक महत्वपूर्ण पक्ष हो । माध्यमिक तहको अध्ययनको जग, निर्माण गर्ने क्रममा रहेको कक्षा ७ मा अध्ययनरत मगर विद्यार्थीहरूसँग लिइएको वचन पक्षको परीक्षण अनुसार निम्न नतिजा प्राप्त भएको थियो जसलाई निम्न तालिका नं. १ मा देखाइएको छ ।

**तालिका नं. १**

| क.सं. | विद्यालयहरू | प्रश्नहरू | ठीक गर्ने | | बेठीक गर्ने | | अप्रतिक्रिया दिने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ज्ञ | उ.मा.वि. बाहुनतिल्पुङ्ग | वस्तुगत | द्द | द्दछ | ट | ठछ | | |
| | | विषयगत | द्द | द्दछ | ट | ठछ | | |
| | | स्वतन्त्रलेखन | | | ड | ज्ञण्ण | | |
| | | जम्मा | द्ध | ज्ञट।टठ | द्दण | डघ।घघ | | |
| क.सं. | विद्यालयहरू | प्रश्नहरू | ठीक गर्ने | | बेठीक गर्ने | | अप्रतिक्रिया दिने | |
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| द्द | उ.मा.वि स्याङ्ती | वस्तुगत | द्ध | छ्ण | द्ध | छ्ण | | |
| | | विषयगत | घ | घठाछ | छ | द्धद्दाछ | | |
| | | स्वतन्त्रलेखन | द्द | द्दछ | ट | ठछ | | |
| | | जम्मा | ढ | घठाछ | ज्ञछ | टद्दाछ | | |
| घ | नि.मा.वि. तिल्पुङ्गडाँडा | वस्तुगत | घ | घठाछ | छ | टद्दाछ | | |
| | | विषयगत | छ | टद्दाछ | घ | घठाछ | | |
| | | स्वतन्त्रलेखन | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ | | |
| | | जम्मा | ढ | घठाछ | ज्ञछ | टद्दाछ | | |
| द्ध | नि.मा.वि. कालीमाटी | वस्तुगत | | | ड | ज्ञण्ण | | |
| | | विषयगत | | | ड | ज्ञण्ण | | |
| | | स्वतन्त्रलेखन | | | ठ | डठाछ | ज्ञ | ज्ञद्दाछ |
| | | जम्मा | | | द्दघ | ढछाडघ | ज्ञ | द्धाज्ञठ |
| छ | मा.वि. खुरहरी | वस्तुगत | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ | | |
| | | विषयगत | | | ड | ज्ञण्ण | | |
| | | स्वतन्त्रलेखन | | | ठ | डठाछ | ज्ञ | ज्ञद्दाछ |
| | | जम्मा | ज्ञ | द्धाज्ञठ | द्दद्द | ढज्ञाटठ | ज्ञ | द्धाज्ञठ |
| ट | मा.वि. तोस्रामखोला | वस्तुगत | | | ड | ज्ञण्ण | | |
| | | विषयगत | | | ड | ज्ञण्ण | | |
| | | स्वतन्त्रलेखन | द्द | द्दछ | ट | ठछ | | |
| | | जम्मा | द्द | डाघघ | द्दद्द | ढज्ञाटठ | | |
| ठ | उ.मा.वि. लुम्ती | वस्तुगत | द्ध | छ्ण | द्ध | छ्ण | | |
| | | विषयगत | घ | घठाछ | छ | टद्दाछ | | |
| | | स्वतन्त्रलेखन | द्द | द्दछ | ट | ठछ | | |
| | | जम्मा | ढ | घठाछ | ज्ञछ | टद्दाछ | | |
| ड | मा.वि. सुम्नामसुन्तले | वस्तुगत | ट | ठछ | द्द | द्दछ | | |
| | | विषयगत | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ | | |
| | | स्वतन्त्रलेखन | घ | घठाछ | छ | टद्दाछ | | |
| | | जम्मा | ज्ञण | द्धज्ञाटठ | ज्ञद्ध | छडाघघ | | |
| ढ | मा.वि. हिलेपानी शाखाजोर | वस्तुगत | द्द | द्दछ | ट | ठछ | | |
| | | विषयगत | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ | | |
| | | स्वतन्त्रलेखन | | | ड | ज्ञण्ण | | |
| | | जम्मा | घ | ज्ञद्दाछ | द्दज्ञ | डठाछ | | |
| ज्ञण | उ.मा.वि. मभ्रुवादोभान | वस्तुगत | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ | | |
| | | विषयगत | द्द | द्दछ | ट | ठछ | | |
| | | स्वतन्त्रलेखन | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ | | |
| | | जम्मा | द्ध | ज्ञटाज्ञठ | द्दण | डघाघघ | | |
| जम्मा | | वस्तुगत | द्दघ | द्दडाद्धछ | छठ | ठज्ञाद्दछ | | |
| | | विषयगत | ज्ञठ | द्दज्ञाद्दछ | टघ | ठडाठछ | | |
| | | स्वतन्त्रलेखन | ज्ञज्ञ | ज्ञघाठछ | टठ | डघाठघ | द्द | द्दाछ |
| कूल जम्मा | | | छज्ञ | द्दज्ञाद्दछ | ज्ञडठ | ठठाढद्द | द्द | णडघ |

स्रोतः स्थलगत अध्ययन २०६९, भाद्र-आश्विन

उपर्युक्त तालिकामा जम्मा १० विद्यालयका विद्यार्थीहरूले वचनमा गरेको त्रुटि देखाइएको छ । वस्तुगत प्रश्नहरूमा क्रमशः बाहुनतिल्पुङ्गको २ जना, स्याङ्तीका ४ जना,

तिल्पुङ्गडाँडाका ३ जना, कालिमाटीका ० जना, खुरहरीका १ जना, तोस्रामखोलाका ० जना, लुम्तीका ४ जना, सुम्नामसुन्तलेको ६ जना, शाखाजोरका २ जना र मझुवा दोभानका १ जनाले सही उत्तर दिएको पाइयो भने गलत गर्नेहरूमा विद्यालयहरूको क्रमानुसार ६, ४, ५, ८, ७, ८, ४, २, ६ र ७ गरी जम्मा ५७ जना अर्थात् ७१.२५% रहेका छन् । वस्तुगत प्रश्नमा कसैको पनि अप्रतिक्रिया देखिएन । जम्मा विद्यार्थीहरूमध्ये २८.७५% विद्यार्थीहरूले मात्र सही उत्तर दिए । वस्तुगत प्रश्नमा सबभन्दा बढी सुन्नामसुन्तलेका ७५% विद्यार्थीले सही उत्तर दिन सफल भएको देखियो भने तोस्रामखाला र कालीमाटीका कसैले पनि सही उत्तर दिएको देखिएन । बाँकी विद्यालयहरूको अवस्था कमजोर देखिएको छ ।

त्यसै गरी विषयगत (निर्देशात्मक उत्पादनात्मक) प्रश्नहरूमा क्रमशः बाहुनतिल्पुङ्गका २ जना, स्याङ्तीका ३ जना, तिल्पुङ्गडाँडाका ५ जना, कालीमाटीका ० जना, खुरहरीका ० जना, तोस्रामखोलाका ० जना, लुम्तीका ३ जना, सुम्नामसुन्तलेका १ जना, शाखाजोरका १ जना, र मझुवादोभानका २ जना गरी जम्मा १७ जनाले सही प्रतिक्रिया दिएको पाइयो भने बाँकी विद्यार्थीहरू विद्यालयकै क्रममा ६, ५, ३, ८, ८, ८ ५, ७, ७ र ६ गरी जम्मा ६३ जनाले त्रुटि गरेको पाइयो । सही प्रतिक्रिया दिने जम्मा २१.२५% देखियो भने गलत प्रतिक्रिया दिने ८७.७५% देखियो ।

स्वतन्त्रलेखनमा क्रमशः ०, २, १, ०, ०, २, २, ३, ० र १ गरी जम्मा ११ जनाले सही प्रतिक्रिया दिएको पाइयो भने सोही क्रममा ८, ८, ७, ७, ७, ६, ६, ५, ८ र ७ गरी जम्मा ६७ जनाले दिएका प्रतिक्रियाहरू गलत रहेको पाइयो । कालीमाटी र खुरहरीका १/१ जना गरी २ जना विद्यार्थीले वचन पक्षमा केही पनि प्रतिक्रिया नदिएको पाइयो । जम्मा विद्यार्थीहरूमध्ये १३.७५% विद्यार्थीहरूले सही प्रतिक्रिया, ८३.७५% ले गलत प्रतिक्रिया र २.५% ले अप्रतिक्रिया दिएको देखियो ।

समग्रमा भन्नुपर्दा सुम्नामसुन्तलेका ७५%, स्याङ्ती तथा लुम्तीका ५०% विद्यार्थीले सही उत्तर वस्तुगत प्रश्नमा दिएको पाइयो भने कालीमाटी र तोस्रामखोलाका कुनै पनि विद्यार्थीले सही उत्तर दिन सकेनन् । अन्य विद्यालयका विद्यार्थीहरूको प्रतिक्रिया पनि ज्यादै

कमजोर देखियो । त्यस्तै विषयगत प्रश्नमा सबभन्दा बढी तिल्पुङ्गडाँडाका र तोस्रामखोलाका सम्पूर्ण विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएका छन् । अन्य विद्यालयका विद्यार्थीहरूको विषयगत प्रश्नको प्रतिक्रिया कमजोर नै देखिन्छ । स्वतन्त्रलेखनमा ५०% विद्यार्थीहरूले पनि सही प्रतिक्रिया दिन नसकेकाले सम्पूर्ण विद्यालयका विद्यार्थीहरूको स्तर कमजोर नै देखिन्छ ।

## ३.६.२ लिङ्ग पक्षको तुलनात्मक त्रुटिविश्लेषण

वाक्यगठनका विभिन्न तत्वहरूको त्रुटिविश्लेषण गर्ने क्रममा लिङ्गसम्बन्धी पनि वस्तुगतअन्तर्गत पहिचानात्मक बहुविकल्पी, विषयगतअन्तर्गत (निर्देशात्मक, उत्पादनात्मक .सङ्क्षिप्त उत्तरात्मक) र स्वतन्त्रलेखनअन्तर्गत निबन्धात्मक उत्तर आउने खालका प्रश्नहरू सोधिएका थिए । व्याकरणात्मक धारणानुसार लिङ्ग पक्षमा गरेका १० विद्यालयका विद्यार्थीहरूको त्रुटि केलाउँदा निम्न तालिकाबमोजिमको विवरण पाइयो ।

**तालिका नं. २**

| क.सं. | विद्यालयहरू | प्रश्नहरू | ठीक गर्ने | | बेठीक गर्ने | | अप्रतिक्रिया दिने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ज्ञ | उ.मा.वि. बाहुनतिल्पुङ्ग | वस्तुगत | छ | टद्दाछ | घ | घठाछ | | |
| | | विषयगत | घ | घठाछ | छ | द्धद्दाछ | | |
| | | स्वतन्त्रलेखन | | | | | ड | ज्ञण्ण |
| | | जम्मा | ड | घघाघघ | ड | घघाघघ | ड | घघाघघ |
| द्द | उ.मा.वि स्याङ्ती | वस्तुगत | ड | ज्ञण्ण | | | | |
| | | विषयगत | द्द | द्दछ | ट | ठछ | | |
| | | स्वतन्त्रलेखन | | | | | ड | ज्ञण्ण |
| | | जम्मा | ज्ञण | द्धज्ञाटठ | ट | द्दछ | ड | घघाघघ |
| घ | नि.मा.वि. तिल्पुङ्गडाँडा | वस्तुगत | ड | ज्ञण्ण | | | | |
| | | विषयगत | द्ध | छुण | द्ध | छुण | | |
| | | स्वतन्त्रलेखन | | | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ |
| | | जम्मा | ज्ञद्द | छुण | छ | द्दणडघ | ठ | द्दढाज्ञठ |

| क.सं. | विद्यालयहरू | प्रश्नहरू | ठीक गर्ने | | बेठीक गर्ने | | अप्रतिक्रिया दिने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| द्ध | नि.मा.वि. कालीमाटी | वस्तुगत | ट | ठछ | घ | द्दछ | | |
| | | विषयगत | द्द | द्दछ | ट | ठछ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वतन्त्रलेखन | | | | | ड | ज्ञण्ण |
| | | जम्मा | ड | घघ।घघ | ड | घघ।घघ | ड | घघ।घघ |
| छ | मा.वि. खुरहरी | वस्तुगत | ठ | डठ।छ | ज्ञ | ज्ञद्द।छ | | |
| | | विषयगत | | | ड | ज्ञण्ण | | |
| | | स्वतन्त्रलेखन | | | | | ड | ज्ञण्ण |
| | | जम्मा | ठ | द्दढ।ज्ञठ | ढ | घठ।छ | ड | घघ।घघ |
| ट | मा.वि. तोस्राामखोला | वस्तुगत | द्ध | छ्ण | द्ध | छ्ण | | |
| | | विषयगत | द्द | द्दछ | ट | ठछ | | |
| | | स्वतन्त्रलेखन | | | | | ड | ज्ञण्ण |
| | | जम्मा | ट | द्दछ | ज्ञण | द्धज्ञ।टठ | ड | घघ।घघ |
| ठ | उ.मा.वि. लुम्ती | वस्तुगत | ट | ठछ | द्द | द्दछ | | |
| | | विषयगत | द्द | द्दछ | ट | ठछ | | |
| | | स्वतन्त्रलेखन | | | | | ड | ज्ञण्ण |
| | | जम्मा | ड | घघ।घघ | ड | घघ।घघ | ड | घघ।घघ |
| ड | मा.वि. सुम्नामसुन्तले | वस्तुगत | ठ | डठ।छ | ज्ञ | ज्ञद्द।छ | | |
| | | विषयगत | ट | ठछ | द्द | द्दछ | | |
| | | स्वतन्त्रलेखन | | | | | ड | ज्ञण्ण |
| | | जम्मा | ज्ञघ | छद्ध।ज्ञट | घ | ज्ञद्द।छ | ड | घघ।घघ |
| ढ | मा.वि. हिलेपानी शाखाजोर | वस्तुगत | ठ | डठ।छ | ज्ञ | ज्ञद्द।छ | | |
| | | विषयगत | द्ध | छ्ण | द्ध | छ्ण | | |
| | | स्वतन्त्रलेखन | | | | | ड | ज्ञण्ण |
| | | जम्मा | ज्ञज्ञ | द्धछ।डघ | छ | द्दणडघ | ड | घघ।घघ |
| ज्ञण | उ.मा.वि. मझुवादोभान | वस्तुगत | ड | ज्ञण्ण | | | | |
| | | विषयगत | द्ध | छ्ण | द्ध | छ्ण | | |
| | | स्वतन्त्रलेखन | | | ज्ञ | ज्ञद्द।छ | ठ | डठ।छ |
| | | जम्मा | ज्ञद्द | छ्ण | छ | द्दणडघ | ठ | द्दढ।ज्ञठ |
| जम्मा | | वस्तुगत | टट | डद्द।छ | ज्ञद्ध | ज्ञठ।छ | | |
| | | विषयगत | द्दढ | घट।द्दछ | छज्ञ | टघ।ठछ | | |
| | | स्वतन्त्रलेखन | | | द्द | द्द।छ | ठड | ढठ।छ |
| कूल जम्मा | | | ढछ | घढ।छड | टठ | द्दठ।ढद्द | ठड | घद्द।छ |

स्रोतः स्थलगत अध्ययन २०६९, भाद्र-आश्विन

उपर्युक्त तालिकाबाट के स्पष्ट हुन्छ भने लिङ्ग पक्षका वस्तुगत प्रश्नमा क्रमशः उ.मा.वि. वाहुनतिल्पुङ्गका ५, उ.मा.वि.स्याङ्तीका ८, नि.मा.वि. तिल्पुङ्डाँडाका ८, नि.मा.वि.कालीमाटीका ६, मा.वि. खुरहरीका ७, मा.वि. तोस्राामखोलाका ४, उ.मा.वि. लुम्तीका ६, मा.वि. सुम्नामसुन्तलेका ७, मा.वि. हिलेपानी शाखाजोरका ७ र उ.मा.वि. मझुवादोभानका ८ जना गरी जम्मा ६६ जनाले सही उत्तर दिएको पाइयो भने विद्यालयहरूकै क्रममा ३, ०, ०, २, १, ४, २, १, १ र ० गरी जम्मा १४ जनाले त्रुटि

गरेको पाइयो । अप्रतिक्रिया कसैको देखिएन । ८२.५% विद्यार्थीहरूको सही र १७.५% विद्यार्थीहरूको गलत प्रतिक्रिया रहेको पाइयो । उ.मा.वि. स्याङ्ती, नि.मा.वि. तिल्पुङ्गडाँडा र मझुवादोभानका सम्पूर्ण विद्यार्थीहरूले ठीक गरेका छन् भने अन्य विद्यालयहरूका पनि ५०% भन्दा माथि विद्यार्थीहरूले सही उत्तर छनोट गरेको पाइयो ।

विद्यार्थीहरूको विषयगत (निर्देशमुलक उत्पादनात्मक) प्रश्नमा दिइएका प्रतिक्रियाहरूमा विद्यालय क्रमानुसार ३, २, ४, २, ०, २, २, ६, ४ र ४ गरी जम्मा २९ जनाको सही प्रतिक्रिया रहेको देखिन्छ भने सोही क्रममा क्रमशः ५, ६, ४, ६, ८, ६, ६, २, ४ र ४ गरी जम्मा ५१ जनाको गलत प्रतिक्रिया रहेको पाइयो । अप्रतिक्रिया कसैको देखिएन । सही उत्तर दिने  विद्यार्थीहरू ३६.२५ प्रतिशत देखिए भने गलत उत्तर दिने विद्यार्थीहरू ६३.७५% देखिए ।

स्वतन्त्रलेखनमा सबै विद्यालयका प्रायजसो सबै विद्यार्थीहरूको अप्रयोगको अवस्था देखियो । नि.मा.वि. तिल्पुङ्गडाँडाको १जना, उ.मा.वि. मझुवादोभानको १ जना गरी २ जनाको गलत प्रयोग रह्यो भने बाँकी विद्यार्थीहरूको लिङ्गको पहिचानयुक्त वाक्यको प्रयोग देखिएन । विद्यालय क्रमानुसार ८, ८, ७, ८, ८, ८, ८, ८, ८ र ७ गरी जम्मा ७८ वा ९७.५% विद्यार्थीले लिङ्गको पहिचान नहुने खालका वाक्यहरू प्रयोग गरेको  पाइयो । स्वतन्त्रलेखनमा विद्यार्थीहरूले लिङ्ग पहिचान गर्न सकिने वाक्यहरू प्रयोग नगरेकोले लिङ्गसम्बन्धमा विद्यार्थीको ज्ञानको स्तर एकिन गर्न नसकिने अवस्था बन्यो । तैपनि १/२ जना विद्यार्थीको प्रयोगलाई हेर्दा कर्ता र क्रियाको सङ्गति नमिलाउने विद्यार्थी नै प्रायजसो हुने गरेको देखियो ।

वस्तुगत, विषयगत र स्वतन्त्रलेखन तीनै पक्षमा गरेको त्रुटिलाई समग्रमा हेर्दा ३९.५८% विद्यार्थीको सही प्रतिक्रिया, २७.९२% विद्यार्थीको गलत र ३२.५% विद्यार्थीको अप्रतिक्रिया रहेको देखियो । सबभन्दा बढी मा.वि. सुम्नामसुन्तलेका ५४.१६% विद्यार्थीहरूले ठीक गरेको पाइयो भने मा.वि. तोस्रामखोलाका २५% को मात्र सही प्रतिक्रिया देखियो । बाँकी विद्यालयका विद्यार्थीहरूको अवस्था कमजोरै देखिएको छ ।

### ३.६.३ पुरुष पक्षको त्रुटिविश्लेषण

वाक्यगठनका विभिन्न तत्वहरूको त्रुटिविश्लेषण गर्ने क्रममा पुरुष पक्षको त्रुटिविश्लेषणको निमित्त वस्तुगत, विषयगत (उत्पादनात्मक निर्देशात्मक) तथा स्वतन्त्रलेखनको लागि प्रश्नहरू सोधिएका थिए । व्याकरणिक नियमानुसार पुरुष पक्षमा गरिएका त्रुटिहरूको परीक्षण गरियो र त्यसलाई निम्न बमोजिमको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ३**

| क.सं. | विद्यालयहरू | प्रश्नहरू | ठीक गर्ने | | बेठीक गर्ने | | अप्रतिक्रिया दिने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ज्ञ | उ.मा.वि. बाहुनतिल्पुङ्ग | वस्तुगत | घ | घठाछ | छ | टद्दाछ | | |
| | | विषयगत | | | ड | ज्ञण्ण | | |
| | | स्वतन्त्रलेखन | | | ड | ज्ञण्ण | | |
| | | जम्मा | घ | ज्ञद्दाछ | द्दज्ञ | डठाछ | | |
| द्द | उ.मा.वि स्याङ्ती | वस्तुगत | द्ध | छ्ण | घ | घठाछ | ज्ञ | ज्ञद्दाछ |
| | | विषयगत | | | ड | ज्ञण्ण | | |
| | | स्वतन्त्रलेखन | द्द | द्दछ | ट | ठछ | | |
| | | जम्मा | ट | द्दछ | ज्ञठ | ठणडघ | ज्ञ | द्धाज्ञठ |
| घ | नि.मा.वि. तिल्पुङ्गडाँडा | वस्तुगत | द्ध | छ्ण | द्ध | छ्ण | | |
| | | विषयगत | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ | | |
| | | स्वतन्त्रलेखन | घ | घठाछ | द्ध | छ्ण | ज्ञ | ज्ञद्दाछ |
| | | जम्मा | ड | घघाघघ | ज्ञछ | टद्दाछ | ज्ञ | द्धाज्ञठ |
| द्ध | नि.मा.वि. कालीमाटी | वस्तुगत | ठ | डठाछ | ज्ञ | ज्ञद्दाछ | | |
| | | विषयगत | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ | | |
| | | स्वतन्त्रलेखन | | | ठ | डठाछ | ज्ञ | ज्ञद्दाछ |
| | | जम्मा | ड | घघाघघ | ज्ञछ | टद्दाछ | ज्ञ | द्धाज्ञठ |
| छ | मा.वि. खुरहरी | वस्तुगत | द्द | द्दछ | ट | ठछ | | |
| | | विषयगत | | | ड | ज्ञण्ण | | |
| | | स्वतन्त्रलेखन | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ | | |
| | | जम्मा | घ | ज्ञद्दाछ | द्दज्ञ | डठाछ | | |
| ट | मा.वि. तोस्रामखोला | वस्तुगत | छ | टद्दाछ | घ | घठाछ | | |
| | | विषयगत | | | ठ | डठाछ | ज्ञ | ज्ञद्दाछ |
| | | स्वतन्त्रलेखन | द्द | द्दछ | ट | ठछ | | |
| | | जम्मा | ठ | द्दढाज्ञठ | ज्ञट | टटाटठ | ज्ञ | द्धाज्ञठ |
| क.सं. | विद्यालयहरू | प्रश्नहरू | ठीक गर्ने | | बेठीक गर्ने | | अप्रतिक्रिया दिने | |
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ठ | उ.मा.वि. लुम्ती | वस्तुगत | ड | ज्ञण्ण | | | | |
| | | विषयगत | | | छ | टद्दाछ | घ | घठाछ |
| | | स्वतन्त्रलेखन | घ | घठाछ | छ | टद्दाछ | | |
| | | जम्मा | ज्ञज्ञ | द्धछाडघ | ज्ञण | द्धज्ञाटठ | घ | ज्ञद्दाछ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ड | मा.वि. सुम्नामसुन्तले | वस्तुगत | ठ | डठा|छ | ज्ञ | ज्ञद्दा|छ | | |
| | | विषयगत | | | ड | ज्ञण्ण | | |
| | | स्वतन्त्रलेखन | छ | टद्दा|छ | घ | घठा|छ | | |
| | | जम्मा | ज्ञद्द | छ्ण | ज्ञद्द | छ्ण | | |
| ढ | मा.वि. हिलेपानी शाखाजोर | वस्तुगत | घ | घठा|छ | छ | टद्दा|छ | | |
| | | विषयगत | | | ड | ज्ञण्ण | | |
| | | स्वतन्त्रलेखन | | | ड | ज्ञण्ण | | |
| | | जम्मा | घ | ज्ञद्दा|छ | द्दज्ञ | डठा|छ | | |
| ज्ञण | उ.मा.वि. मझ्ुवादोभान | वस्तुगत | ठ | डठा|छ | ज्ञ | ज्ञद्दा|छ | | |
| | | विषयगत | द्द | द्दछ | ट | ठछ | | |
| | | स्वतन्त्रलेखन | घ | घठा|छ | छ | टद्दा|छ | | |
| | | जम्मा | ज्ञद्द | छ्ण | ज्ञद्द | छ्ण | | |
| जम्मा | | वस्तुगत | छ्ण | टद्दा|छ | द्दढ | घटा|द्दछ | ज्ञ | ज्ञा|द्दछ |
| | | विषयगत | द्ध | छ | ठद्द | ढण | द्ध | छ |
| | | स्वतन्त्रलेखन | ज्ञढ | द्दघा|ठछ | छढ | ठघा|ठछ | द्द | द्दा|छ |
| कूल जम्मा | | | ठघ | घण|द्धद्द | ज्ञटण | टटा|टठ | द्ध | द्दा|ढद्द |

स्रोतः स्थलगत अध्ययन २०६९, भाद्र-आश्विन

माथिको तालिकामा पुरुष पक्षमा आएका प्रतिक्रियाहरू प्रस्तुत गरिएको छ । वस्तुगत प्रश्नहरूमा क्रमशः उ.मा.वि. वाहुनतिल्पुङ्गका ३, उ.मा.वि. स्याङ्तीका ४, नि.मा.वि. तिल्पुङ्गडाँडाका ४, नि.मा.वि. कालीमाटीका ७, मा.वि. खुरहरीका २, मा.वि. तोस्रामखोलाका ०, उ.मा.वि. लुम्तीका ८, मा.वि. सुम्नामसुन्तलेका ७ मा.वि. हिलेपानी शाखाजोरका ३ र उ.मा.वि. मझ्ुवादोभानका ७ गरी जम्मा २० जनाले सही गरेको देखियो भने विद्यालयकै क्रममा ५, ३, ४, १, ६, ३, ०, १, ५ र १ गरी जम्मा २९ जनाले गलत प्रतिक्रिया दिएका थिए । उ.मा.वि. स्याङ्तीको १ जना विद्यार्थीले कुनै प्रतिक्रिया दिएको देखिएन । वस्तुगत प्रश्नमा उ.मा.वि. लुम्तीका १००% विद्यार्थीले सही उत्तर दिएको पाइयो भने नि.मा.वि कालीमाटी, मा.वि. सुम्नामसुन्तले र उ.मा.वि. मझ्ुवादोभानका ८७.५% विद्यार्थीहरूले सही उत्तर दिन सफल भएको देखियो । उ.मा.वि. वाहुनतिल्पुङ्ग र मा.वि. हिलेपानी शाखाजोरका ६२% विद्यार्थीहरूले बेठीक गरेको देखियो । समग्रमा हेर्दा वस्तुगत प्रश्नमा ६२.५% सही, ३६.२५% गलत र १.२५% विद्यार्थीहरूको अप्रतिक्रिया देखियो ।

त्यस्तै विषयगत (संक्षिप्त उत्तरात्मक, निर्देशनात्मक उत्पादनात्मक) प्रश्नमा ज्यादै त्रुटि गरेको पाइयो । नि.मा.वि. तिल्पुङ्गडाँडाका १, नि.मा.वि. कालीमाटीका १ जना र

उ.मा.वि. मभ्रुवादोभानका २ जना गरी जम्मा ४ जना वा ५%ले मात्र सही उत्तर दिएका थिए भने बाँकी प्रायजसो विद्यार्थीहरूको गलत प्रतिक्रिया रहेको पाइयो । तोस्रामखोलाको १ र उ.मा.वि. लुम्तीका ३ जना गरी जम्मा ४ जनाको अप्रतिक्रिया देखियो ।

स्वतन्त्रलेखनमा पनि पुरुष पक्षमा कर्ताअनुसारको क्रियापद प्रयोग नगरी धेरै विद्यार्थीले गलत प्रतिक्रिया दिएको पाइयो । उ.मा.वि. स्याङ्तीका २ जना नि.मा.वि. तिल्पुङ्गडाँडाका ३ जना, मा.वि. खुरहरीका १ जना, मा.वि. तोस्रामखोलाका २ जना, उ.मा.वि. लुम्तीका ३ जना, मा.वि. सुम्नामसुन्तलेका ५ जना र उ.मा.वि. मभ्रुवादोभान का ३ जना गरी जम्मा १९ जनाले मात्र सही वाक्यगठन गरेका छन् भने उ.मा.वि वाहुनतिल्पुङ्ग, नि.मा.वि. कालीमाटी, मा.वि. हिलेपानी शाखाजोरका सबै विद्यार्थीले गलत प्रतिक्रिया दिएका छन् । नि.मा.वि. तिल्पुङ्डाँडा र नि.मा.वि.कालीमाटीको १ जना गरी जम्मा २ जनाले पुरुषको पहिचानयुक्त वाक्यको प्रयोग नगरेको पाइयो । स्वतन्त्रलेखनमा पुरुष पक्षमा २३.७५% विद्यार्थीले सही वाक्यगठन, ७३.७५% गलत वाक्यगठन र २.५% विद्यार्थीले पुरुष पहिचनयुक्त वाक्यगठन नगरेको पाइयो । स्वतन्त्रलेखनअनुसार हेर्दा पुरुष पक्षमा धेरै विद्यार्थीहरू कमजोर रहेको देखियो ।

समग्रमा पुरुष पक्षको वस्तुगत विषयगत र स्वतन्त्रलेखनमा सुम्नामसुन्तले र मभ्रुवा दोभानका ५०% विद्यार्थीले सही प्रतिक्रिया दिएको देखियो भने बाँकी अरु विद्यालयका विद्यार्थहरूको पुरुष पक्षको धारणा अत्यन्तै कमजोर रहेको पाइयो । उ.मा.वि. वाहुनतिल्पुङ्ग, मा.वि.हिलेपानी शाखाजोर र मा.वि. खुरहरीका ८७.५% विद्यार्थीहरूले पुरुष पक्षमा गलत प्रतिक्रिया दिएको देखियो ।

### ३.६.४ भाव पक्षको तुलनात्मक त्रुटिविश्लेषण

वाक्यगठनका विभिन्न पक्षहरूमध्ये भाव पनि एक हो । भावलाई अर्थ वा वृत्ति भनेर पनि चिनिन्छ । यस सम्बन्धी वस्तुगत, विषयगत (निर्देशमूलक, उत्पादनात्मक), स्वतन्त्रलेखन (निवन्धात्मक) प्रश्नहरू सोधिएका थिए । सोधिएका सबै प्रश्नहरूमा ५०%

भन्दा बढी विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइयो । तसर्थः विद्यार्थीहरूको स्तर कमजोर देखियो । उनीहरूले गरेका त्रुटि वा सही विवरण निम्नलिखित तालिका ४ बाट प्रष्ट हुन्छ ।

## तालिका नं. ४

| क.सं. | विद्यालयहरू | प्रश्नहरू | ठीक गर्ने | | बेठीक गर्ने | | अप्रतिक्रिया दिने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ज्ञ | उ.मा.वि. बाहुनतिल्पुङ्ग | वस्तुगत | द्द | द्दछ | छ | टद्दाछ | ज्ञ | ज्ञद्दाछ |
| | | विषयगत | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ | | |
| | | स्वतन्त्रलेखन | घ | घठाछ | छ | टद्दाछ | | |
| | | जम्मा | ट | द्दछ | ज्ञठ | ठणडघ | ज्ञ | द्धाज्ञठ |
| द्द | उ.मा.वि स्याङ्ती | वस्तुगत | घ | घठाछ | छ | टद्दाछ | | |
| | | विषयगत | | | ड | ज्ञण्ण | | |
| | | स्वतन्त्रलेखन | द्ध | छण | घ | घठाछ | ज्ञ | ज्ञद्दाछ |
| | | जम्मा | ठ | द्दढाज्ञठ | ज्ञट | टटाटठ | ज्ञ | द्धाज्ञठ |
| घ | नि.मा.वि. तिल्पुङ्गडाँडा | वस्तुगत | द्ध | छण | द्ध | छण | | |
| | | विषयगत | द्ध | छण | द्ध | छण | | |
| | | स्वतन्त्रलेखन | द्द | द्दछ | ट | ठछ | | |
| | | जम्मा | ज्ञण | द्धज्ञाटठ | ज्ञद्ध | छडाघघ | | |
| द्ध | नि.मा.वि. कालीमाटी | वस्तुगत | | | ड | ज्ञण्ण | | |
| | | विषयगत | | | ड | ज्ञण्ण | | |
| | | स्वतन्त्रलेखन | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ | | |
| | | जम्मा | ज्ञ | द्धाज्ञठ | द्दघ | ढछाडघ | | |
| छ | मा.वि. खुरहरी | वस्तुगत | | | ड | ज्ञण्ण | | |
| | | विषयगत | | | ड | ज्ञण्ण | | |
| | | स्वतन्त्रलेखन | | | ड | ज्ञण्ण | | |
| | | जम्मा | | | द्दद्ध | ज्ञण्ण | | |
| ट | मा.वि. तोस्रामखोला | वस्तुगत | द्ध | छण | द्ध | छण | | |
| | | विषयगत | द्द | द्दछ | ट | ठछ | | |
| | | स्वतन्त्रलेखन | द्द | द्दछ | छ | टद्दाछ | ज्ञ | ज्ञद्दाछ |
| | | जम्मा | ड | घघाघघ | ज्ञछ | टद्दाछ | ज्ञ | द्धाज्ञठ |
| ठ | उ.मा.वि. लुम्ती | वस्तुगत | द्ध | छण | द्ध | छण | | |
| | | विषयगत | छ | टद्दाछ | घ | घठाछ | | |
| | | स्वतन्त्रलेखन | ट | ठछ | द्द | द्दछ | | |
| | | जम्मा | ज्ञछ | टद्दाछ | ढ | घठाछ | | |
| क.सं. | विद्यालयहरू | प्रश्नहरू | ठीक गर्ने | | बेठीक गर्ने | | अप्रतिक्रिया दिने | |
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ड | मा.वि. सुम्नामसुन्तले | वस्तुगत | द्ध | छण | द्ध | छण | | |
| | | विषयगत | द्द | द्दछ | ट | ठछ | | |
| | | स्वतन्त्रलेखन | द्ध | छण | द्ध | छण | | |
| | | जम्मा | ज्ञण | द्धज्ञाटठ | ज्ञद्ध | छडाघघ | | |
| ढ | मा.वि. हिलेपानी शाखाजोर | वस्तुगत | द्द | द्दछ | ट | ठछ | | |
| | | विषयगत | | | छ | ज्ञण्ण | | |
| | | स्वतन्त्रलेखन | घ | घठाछ | छ | टद्दाछ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | छ | द्दणडघ | ज्ञढ | ठढाज्ञठ | | |
| ज्ञण | उ.मा.वि. मझुवादोभान | वस्तुगत | घ | घठाछ | छ | टद्दाछ | | |
| | | विषयगत | द्द | द्दछ | ट | ठछ | | |
| | | स्वतन्त्रलेखन | द्द | द्दछ | द्द | द्दछ | द्ध | छण |
| | | जम्मा | ठ | द्दढाज्ञठ | ज्ञघ | छद्धाज्ञठ | द्ध | ज्ञटाटठ |
| जम्मा | | वस्तुगत | द्दट | घद्दाछ | छघ | टटाठछ | ज्ञ | ज्ञाद्दछ |
| | | विषयगत | ज्ञट | द्दण | टद्ध | डण | | |
| | | स्वतन्त्रलेखन | द्दठ | घघाठछ | द्धठ | छडाठछ | ट | ठाछ |
| कूल जम्मा | | | टढ | द्दडाठछ | ज्ञटद्ध | टडाघघ | ठ | द्दाढद्द |

स्रोत: स्थलगत अध्ययन २०६९, भाद्र-आश्विन

व्याकरण कोटिको भाव पक्षको परीक्षणअनुसार वस्तुगत प्रश्नहरूमा उ.मा.वि. वाहुतिल्पुङ्गका-२, उ.मा.वि. स्याङ्तीका-३, नि.मा.वि. तिल्पुङ्गडाँडाका-४, नि.मा.वि. कालीमाटीका ०, मा.वि. खुरहरीका ०, मा.वि. तोस्‌मखोलाका ४, उ.मा.वि. लुम्तीका ४, मा.वि. सुम्नामसुन्तलेका ५, मा.वि. हिलेपानी शाखाजोरका-२ र उ.मा.वि. मझुवादोभानका ३ जना गरी जम्मा २६ जना वा ३२.५% विद्यार्थीहरूले ठीक उत्तर छ्यानेको पाइयो भने विद्यालयकै क्रमानुसार ५, ५, ४ ८, ८, ४, ४, ४, ६ र ५ जना गरी जम्मा ५३ अर्थात् ६६.५%ले त्रुटि गरेको पाइयो । उ.मा.वि. वाहुनतिल्पुङ्गको १ जना विद्यार्थीले प्रतिक्रिया दिएनन् । सहीभन्दा गलत गर्ने विद्यार्थीहरू बढी भएको हुँदा वस्तुगत परीक्षणअनुसार विद्यार्थीहरूको क्षमतास्तर कमजोर देखिन्छ । सबै विद्यालयका ५०% भन्दा बढी विद्यार्थीहरूले सही उत्तर दिएको देखिएन ।

त्यसै गरी संक्षिप्त उत्तरात्मक विषयगत प्रश्नमा वस्तुगत प्रश्नमा भन्दा अझ बढी विद्यार्थीहरूले त्रुटि गरेको देखियो । विद्यालयको क्रमानुसार १, ०, ४, ०, ०, २, ५ २, ० र २ गरी जम्मा १६ जना वा २०% विद्यार्थीले सही प्रतिक्रिया दिएका छन् भने सोही विद्यालय क्रमानुसार ७, ८, ४, ८, ८, ६, ३, ६, ८ र ६ गरी जम्मा ६४ वा ८०% विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइयो । विषयगत प्रश्नमा सबभन्दा बढी उ.मा.वि. लुम्तीका ६२% विद्यार्थीले सही उत्तर दिएको देखियो भने उ.मा.वि. स्याङ्ती, नि.मा.वि. कालीमाटी मा.वि. खुरहरी र मा.वि. हिलेपानीका कुनै विद्यार्थीले पनि सही प्रतिक्रिया दिएको देखिएन । बाँकी विद्यार्थीहरूमा पनि अल्पसङ्ख्यकले मात्र सही प्रतिक्रिया दिएका थिए ।

स्वतन्त्रलेखनअन्तर्गत सोधिएका प्रश्नहरूमा सही वाक्यगठन गर्ने विद्यार्थीहरू विद्यालयको क्रममा ५, ३, ६, ७, ८ ५, २, ४, ५ र २ गरी जम ४७ जना वा ५८.७५% विद्यार्थी देखियो । भाव पहिचानमूलक वाक्यको प्रयोग नगर्नेहरूमा उ.मा.वि. स्याङती १, मा.वि. तोस्रामखोला १, र उ.मा.वि. मझुवादोभानका ४ जना गरी जम्मा ६ जना वा ७.५% रहेको पाइयो । स्वतन्त्रलेखनअन्तर्गत सबभन्दा बढी ठीक प्रयोग गर्नेमा उ.मा.वि. लुम्तीका ७५% देखियो भने मा.वि. खुरहरीका सम्पूर्ण विद्यार्थीहरूको गलत प्रतिक्रिया रहेको देखियो । बाँकी अन्य विद्यालयका विद्यार्थीको वाक्यगठनगत क्षमतास्तर कमजोर रहेको देखियो ।

समग्रमा वस्तुगत, विषयगत र स्वतन्त्रलेखन गरी जम्मा २८.७५% विद्यार्थीले सही प्रतिक्रिया दिएका थिए भने ६८.३३% विद्यार्थीले गलत र २.९२% विद्यार्थीले अप्रतिक्रिया दिएको पाइयो । उ.मा.वि. लुम्तीका ६२.५% विद्यार्थीले सही प्रतिक्रिया दिएका थिए भने मा.वि. खुरहरीका सबै विद्यार्थीहरूले वस्तुगत विषयगत र स्वतन्त्रलेखन तीनै पक्षमा गलत प्रतिक्रिया दिएका थिए बाँकी विद्यार्थीहरूको सही प्रतिक्रिया ५०% भन्दा कम भएकाले भाव पक्षको विद्यार्थीहरूको सही धारणा तथा उनीहरूको स्तर कमजोर देखिन्छ ।

## ३.६.५. कालसम्बन्धी तुलनात्मक त्रुटिविश्लेषण

क्रिया र समयसँग सम्बन्धित व्याकरणात्मक कोटि काल वाक्यगठनको एक मत्वपूर्ण पक्ष हो । वाक्यगठनगत त्रुटिहरूको अध्ययनको लागि सोधिएका वस्तुगत, विषयगत (निर्देशनमूलक, उत्पादनात्मक) र स्वतन्त्रलेखनका प्रश्नहरूमा गरिएका त्रुटिहरूको परीक्षण पश्चात् आएको विवरणलाई निम्न तालिकामा प्रस्तुत गरी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**तालिका नं. ५**

| क.सं. | विद्यालयहरू | प्रश्नहरू | ठीक गर्ने | | बेठीक गर्ने | | अप्रतिक्रिया दिने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ज्ञ | उ.मा.वि. बाहुनतिल्पुङ्ग | वस्तुगत | द्द | द्दछ | द्ध | छण | द्द | द्दछ |
| | | विषयगत | द्ध | छण | द्ध | छण | | |
| | | स्वतन्त्रलेखन | द्ध | छण | द्ध | छण | | |
| | | जम्मा | ज्ञण | द्धज्ञाटठ | ज्ञद्द | छण | द्द | डाघघ |
| द्द | उ.मा.वि | वस्तुगत | द्द | द्दछ | द्ध | छण | द्द | द्दछ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स्याङ्ती | विषयगत | घ | घठ।छ | छ | टद्द।छ | | |
| | | स्वतन्त्रलेखन | ड | ज्ञण्ण | | | | |
| | | जम्मा | ज्ञघ | छद्ध।ज्ञठ | ढ | घठ।छ | द्द | ड।घघ |
| घ | नि.मा.वि. तिल्पुङ्गडाँडा | वस्तुगत | द्ध | छण | द्ध | छण | | |
| | | विषयगत | घ | घठ।छ | छ | टद्द।छ | | |
| | | स्वतन्त्रलेखन | ठ | डठ।छ | ज्ञ | ज्ञद्द।छ | | |
| | | जम्मा | ज्ञद्ध | छड।घघ | ज्ञण | द्धज्ञ।टठ | | |
| द्ध | नि.मा.वि. कालीमाटी | वस्तुगत | छ | टद्द।छ | घ | घठ।छ | | |
| | | विषयगत | ट | ठछ | द्द | द्दछ | | |
| | | स्वतन्त्रलेखन | छ | टद्द।छ | घ | घठ।छ | | |
| | | जम्मा | ज्ञट | टट।टठ | ड | घघ।घघ | | |
| छ | मा.वि. खुरहरी | वस्तुगत | ज्ञ | ज्ञद्द।छ | ठ | डठ।छ | | |
| | | विषयगत | ज्ञ | ज्ञद्द।छ | ठ | डठ।छ | | |
| | | स्वतन्त्रलेखन | घ | घठ।छ | द्ध | छण | ज्ञ | ज्ञद्द।छ |
| | | जम्मा | छ | द्दणडघ | ज्ञड | ठछ | ज्ञ | द्ध।ज्ञठ |
| ट | मा.वि. तोस्राामखोला | वस्तुगत | द्ध | छण | द्ध | छण | | |
| | | विषयगत | ट | ठछ | द्द | द्दछ | | |
| | | स्वतन्त्रलेखन | ट | ठछ | द्द | द्दछ | | |
| | | जम्मा | ज्ञट | टट।टठ | ड | घघ।घघ | | |
| ठ | उ.मा.वि. लुम्ती | वस्तुगत | ट | ठछ | द्द | द्दछ | | |
| | | विषयगत | छ | टद्द।छ | घ | घठ।छ | | |
| | | स्वतन्त्रलेखन | ट | ठछ | द्द | द्दछ | | |
| | | जम्मा | ज्ञठ | ठणडघ | ठ | द्दढ।ज्ञठ | | |
| ड | मा.वि. सुम्नामसुन्तले | वस्तुगत | द्द | द्दछ | ट | ठछ | | |
| | | विषयगत | घ | घठ।छ | छ | टद्द।छ | | |
| | | स्वतन्त्रलेखन | ठ | डठ।छ | ज्ञ | ज्ञद्द।छ | | |
| | | जम्मा | ज्ञद्द | छण | ज्ञद्द | छण | | |
| ढ | मा.वि. हिलेपानी शाखाजोर | वस्तुगत | घ | घठ।छ | छ | टद्द।छ | | |
| | | विषयगत | ज्ञ | ज्ञद्द।छ | ठ | डठ।छ | | |
| | | स्वतन्त्रलेखन | छ | टद्द।छ | घ | घठ।छ | | |
| | | जम्मा | ढ | घठ।छ | ज्ञछ | टद्द।छ | | |
| ज्ञण | उ.मा.वि. मझुवादोभान | वस्तुगत | द्ध | छण | द्ध | छण | | |
| | | विषयगत | द्द | द्दछ | ट | ठछ | | |
| | | स्वतन्त्रलेखन | घ | घठ।छ | द्ध | छण | ज्ञ | ज्ञद्द।छ |
| | | जम्मा | ढ | घठ।छ | ज्ञद्ध | छड।घघ | ज्ञ | द्ध।ज्ञठ |
| जम्मा | | वस्तुगत | घघ | द्धज्ञ।द्दछ | द्धघ | छघ।ठछ | द्ध | छ |
| | | विषयगत | घद्ध | द्धद्द।छ | द्धट | छठ।छ | | |
| | | स्वतन्त्रलेखन | छद्ध | टठ।छ | द्दद्ध | घण | द्द | द्द।छ |
| कूल जम्मा | | | ज्ञद्दज्ञ | छण।द्धद्द | ज्ञज्ञघ | द्धठ।ण्ड | ट | द्द।छ |

स्रोतः स्थलगत अध्ययन २०६९, भाद्र-आश्विन

वाक्यगठनअन्तर्गत कालको परीक्षणअनुसार वस्तुगत प्रश्नहरूको सही उत्तर दिनेमा उ.मा.वि. वाहुनतिल्पुङ्गका २, उ.मा.वि. स्याङ्तीका २, नि.मा.वि. तिल्पुङ्गडाँडाका ४, नि.मा.वि. कालीमाटीका ५, मा.वि. खुरहरीका १, मा.वि. तोस्राामखोलाका ४, उ.मा.वि. लुम्तीका ६, मा.वि. सुन्नाम सुन्तलेका २, मा.वि. हिलेपानी शाखजोरका ३, उ.मा.वि. मझुवादोभानका ४ गरी जम्मा ३३ अर्थात ४१.२५% विद्यार्थीले ठीक उत्तर दिएको पाइयो

भने बेठीक गर्ने विद्यालयको क्रमानुसार ४, ४, ४, ३, ७, ४, २, ६, ५ र ४ गरी जम्मा ४३ जना वा ५३.७५% विद्यार्थी देखिए । उ.मा.वि. वाहुनतिल्पुङ्गका २ जना, उ.मा.वि. स्याङ्तीका २ जना गरी जम्मा ४ जना वा ५% विद्यार्थीले ठीक (✓) चिन्ह नै नलगाएको पाइयो । सबभन्दा बढी मिलाउने उ.मा.वि. लुम्ती र नि.मा.वि.कालीमाटीका ७५% र ६२.५% रहेको देखिन्छ भने उ.मा.वि. खुरहरीका १ जना विद्यार्थीले मात्र सही उत्तर दिएका छन् । बाँकी विद्यार्थीहरूको प्रतिक्रिया कमजोर रहेको देखिन्छ ।

विषयगत प्रश्नमा विद्यालयको क्रमानुसार ४, ३, ३, ६, १, ६, ५, ३, १ र २ गरी जम्मा ३४ जना वा ४२.५ विद्यार्थीले सही प्रतिक्रिया दिएका छन् भने सोही क्रममा ४, ५, ५, २, ७, २, ३, ५, ७ र ६ गरी जम्मा ४६ जना वा ५७.५% विद्यार्थीले गलत प्रतिक्रिया दिएका छन् । विषयगत प्रश्नमा सबभन्दा बढी नि.मा.वि. कालीमाटी र मा.वि. तोस्रामखोलाका ६/६ जना विद्यार्थी वा ७५% विद्यार्थीले सही प्रतिक्रिया दिएका छन् भने मा.वि. खुरहरी र मा.वि. हिलेपानीका सबभन्दा बढी ७/७ जना वा ८७.५% विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएका छन् । बाँकी अन्य विद्यार्थीहरूको स्तर कमजोर देखिन्छ ।

स्वतन्त्रलेखन अन्तर्गत विद्यालय क्रमानुसार ४, ८, ७, ५, ३, ६, ६, ७, ५ र ३ गरी जम्मा ५४ जना वा ६७.५% विद्यार्थीले सही वाक्यगठन गरेका छन् भने सोही क्रममा ४, ०, १, ३, ४, २, २, १, ३ र ४ जना गरी जम्मा २४ वा ३०% विद्यार्थीले वाक्यगठनको गलत प्रयोग गरेको पाइयो । मा.वि. खुरहरी र मझुवादोभानका १/१ जना गरी जम्मा २ जना वा २.५% विद्यार्थीले कालसम्बन्धी पहिचानयुक्त वाक्यगठन नगरेको पाइयो । स्वतन्त्रलेखन अन्तर्गत सबभन्दा बढी ठीक गर्नेमा उ.मा.वि. स्याङ्तीका १००% छन् भने नि.मा.वि. तिल्पुङ्गडाँडा र मा.वि. सुम्नामसुन्तलेका ८७.५% विद्यार्थीले सही वाक्यगठन गरेका छन् । धेरै गल्ती गर्नेमा उ.मा.वि. वाहुनतिल्पुङ्ग, मा.वि. खुरहरी र उ.मा.वि. मझुवादोभानका ५०% विद्यार्थीहरू रहेका छन् । स्वतन्त्रलेखनको कालपक्षमा विद्यार्थीहरूको स्तर सन्तोषजनक नै देखियो ।

समग्रमा ५०.४२% विद्यार्थीको सही प्रयोग, ४७.०८% को गलत र २.५% विद्यार्थीको अप्रतिक्रिया देखियो । उ.मा.वि. तुम्तीका ७०.८३% विद्यार्थले सबभन्दा बढी

ठीक प्रयोग गरेको देखियो भने मा.वि. खुरहरीका ७५% विद्यार्थीहरूले बेठीक प्रयोग गरेको पाइयो ।

### ३.६.६ पक्षसम्बन्धी तुलनात्मक त्रुटिविश्लेषण

विशेष कालावधिको बोध गराउने पक्षको सम्बन्ध क्रियासँग मात्र हुने भए तापनि सामान्यतया पूरै वाक्यसँग यसको सम्बन्ध रहेको हुन्छ । पक्षसँग सम्बन्धित वस्तुगत विषयगत (निर्देशमूलक, उत्पादनात्मक) र स्वतन्त्रलेखनका प्रश्नहरू सोधिएका थिए । परीक्षण पश्चात् आएको त्रुटि वा सही विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६**

| क.सं. | विद्यालयहरू | प्रश्नहरू | ठीक गर्ने | | बेठीक गर्ने | | अप्रतिक्रिया दिने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ज्ञ | उ.मा.वि. बाहुनतिल्पुङ्ग | वस्तुगत | द्द | द्दछ | ट | ठछ | | |
| | | विषयगत | द्द | द्दछ | ट | ठछ | | |
| | | स्वतन्त्रलेखन | | | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ |
| | | जम्मा | द्ध | ज्ञटाटठ | ज्ञघ | छद्धाज्ञठ | ठ | द्दढाज्ञठ |
| द्द | उ.मा.वि स्याङ्ती | वस्तुगत | द्ध | छण | द्ध | छण | | |
| | | विषयगत | द्द | द्दछ | छ | टद्दाछ | ज्ञ | ज्ञद्दाछ |
| | | स्वतन्त्रलेखन | | | | | ड | ज्ञण्ण |
| | | जम्मा | ट | द्दछ | ढ | घठाछ | ढ | घठाछ |
| घ | नि.मा.वि. तिल्पुङ्गडाँडा | वस्तुगत | ज्ञ | द्दछ | ट | ठछ | | |
| | | विषयगत | ज्ञ | द्दछ | ट | ठछ | | |
| | | स्वतन्त्रलेखन | | | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ |
| | | जम्मा | द्ध | ज्ञटाघठ | ज्ञघ | छद्धाज्ञठ | ठ | द्दढाज्ञठ |
| द्ध | नि.मा.वि. कालीमाटी | वस्तुगत | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ | | |
| | | विषयगत | ट | ठछ | ज्ञ | ज्ञद्दाछ | ज्ञ | ज्ञद्दाछ |
| | | स्वतन्त्रलेखन | द्द | द्दछ | द्द | द्दछ | द्ध | छण |
| | | जम्मा | ढ | घठाछ | ज्ञण | द्धज्ञाटठ | छ | द्दणडघ |
| क.सं. | विद्यालयहरू | प्रश्नहरू | ठीक गर्ने | | बेठीक गर्ने | | अप्रतिक्रिया दिने | |
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छ | मा.वि. खुरहरी | वस्तुगत | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ | | |
| | | विषयगत | द्ध | छण | द्ध | छण | | |
| | | स्वतन्त्रलेखन | ज्ञ | ज्ञद्दाछ | ज्ञ | ज्ञद्दाछ | ट | ठछ |
| | | जम्मा | ट | द्दछ | ज्ञद्द | छडाघघ | ट | द्दछ |
| ट | मा.वि. तोस्रामखोला | वस्तुगत | द्द | द्दछ | ट | ठछ | | |
| | | विषयगत | घ | घठाछ | द्द | द्दछ | घ | घठाछ |
| | | स्वतन्त्रलेखन | | | | | ड | ज्ञण्ण |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | छ | द्दणडघ | ड | घघाघघ | ज्ञज्ञ | द्धछाडघ |
| ठ | उ.मा.वि. लुम्ती | वस्तुगत | घ | घठाछ | छ | टद्दाछ | | |
| | | विषयगत | छ | टद्दाछ | घ | घठाछ | | |
| | | स्वतन्त्रलेखन | ज्ञ | ज्ञद्दाछ | ज्ञ | ज्ञद्दाछ | | |
| | | जम्मा | ढ | घठाछ | ढ | घद्धाछ | ट | ठछ |
| ड | मा.वि. सुम्नामसुन्तले | वस्तुगत | | | ड | ज्ञण्ण | ट | द्दछ |
| | | विषयगत | घ | घठाछ | छ | टद्दाछ | | |
| | | स्वतन्त्रलेखन | ज्ञ | ज्ञद्दाछ | ज्ञ | ज्ञद्दाछ | ट | ठछ |
| | | जम्मा | द्ध | ज्ञटाटठ | ज्ञद्ध | छडाघघ | ट | द्दछ |
| ढ | मा.वि. हिलेपानी शाखाजोर | वस्तुगत | द्द | द्दछ | ट | ठछ | | |
| | | विषयगत | द्ध | छण | द्ध | छण | | |
| | | स्वतन्त्रलेखन | | | | | ड | ज्ञण्ण |
| | | जम्मा | ट | द्दछ | ज्ञण | द्धज्ञाटठ | ड | घघाघघ |
| ज्ञण | उ.मा.वि. मभ्रुवादोभान | वस्तुगत | छ | टद्दाछ | घ | घठाछ | | |
| | | विषयगत | द्ध | छण | द्ध | छण | | |
| | | स्वतन्त्रलेखन | द्द | द्दछ | ज्ञ | ज्ञद्दाछ | छ | टद्दाछ |
| | | जम्मा | ज्ञज्ञ | द्धछाडघ | ड | घघाघघ | छ | द्दणडघ |
| जम्मा | | वस्तुगत | द्दद्द | द्दठाछ | छड | ठद्दाछ | | |
| | | विषयगत | घछ | द्धघाठछ | द्धण | छण | छ | टाद्दछ |
| | | स्वतन्त्रलेखन | ठ | डाठछ | ड | ज्ञण | टछ | डज्ञाद्दछ |
| कूल जम्मा | | | टद्ध | द्दटाटठ | ज्ञण्ट | द्धद्धाज्ञठ | ठण | द्दढाज्ञठ |

स्रोतः स्थलगत अध्ययन २०६९, भाद्र-आश्विन

उपर्युक्त तालिका नं. ६ बाट के स्पष्ट हुन आउँछ भने पक्षसम्बन्धी वस्तुगत पहिचानात्मक बहुवैकल्पिक प्रश्नमा उ.मा.वि. बाहुनतिल्पुङ्गका २ जना, उ.मा.वि. स्याङ्तीका ४ जना, नि.मा.वि. तिल्पुङ्गडाँडाका २ जना, नि.मा.वि. कालीमाटीका १ जना, मा.वि. खुरहरिका १ जना, मा.वि. तोस्रामखोलाका २ जना, उ.मा.वि. लुम्तीका ३ मा.वि. सुम्नामसुन्तलेका ०, मा.वि. हिलेपानी शाखाजोरका २ जना, र उ.मा.वि. मभ्रुवा दोभानका ५ जना गरी जम्मा २२ जना अर्थात् २७.५१% विद्यार्थीहरूले ठीक गरेको पाइयो भने विद्यालयहरूकै क्रममा क्रमशः ६, ४, ६, ७, ७, ६, ५ ८, ६ र ३ गरी जम्मा ५८ जना वा ७२.५% विद्यार्थीहरूले गलत गरेको पाइयो । वस्तुगत प्रश्नमा सबभन्दा बढी उत्तर मिलाउने श्री मा.वि. मभ्रुवा दोभानका ५ जना वा ६२.५% विद्यार्थीहरू देखिए भने मा.वि. सुम्नामसुन्तलेका १००% विद्यार्थीहरूले गलत गरेको पाइयो । अन्य विद्यालयका ५०% भन्दा कम विद्यार्थीहरूले मात्र उत्तर मिलाएको हुँदा कालका पक्षसम्बन्धी ज्ञान कमै रहेको पाइयो ।

त्यस्तै विषयगत परीक्षण वा संक्षिप्त उत्तरात्मक (निर्देशानात्मक उत्पादनात्मक) प्रश्नमा विद्यालय क्रमानुसार २, २, २, ६, ४, ३, ५, ३, ४, ४ गरी जम्मा ३५ जना वा४३.७५% विद्यार्थीहरूले सही प्रतिक्रिया दिए भने सोही क्रममा ६, ५, ६, १, ४, २, ३, ५, ४ र ४ गरी जम्मा ४० जना वा ५०% विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइयो । उ.मा.वि. स्याङती र नि.मा.वि. कालीमाटीका १/१ जना र मा.वि. तोस्रामखोलाका ३ जना गरी जम्मा ५ जना वा ६.२५% विद्यार्थीहरूले अप्रतिक्रिया दिएको पाइयो । विषयगत प्रश्नमा सबभन्दा बढी ठीक गर्ने नि.मा.वि. कालीमाटीका ६ जना वा ७५% रहेका थिए भने सबभन्दा बढी गलत गर्ने उ.मा.वि बाहुनतिल्पुङ्ग र नि.मा.वि. तिल्पुङ्गडाँडाका ७५% विद्यार्थीहरू देखिए । अन्य विद्यालयका विद्यार्थीहरूको स्तर पनि त्यति सन्तोषजनक पाइएन ।

स्वतन्त्रलेखनअन्तर्गत सोधिएका निबन्धात्मक २ प्रश्नहरूमा नि.मा.वि. कालीमाटीका २ जना मा.वि. खुरहरीको १ जना उ.मा.वि. लुम्तीको १ जना मा.वि. सुम्नामसुन्तलेको १ जना उ.मा.वि. मझुवादोभानको २ जना गरी जम्मा ७ जना वा ८.७५% विद्यार्थीले कालका पक्षको सही प्रयोग गरेको देखियो । विद्यालय क्रमानुसार १, ०, १, २, १, ०, १, १, ० र १ गरी जम्मा ८ जना वा १०% विद्यार्थीले गलत वाक्यगठन गरेको पाइयो । उ.मा.वि. स्याङ्ती, मा.वि. तोस्रामखोला र मा.वि. हिलेपानीका १००% विद्यार्थीले पक्षको पहिचानयुक्त वाक्यको प्रयोग नगरेको पाइयो भने उ.मा.वि. वाहुनतिल्पुङ्गका ७ जना, नि.मा.वि. कालीमाटीका ४ जना मा.वि. खुरहरीका ६ जना उ.मा.वि. लुम्तीका ६ जना मा.वि. सुम्नामसुन्तलेका ६ जना र उमा.वि. मझुवादोभानका ५ जनाले कालका पक्षको पहिचानयुक्त वाक्यहरू प्रयोग नगरेको पाइयो । जम्मा ६५ जना वा ८१.२५% विद्यार्थीले अप्रयोग गरेको देखियो । कालका पक्षमा विद्यार्थीहरूको जानकारी कम रहेको पाइयो ।

वस्तुगत, प्रतिक्रियात्मक विषयगत र स्वतन्त्रलेखनमा समग्रमा २६.६७% विद्यार्थीहरूले सही वाक्यगठन गरेको देखियो भने ४४.१७% विद्यार्थीले गलत वाक्यगठन गरेको पाइयो । २९.१७% विद्यार्थीहरूले पक्षको पहिचानयुक्त वाक्यको प्रयोग नगरेको

पाइयो । कालका पक्षको ज्ञान तथा प्रयोगमा सबै विद्यार्थीहरूको स्तर कमजोर रहेको देखियो ।

### ३.६.७ कारकसम्बन्धी तुलनात्मक त्रुटिविश्लेषण

वाक्यगठनको अर्को महत्वपूर्ण पक्ष कारक पनि हो । यसले शब्द-शब्दका बीच सङ्गति मिलाउनको लागि अहम् भूमिका खेलेको हुन्छ । कारक पक्षको त्रुटिविश्लेषणको लागि १० वटै विद्यालयका विद्यार्थीहरूद्वारा दिइएको उत्तरहरूको परीक्षण गरी तालिकीकरण गरिएको छ । सही प्रतिक्रियाभन्दा गलत प्रतिक्रिया ज्यादा भएको देखियो । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७**

| क.सं. | विद्यालयहरू | प्रश्नहरू | ठीक गर्ने | | बेठीक गर्ने | | अप्रतिक्रिया दिने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ज्ञ | उ.मा.वि. बाहुनतिल्पुङ्ग | वस्तुगत | द्द | द्दछ | द्ध | छण | द्द | द्दछ |
| | | विषयगत | ज्ञ | ज्ञद्दाछ | घ | घठाछ | द्ध | छण |
| | | स्वतन्त्रलेखन | द्द | द्दछ | छ | ठद्दाछ | ज्ञ | ज्ञद्दाछ |
| | | जम्मा | छ | द्दणडघ | ज्ञद्द | छण | ठ | द्दढाज्ञठ |
| द्द | उ.मा.वि स्याङ्ती | वस्तुगत | | | ड | ज्ञणण | | |
| | | विषयगत | ज्ञ | ज्ञद्दाछ | घ | घठाछ | द्ध | छण |
| | | स्वतन्त्रलेखन | ट | ठाछ | द्द | द्दछ | | |
| | | जम्मा | ठ | द्दढाज्ञठ | ज्ञघ | छद्धाज्ञठ | द्ध | ज्ञटाटठ |
| घ | नि.मा.वि. तिल्पुङ्गडाँडा | वस्तुगत | छ | टद्दाछ | घ | घठाछ | | |
| | | विषयगत | ट | ठछ | द्द | द्दछ | | |
| | | स्वतन्त्रलेखन | द्ध | छण | द्ध | छण | | |
| | | जम्मा | ज्ञछ | टद्दाछ | ढ | घठाछ | | |
| द्ध | नि.मा.वि. कालीमाटी | वस्तुगत | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ | | |
| | | विषयगत | | | ठ | डठाछ | ज्ञ | ज्ञद्दाछ |
| | | स्वतन्त्रलेखन | घ | घठाछ | द्ध | छण | ज्ञ | ज्ञद्दाछ |
| | | जम्मा | द्ध | ज्ञटाटठ | ज्ञड | ठछ | द्द | डाघघ |
| क.सं. | विद्यालयहरू | प्रश्नहरू | ठीक गर्ने | | बेठीक गर्ने | | अप्रतिक्रिया दिने | |
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छ | मा.वि. खुरहरी | वस्तुगत | | | ड | ज्ञणण | | |
| | | विषयगत | | | ट | ठछ | द्द | द्दछ |
| | | स्वतन्त्रलेखन | द्द | द्दछ | द्ध | छण | द्द | द्दछ |
| | | जम्मा | द्द | डाघघ | ज्ञड | ठछ | द्ध | ज्ञटाटठ |
| ट | मा.वि. तोस्रामखोला | वस्तुगत | | | छ | टद्दाछ | घ | घठाछ |
| | | विषयगत | ज्ञ | ज्ञद्दाछ | द्ध | छण | घ | घठाछ |
| | | स्वतन्त्रलेखन | घ | घठाछ | छ | टद्दाछ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | द्ध | ज्ञटाटठ | ज्ञण | छडाघघ | ट | द्दछ |
| ठ | उ.मा.वि. लुम्ती | वस्तुगत | द्द | द्दछ | ट | ठछ | | |
| | | विषयगत | | | द्द | द्दछ | ट | ठछ |
| | | स्वतन्त्रलेखन | ठ | डठाछ | ज्ञ | ज्ञद्दाछ | | |
| | | जम्मा | ढ | घठाछ | ढ | घठाछ | द्द | द्दछ |
| ड | मा.वि. सुम्नामसुन्तले | वस्तुगत | छ | टद्दाछ | द्द | द्दछ | ज्ञ | ज्ञद्दाछ |
| | | विषयगत | ट | ठछ | ज्ञ | ज्ञद्दाछ | ज्ञ | ज्ञद्दाछ |
| | | स्वतन्त्रलेखन | ठ | डठाछ | | | ज्ञ | ज्ञद्दाछ |
| | | जम्मा | ज्ञड | ठछ | घ | ज्ञद्दाछ | घ | ज्ञद्दाछ |
| ढ | मा.वि. हिलेपानी शाखाजोर | वस्तुगत | | | ड | ज्ञण्ण | | |
| | | विषयगत | ज्ञ | ज्ञद्दाछ | द्ध | छण | घ | घठाछ |
| | | स्वतन्त्रलेखन | घ | घठाछ | छ | टद्दाछ | | |
| | | जम्मा | द्ध | ज्ञटाटठ | ज्ञठ | ठणडघ | घ | ज्ञद्दाछ |
| ज्ञण | उ.मा.वि. मभ्रुवादोभान | वस्तुगत | ज्ञ | ज्ञद्दाछ | ठ | डठाछ | | |
| | | विषयगत | ज्ञ | ज्ञद्दाछ | छ | टद्दाछ | द्द | द्दछ |
| | | स्वतन्त्रलेखन | द्ध | छण | द्ध | छण | | |
| | | जम्मा | ट | द्दछ | ज्ञट | टटाटठ | द्द | डाघघ |
| जम्मा | | वस्तुगत | ज्ञट | द्दण | छड | ठद्दाछ | ट | ठाछ |
| | | विषयगत | ज्ञठ | द्दज्ञाद्दछ | घठ | द्धटाद्दछ | द्दट | घद्दाछ |
| | | स्वतन्त्रलेखन | द्धज्ञ | छज्ञाद्दछ | घद्ध | द्धद्दाछ | छ | टाद्दछ |
| कूल जम्मा | | | ठद्ध | घणडघ | ज्ञद्दढ | छघाठछ | घठ | ज्ञछाद्धज्ञ |

स्रोतः स्थलगत अध्ययन २०६९, भाद्र-आश्विन

उपर्युक्त तालिका नं. ७ मा कारकमा गरिएको त्रुटिको विवरण प्रस्तुत गरिएको छ । कारकको मूल्याङ्कनका निमित्त लिइएको वस्तुगत परीक्षामा उ.मा.वि. वाहुनतिल्पुङ्गका २, उ.मा.वि. स्याङ्तीका ०, नि.मा.वि. तिल्पुङ्गडाँडाका ५, नि.मा.वि. कालीमाटीका १, मा.वि. खुरहरीका ०, मा.वि. तोस्रामखोलाका ०, उ.मा.वि. लुम्तीका २, मा.वि. सुम्नामसुन्तलेका ५, मा.वि. हिलेपानी शाखाजोरका ० र उ.मा.वि. मभ्रुवादोभानका १ जना गरी जम्मा १६ जनाले वा २०% ले सही उत्तर दिए भने विद्यालय क्रमानुसार ४, ८, ३, ७, ८, ५, ६, २, ८ र ७ गरी जम्मा ५८ वा ७२.५% विद्यार्थीले गलत उत्तर दिएको पाइयो । उ.मा.वि. बाहुनतिल्पुङ्गका २, मा.वि. तोस्रामखोलाका ३, मा.वि. सुम्नामसुन्तलेका १ जना गरी जम्मा ६ जना वा ७.५% विद्यार्थीले प्रतिक्रिया नै दिएको देखिएन । सबभन्दा बढी सही उत्तर मिलाउनेमा नि.मा.वि. तिल्पुङ्गडाँडाका र मा.वि.सुम्नामसुन्तलेका ६२.५% विद्यार्थी देखिए भने उ.मा.वि. स्याङ्ती, नि.मा.वि. खुरहरी र मा.वि. हिलेपानीका कसैले पनि सही उत्तर मिलाएनन् । बाँकी विद्यालयका विद्यार्थीहरूको अवस्था नाजुक नै देखियो ।

प्रतिक्रियात्मक विषयगत प्रश्नहरूमा विद्यालय क्रमानुसार १, १, ६, ०, ०, १, ०, ६, १, र १ गरी जम्मा १७ वा २१.२५% विद्यार्थीहरूले सही प्रतिक्रिया दिएका थिए भने सोही क्रममा ३, ३, २, ७, ६, ४, २, १, ४ र ५ गरी जम्मा ३७ जना वा ४६.२५% विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएका थिए । विद्यालयकै क्रममा ४, ४, ०, १, २, ३, ६, १, ३ र २ गरी जम्मा २६ वा ३२.५% विद्यार्थीहरूको अप्रतिक्रिया देखियो । सुम्नामसुन्तले र तिल्पुङ्गडाँडाका ७५% विद्यार्थीले सबभन्दा बढी सही उत्तर दिएको देखियो भने मा.वि. खुरहरीका सबै विद्यार्थीले सही प्रतिक्रिया दिन सकेको देखिएन । गलत गर्ने र अप्रतिक्रिया दिने विद्यार्थी ज्यादा देखिएको हुँदा कारकको ज्ञान विद्यार्थीहरूसँग ज्यादै कम रहेको पाइयो।

स्वतन्त्रलेखनमा विद्यार्थीहरूको स्तर मध्यम खालको पाउन सकिन्छ । विद्यालय क्रमानुसार २, ६, ४, ३, २, ३, ७, ७, ३ र ४ गरी जम्मा ४१ जना वा ५१.२५% विद्यार्थीहरूले ठीक प्रयोग गरेको पाइयो भने सोही क्रममा ५, २, ४, ४, ४, ५, १, ०, ५ र ४ गरी जम्मा ३४ जना वा ४२.५% ले गलत प्रयोग गरेको पाइयो । वाहुनतिल्पुङ्गको १ जना कालीमाटीको १ जना खुरहरीका २ जना र सुम्नामसुन्तलेका १ जना गरी जम्मा ५ जना वा ६.२५% ले कारको पहिचानयुक्त वाक्यको प्रयोग नगरेको पाइयो । सबभन्दा बढी सही गर्नेहरूमा मा.वि. सुम्नामसुन्तले र उ.मा.वि. लुम्तीका ७५% विद्यार्थीहरू देखिए भने उ.मा.वि. वाहुनतिल्पुङ्ग मा.वि. तोस्रामखोला र मा.वि. हिलेपानी शाखाजोरका सबभन्दा बढी ६२.५% विद्यार्थीको गलत प्रयोग पाइयो । बाँकी विद्यालयका विद्यार्थीहरूको अवस्था मध्यम खालको देखियो ।

समग्रमा ३०.८३% विद्यार्थीको सही प्रतिक्रिया ५३.७५% विद्यार्थीको गलत प्रतिक्रिया र १५.४१% विद्यार्थीको अप्रतिक्रिया रहेको पाइयो । यसरी हेर्दा विद्यार्थीको कारकको ज्ञान तथा प्रयोगको अवस्था राम्रो देखिदैन । वस्तुगत र विषयगतमा ज्यादै कम तथा स्वतन्त्रलेखनमा मध्यम खालको प्रतिक्रिया विद्यार्थीहरूको देखिन्छ ।

## समष्टिगत तुलनात्मक विवरण तालिका

### तालिका नं. ८

| क.सं. | विद्यालयहरू | वचन | | | लिङ्ग | | | पुरुष | | | भाव | | | काल | | | पक्ष | | | कारक | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ठी. | बे. | अ. | ठी. | बे. | अ. | ठी. | बे. | अ. | ठी. | बे. | अ. | ठी. | बे. | अ. | ठी. | बे. | अ. | ठी. | बे. | अ. | ठी. | बे. | अ. |
| ञ | उ.मा.वि. बाहुनतिल्पुङ्ग | ञटाटठ | डघाघघ | | घघाघघ | घघाघघ | घघाघघ | ञद्दाछ | डठाछ | | द्दछ | ठणाडघ | द्धाञठ | द्धञाटठ | छण | डाघघ | ञटाटठ | छद्धाञठ | द्दढाञठ | द्दणाडघ | छण | द्दढाञठ | द्दघाडञ | टञाघञ | ञद्धाडड |
| द्द | उ.मा.वि स्याङ्ती | घठाछ | टद्दाछ | | द्धञाटठ | द्दछ | घघाघघ | द्दछ | ठणाडघ | द्धाञठ | द्दढाञठ | टटाटठ | द्धाञठ | छद्धाञठ | घठाछ | डाघघ | द्दछ | घठाछ | घठाछ | द्दढाञठ | छद्धाञट | ञटाटठ | घद्धाछघ | छणाछढ | ञद्धाडड |
| घ | नि.मा.वि. तिल्पुङ्गडाँडा | घठाछ | टद्दाछ | | छण | द्दणाडघ | द्दढाञठ | घघाघघ | टद्दाछ | द्धाञठ | द्धञाटठ | छडाघघ | | छडाघघ | द्धञाटठ | | ञटाटठ | छद्धाञठ | द्दढाञठ | टद्दाछ | घठाछ | | द्धद्दाडट | द्धडाद्दञ | डाढघ |
| द्ध | नि.मा.वि. कालीमाटी | | ढछाडघ | द्धाञठ | घघाघघ | घघाघघ | घघाघघ | घघाघघ | टद्दाछ | द्धाञठ | द्धाञठ | ढछाडघ | | टटाटठ | घघाघघ | | घठाछ | द्धञाटठ | द्दणाडघ | ञटाटठ | ठछ | डाघघ | द्दठाघड | टद्दाछण | ञणाञद्द |
| छ | मा.वि. खुरहरी | द्धाञठ | ढञाटठ | द्धाञठ | द्दढाञठ | घठाछ | घघाघघ | ञद्दाछ | डठाछ | | | ञणण | | द्दणाडघ | ठछ | द्धाञठ | द्दछ | छण | द्दछ | डाघघ | ठछ | ञटाटठ | ञद्धाद्दढ | ठघाडञ | ञञाढण |
| ट | मा.वि. तोसामखोला | डाघघ | ढञाटठ | | द्दछ | द्धञाटठ | घघाघघ | द्दढाञठ | टटाटठ | द्धाञठ | घघाघघ | टद्दाछ | द्धाञण | टटाटठ | घघाघघ | | द्दणाडघ | घघाघघ | द्धछाडघ | ञटाटठ | छडाघघ | द्दछ | द्दडाछठ | छछाघट | ञटाणठ |
| ठ | उ.मा.वि. लुम्ती | घठाछ | टद्दाछ | | घघाघघ | घघाघघ | घघाघघ | द्धछाडघ | द्धञाटठ | ञद्दाछ | टद्दाछ | घठाछ | | ठणाडघ | द्दढाञठ | | घठाछ | घठाछ | द्दछ | घठाछ | घठाछ | द्दछ | द्धटाद्धघ | घढाडड | ञघाटढ |
| ड | मा.वि. सुम्नामसुन्तले | द्धञाटठ | छडाघघ | | छद्धाञट | ञद्दाछ | घघाघघ | छण | छण | | द्धञाटठ | छडाघघ | | छण | छण | | ञटाटठ | छडाघघ | द्दछ | ठछ | ञद्दाछ | ञद्दाछ | द्धठाणघ | द्धद्दाडछ | ञणाञद्द |
| ढ | मा.वि. हिलेपानी शाखाजोर | ञद्दाछ | डठाछ | | द्धछाडड | द्दणाडघ | घघाघघ | ञद्दाछ | डठाछ | | द्दणाटघ | ठढाञठ | | घठाछ | टद्दाछ | | द्दछ | द्धञाटठ | घघाघघ | ञटाटठ | ठणाडघ | ञद्दाछ | द्दद्धाघड | टद्धाघण | ञञाघञ |
| ञण | उ.मा.वि. मझुवादोभान | ञटाटठ | डघाघघ | | छण | द्दणाडघ | द्दढाञठ | छण | छण | | द्दढाञठ | छद्धाञठ | ञटाटठ | घठाछ | छडाघघ | द्धाञठ | द्धछाडघ | घघाघघ | द्दणाडघ | द्दछ | टटाटठ | डाघघ | घटाघञ | छद्दाघड | ञञाघञ |
| जम्मा | | द्दञाद्दछ | ठठाढद्द | णाडघ | घढाछड | द्दठाढद्द | घद्दाछ | घणाद्धद्द | टटाटठ | द्दाढद्द | द्दडाठछ | टडाघघ | द्दाढद्द | छणाद्धद्द | द्धठाणड | द्दाछ | द्दटाटठ | द्धद्धाञठ | द्दढाञठ | घणाडघ | छघाठछ | ञछाद्धद्द | घद्दाछट | छछाञद्द | ञद्दाघद्द |

## तालिका नं. ८

| वाक्यगठनका पक्षहरू | ठीक गर्ने | | | | बेठीक गर्ने | | | | अप्रतिक्रिया दिने | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वस्तुगत | विषयगत | स्वतन्त्रलेखन | जम्मा | वस्तुगत | विषयगत | स्वतन्त्रलेखन | जम्मा | वस्तुगत | विषयगत | स्वतन्त्रलेखन | जम्मा |
| वचन | द्डाठछ | द्ज्ञाद्छ | ज्ञघाठछ | द्ज्ञाद्छ | ठज्ञाद्छ | ठडाठछ | डघाठछ | ठठाढद् | | | द्दाछ | णडघ |
| लिङ्ग | डद्दाछ | घटाद्छ | | घढाछड | ज्ञठाछ | टघाठछ | द्ठाढद् | द्ठाढद् | | | ढठाछ | घद्दाछ |
| पुरुष | टद्दाछ | छ | द्घाठछ | घणाद्धद् | घटाद्छ | ढण | ठघाठछ | टटाटठ | ज्ञाद्छ | | द्दाछ | द्दाढद् |
| भाव | घद्दाछ | द्ण | घघाठछ | द्डाठछ | टटाठछ | डण | छछाठछ | टडाघघ | ज्ञाद्छ | छ | ठाछ | द्दाढद् |
| काल | द्धज्ञाद्छ | द्धद्दाछ | टठाछ | छणाद्धद् | छघाठछ | छठाछ | द्धठाण्ड | द्धठाण्ड | छ | | द्दाछ | द्दाछ |
| पक्ष | द्ठाछ | द्धघाठछ | डाठछ | द्टाटठ | ठघाछ | छण | ज्ञण | द्धद्धाज्ञठ | | टाद्छ | डज्ञाद्छ | द्ढाज्ञठ |
| कारक | द्ण | द्ज्ञाद्छ | छज्ञाद्छ | घणडघ | ठद्दाछ | द्धटाद्छ | द्धद्दाछ | छघाठछ | ठाछ | घद्दाछ | टाद्छ | ज्ञछाद्धज्ञ |
| जम्मा | द्धद्दाज्ञद्ध | द्ठाज्ञद्ध | द्डाद्ढ | | छछाठद्ध | टटाछ | द्धद्दाटण | | द्दाज्ञद्ध | टाद्छ | द्डाछठ | |

## ३.७ सम्पूर्ण वाक्यगठनसम्बन्धी त्रुटिपक्षको तुलनात्मक विवरण

वाक्यगठनसम्बन्धी त्रुटिपक्षको अध्ययन गर्ने क्रममा पहिचान गर्न वस्तुगत पहिचानात्मक, विषयगत (निर्देशमूलक उत्पादनात्मक) अर्थात् संक्षिप्त उत्तरात्मक र स्वतन्त्रलेखन अन्तर्गत निबन्धात्मक गरी जम्मा तीन थरीका प्रश्नहरूको निर्माण गरिएको थियो । यिनै तीनखाले प्रश्नहरूका आधारमा लिइएको परीक्षणका आधारमा अध्याय ३.६.१ देखि ३.६.७ सम्मका छुट्टाछुट्टै शीर्षक उपशीर्षकका माध्यमबाट छुट्टाछुट्टै रुपमा अध्ययन गरिसकिएको छ । यहाँ तिनै तालिकाहरूको समष्टिमा निकै सङ्क्षिप्त रुपमा तुलनात्मक विवरण मात्र प्रस्तुत गरिएको छ । (समष्टिगत विद्यार्थी त्रुटि प्रतिशत विवरणको लागि तालिका नं ८ र ९ हेर्नुहोस् )

वस्तुगत प्रतिक्रियात्मक विषयगत र स्वतन्त्रलेखन तीनै पक्षअनुसार तुलनात्मक रुपमा हेर्दा मा.वि. सुम्नामसुन्तलेका विद्यार्थीहरू वचन, लिङ्ग र पुरुष पक्षमा केही उत्कृष्ट देखिए, त्यसै गरी भाव र काल पक्षमा उ.मा.वि. लुम्ती, पक्षमा उ.मा.वि.मझुवा दोभान र कारकमा नि.मा.वि. तिल्पुङ्गडाँडाका विद्यार्थीहरू केही उत्कृष्ट देखिए । त्यसै गरी मा.वि. खुरहरीका विद्यार्थीहरू वचन, पुरुष, भाव, काल र कारकमा सबभन्दा कमजोर देखिए भने नि.मा.वि. कालीमाटीका वचन र भावमा कमजोर देखिए । बाँकी अन्य विद्यालयका विद्यार्थीहरू पनि वाक्यगठनका विभिन्न कोटिहरूमा कमजोरै देखिए । सबै विद्यालयका विद्यार्थीहरूको ज्यादै कमजोरी भने वचनमा रहेको पाइयो ।

परीक्षण गरिएको विद्यालयका विद्यार्थीहरूमध्ये सबभन्दा बढी मा.वि. सुम्नामसुन्तलेका ४७.०३% विद्यार्थीहरूले सही प्रतिक्रिया दिएको पाइयो भने सबभन्दा कमजोर मा.वि. खुरहरीको १४.२९% विद्यार्थीहरूको मात्र सही प्रतिक्रिया पाइयो । यसरी समग्रमा हेर्दा मा.वि. सुम्नामसुन्तले उत्कृष्ट र मा.वि. खुरहरी निम्न कोटिमा दरिन पुगेको देखियो ।

# अध्याय चार

## ४.१ वाक्यगठनका विभिन्न पक्षगत त्रुटिहरूको विश्लेषण

वाक्यगठनका सम्बन्धमा पूर्व अध्यायहरूमा चर्चा परिचर्चा भइसकेकाले यस अध्यायमा वाक्यगठनका विभिन्न पक्षहरूमा विद्यार्थीहरूले गरेका वस्तुगत, प्रतिक्रियात्मक विषयगत र स्वतन्त्रलेखनगत त्रुटिमूलक वाक्यहरू उल्लेख गरी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.१.१ वचनगत त्रुटि

विद्यार्थीहरूले वस्तुगत, विषयगत र स्वतन्त्रलेखनमा गरेका वचनगत त्रुटिका केही नमुनाहरू निम्न छन्:

- वस्तुगत त्रुटि

१) केटो रुखबाट लडे ।  २) केटाहरू रुखबाट लड्यो ।  ३) केटो रुखबाट लड्छन् ।

- विषयगत (उत्पादनात्मक निर्देशात्मक) त्रुटि

४) छोरीले पढिन् ।  ५) छोराहरूले पढ्छ ।  ६) छोराहरूले पढ्यो ।

७) छोराहरू सबैले पढ्यो ।  ८) चोर गयो ।  ९) चोरहरू आउँछ ।

१०) चोरहरू घर आयो ।  ११) चोरहरू आएछन् ।

- स्वतन्त्रलेखनगत त्रुटि

१२) हामी दशैंमा खसी काट्नेछ ।

१३) म दशैंमा मामाघर जान्छौं ।

१४) सबै वनका जन्तुहरूले घाँसपात खान्छ ।

१५) हामी कुखुरा बोकेर माउला जान्छ ।

१६) आफ्नो दिदीबहिनी आउन्छौ ।

१७) भएको सबै चेलीबेटीहरू आउन्छौ ।

वचनको सङ्गति मिलेको सही उत्तर छान्न दिएकोमा विद्यार्थीहरूले वाक्य १ र ३ मा एकवचन कर्तासँग बहुवचन क्रिया, वाक्य २ मा बहुवचन कर्तासँग एकवचन क्रिया प्रयोग गरेर त्रुटि गरेका छन् ।

बहुवचनमा परिवर्तन गर्न सोधिएका प्रश्नहरूमा बहुवचन प्रयोग भएका सङ्गति मिलेका वाक्यहरू नलेखेको हुनाले त्रुटि हुन भएको देखियो । वाक्य १ मा लिङ्ग परिवर्तन वाक्य ५ र ६ मा काल परिवर्तनसहित एकवचन क्रियापद वाक्य ७ मा अन्य पद थपसहित एकवचन क्रिया वाक्य ८ मा फरक अर्थ दिने क्रियापदको प्रयोग, वाक्य ९ मा काल परिवर्तन वाक्य १० मा अवाश्यक पद थप गरी एकवचन क्रियापद, वाक्य ११ मा अज्ञात पक्षमा परिवर्तन गरी विभिन्न तवरले त्रुटि गरेको पाइयो ।

वाक्य १२, १३ र १५ मा बहुवचन कर्तासँग एकवचन क्रियापद प्रयोग गरेर त्रुटि गरेको देखियो । वाक्य १४ मा एकवचन कर्ता 'म' सँग बहुवचन क्रिया 'जान्छौँ' वाक्य १६ र १७ मा अनर्थक क्रिया प्रयोग गरेर विद्यार्थीहरूले त्रुटि गरेको देखियो ।

### ४.१.२ लिङ्गगत त्रुटि

लिङ्ग पक्षमा विद्यार्थीहरूले गरेका केही त्रुटिमूलक वाक्यहरू निम्न छन्:

- वस्तुगत त्रुटि

१) दिपकले बल खेलेकी छिन् ।

२) दिपकले बल खेलेको छन् ।

३) दिपकले बल खेल्छिन् ।

-प्रतिक्रियात्मक विषयगत त्रुटि

४) बहिनी कविता लेख्छ ।

५) भाइले पनि लेख्दैछ ।

६) भाइले कविता लेख्नेछ ।

७) भाइ कविता लेख्छिन् ।

८) नोकर काम गर्न जान्दछ ।

९) नोकरले काम गर्दैछ ।

१०) नोकर काम गर्न जान्छे ।

११) नोकरी काम गर्न जान्छ ।

**- स्वतन्त्रलेखनगत त्रुटि**

१२) भाञ्जी पनि आउनेछ ।

१३) दिदीबहिनीलाई टिका लगाउँछे ।

१४) फुपुले झन रोटी खसी ल्याउनेछ ।

वस्तुगत प्रश्नअन्तर्गत पुलिङ्ग प्रयोग भएको वाक्य छानी ठीक (✓) चिन्ह लगाउन सोधिएको थियो विद्यार्थीहरूले वाक्य १ र ३ मा पुलिङ्ग कर्तासँग स्त्रीलिङ्गी क्रियापद र वाक्य २ मा क्रियापदको अमिल्दो रुप भएको वाक्यमा चिन्ह लगाएर गलत गरेको देखियो ।

प्रतिक्रियात्मक विषयगत प्रश्न १ र २ दुवैलाई स्त्रीलिङ्गमा परिवर्तन गर्न सोधिएको थियो माथिको वाक्य ४ मा कर्ता स्त्रीलिङ्ग बनाए पनि क्रियापद पुलिङ्गी नै प्रयोग गरेकाले गलत देखियो । ५, ६, ७ नं. का वाक्यमा कर्ता नै स्त्रीलिङ्गमा परिवर्तन नगरेकोले विद्यार्थीहरूले गलत गरेको पाइयो । वाक्य ८, ९, १० र ११ मा कर्ता 'नोकर' लाई 'नोकर्नी' बनाउनु पर्नेमा 'नोकर' तथा 'नोकरी' बनाएर गलत गरे भने कर्ता अनुरुपको सङ्गतियुक्त क्रिया पनि प्रयोग नगरेर गलत गरेको पाइयो ।

स्वतन्त्रलेखनमा धेरैजसो विद्यार्थीहरूले लिङ्गको पहिचान हुने किसिमको वाक्य प्रयोग गरेका थिएनन् । जति वाक्यहरू प्रयोगमा आएका थिए सबै गलत प्रयोग नै थियो । वाक्य १२ र १४ मा स्त्रीलिङ्गी कर्तासँग पुलिङ्गी क्रियापद प्रयोग गरेर गल्ती गरेको पाइयो भने वाक्य २ मा 'टीका लगाउँछौँ' हुनुपर्नेमा 'टीका लगाउँछे' लेखी सङ्गति विगारेर वाक्यगठन गरेकाले गलत गरेको देखियो ।

## ४.१.३ पुरुषगत त्रुटि

पुरुष पक्षमा विद्यार्थीहरूले गरेका केही त्रुटिहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

-वस्तुगत त्रुटि

१) तिमी खेल्छौ । २) ऊ खेल्छ । ३) तपाई खेल्नुहुन्छ ।

-प्रतिक्रियात्मक विषयगत त्रुटि

४) उनीहरू पोखरा जान्छन् ।

५) उनीहरू पोखरा जान्छ ।

६) उहाँहरू पोखरा जान्छन् ।

७) ऊ पोखरा जान्छे ।

८) उनी पोखरा जन्छेन ।

९) हामीहरू खाना खान्छौ ।

१०) हामी खाजा खानेछौँ ।

११) हामीहरूले खाजा खान्छ ।

१२) श्याम खाजा खान्छ ।

१३) हरि र राम खाजा खाए ।

१४) उनहरू खाजा खान्छ ।

-स्वतन्त्रलेखनगत त्रुटि

१५) हामी पानी नभई वाँच्न सक्दैन ।

१६) हामी दशैँमा खसी काट्नेछ ।

१७) म ठूलो बडाको हातबाट टीका लगाउँछौ ।

१८) हामी रमाइलोसँग नाचगान गर्छ ।

१९) हामी राम्राराम्रा लुगा लगाइन्छ ।

२०) वन भएन भने कोही वन्यजन्तु वाँच्न सक्दैनौं ।

वस्तुगत परीक्षणको लागि प्रथम पुरुष प्रयोग भएको वाक्यमा ठीक चिन्ह लगाउन सोधिएको थियो विद्यार्थीहरूले वाक्य १ र ३ को द्वितीय पुरुष र वाक्य ३ को तृतीय पुरुष प्रयोग भएको वाक्यमा ठीक चिन्ह लगाएर गलत गरेको देखियो ।

प्रतिक्रियात्मक विषयगत प्रश्नमा सोधिएका दुवै वाक्यलाई द्वितीय पुरुषमा परिवर्तन गर्नुपर्ने थियो । माथिको वाक्य ४, ५, ६, ७ र ८ सबैमा तृतीय पुरुषको प्रयोग भएको, वाक्य ९, १० र ११ मा द्वितीय पुरुष प्रयोग भएको र मनोमानी ढंगले व्यक्तिवाचक नाम तृतीय पुरुष १२, १३ र १४ को वाक्यमा प्रयोग गरी वाक्य परिवर्तन गरेकोले गलत भएको देखियो । कतिपय वाक्यहरूमा कर्ता र क्रियाबीच सङ्गति पनि नमिलेको देखियो ।

उपर्युक्त स्वतन्त्रलेखनगत त्रुटियुक्त वाक्यहरू १५, १६ र १८ मा प्रथम पुरुष बहुवचन कर्तासँग तृतीय पुरुष एकवचनका क्रियापद प्रयोग भएकोले त्रुटि भएको देखियो । वाक्य १७ मा प्रथमपुरुष एकवचन कर्ता मसँग द्वितीय पुरुष एकवचनको क्रियापद प्रयोग

भएको छ । त्यसै गरी वाक्य नं. २० मा तृतीय पुरुष कर्तासँग प्रथम पुरुषको क्रियापद प्रयोग भएको छ । तसर्थ उपयुक्त वाक्यहरू त्रुटिमूलक देखिएका छन् ।

### ४.१.४ भावगत त्रुटि

भाव पक्षमा विद्यार्थीहरूले गरेका केही त्रुटिमूलक वाक्यहरू निम्न छन्:

- वस्तुगत त्रुटि

१) विद्यार्थीहरू पढ्छन् । २) श्याम घर जानेछ । ३) हरिले रामलाई पिटोस् ।

- प्रतिक्रियात्मक विषयगत त्रुटि

४) गोमा घर जाँउ ।

५) गोमाहरू बजार जान्छे ।

६) गोमा बजार जान्छ ।

७) गोमा बजार जान्छौ ।

८) गोमा बजार जानेछे ।

९) गोमा बजार जान्छिन् ।

१०) दाजु पुस्तक पढ्नुभयो ।

११) दाजु पुस्तक पढ्छ ।

१२) दाजु पुस्तक पढ्नेछ ।

१३) दाजु पुस्तक किन्नुहुन्छ ।

१४) दाजु पुस्तक पढ्नेहुनेछ ।

- स्वतन्त्रलेखनगत त्रुटि

१५) ठूलो मानिसले लगाएको आशिर्वाद लगाउँछौ ।

१६) वन भएन भने कुनै पनि जन्तु वाँच्दैन किनभने ती सबै वनका जन्त्रुहरूले घाँस पात खान्छ ।

१७) वनको संरक्षण जतातती रुख काट्नु हुँदैन ।

१८) हामी वनजङ्गल भएन भन्ने हामी सास फेन पनि किंदैन ।

१९) समाज मिली कार्यक्रम गर्छ ।

२०) वनबाट हामीलाई दाउरा, घाँस लगायत अन्य काम गर्नका लागि प्राप्त हुन्छ ।

वस्तुगत परीक्षणको लागि 'आज्ञार्थक' वाक्य छान्न बहुबैकल्पिक प्रश्न सोधिएको थियो । विद्यार्थीहरूले वाक्य १ र २ 'सामान्यार्थ' र वाक्य ३ को 'इच्छार्थ' वाक्यमा ठीक चिन्ह लगाएर गलत गरेका छन् ।

प्रतिक्रियात्मक विषयगत मूल्याङ्कनको लागि २ ओटा प्रश्न 'आज्ञार्थक' वाक्यमा बदल्न सोधिएको थियो । विद्यार्थीहरूले वाक्य ४ मा 'जाउँ' क्रिया वाक्य ५ असङ्गति वाक्य, वाक्य ६, ७, ८, ९, १०, ११, १२, १३ सामान्यार्थ क्रिया र १४ मा अनर्थक क्रिया प्रयोग गरेकाले त्रुटि गरेको देखियो ।

स्वतन्त्रलेखनमा प्रयुक्त वाक्य १५ मा सङ्गति नमिलेको अनर्थक सामान्यार्थ वाक्यगठन गरेर त्रुटि गरेका छन् भने वाक्य १६ मा सङ्केतार्थक वाक्य बनाउन खोज्दा कर्ता र क्रियाको सङ्गति मिलेको छैन । वाक्य १७ मा पदहरूको उचित संयोजक नभएर सामान्य अर्थ खजमजिएको, वाक्य १८ मा कर्ता दोहोरिएको र वाक्य १९ मा सामान्यार्थक क्रिया 'गर्छौं' हुनुपर्नेमा 'गर्छ' भएको र वाक्य २० मा पदहरूको सार्थक प्रयोग नभई सामान्यार्थमा पनि बाधा भएकोले त्रुटि गरेको देखियो ।

### ४.१.५ कालगत त्रुटि

कालका त्रुटिमूलक केही वाक्यहरू निम्न लिखित छन्:

- वस्तुगत त्रुटि

१) गीता विद्यालय जान्छे । २) हरि भलिवल खेल्छ । ३) गोपालले खाँवा काट्यो ।

- प्रतिक्रियात्मक विषयगत त्रुटि

४) राम घर जान्छ ।

५) राम घर जाँदैछ ।

६) राम घर जानेछ ।

७) राम हिजो घर गयो ।

८) राम स्कूलबाट घर जान्छ ।

९) राम घर जानुहुन्छ ।

१०) दिनेश रुख चढ्छन् ।

११) श्याम रुख चढेछ ।

१२) दिनेश रुख चढ्दैछ ।

१३) रमेश हिजो रुखमा चढेछ ।

१४) दिनेश रुख चढ्ने हुन्छ ।

- स्वतन्त्रलेखनगत त्रुटि

१५) हाम्रो वन राम्रो छ हराभरा पर्नेछ ।

१६) स्कूल खोलिएपछि पढ्न स्कूल आउने छ ।

१७) विदेशबाट दादा आउनेछ दादाले मलाई पैसा दिन्छ ।

१८) फूपुले झन् रोटी खसी ल्याउनेछ ।

वस्तुगत प्रश्नमा भविष्यत् काल बुझाउने वाक्य पहिचान गर्न सोधिएको थियो । विद्यार्थीहरूले वाक्य १ र २ का वर्तमान कालिक वाक्य र ३ को भूतकालिक वाक्य छानेर गलत गरेको देखियो ।

प्रतिक्रियात्मक विषयगत प्रश्न २ वटा भूतकालमा परिवर्तन गर्न सोधिएको थियो । विद्यार्थीहरूले वाक्य ४ मा वर्तमान, वाक्य ५ मा अपूर्ण वर्तमान, वाक्य ६ मा भविष्यत वाक्य ७ मा अनावश्वक थप पद 'हिजो', वाक्य ८ मा अनावश्यक थप पद तथा वर्तमान काल, वाक्य ९ मा वर्तमानकालजस्ता वाक्यमा परिवर्तन गरेर त्रुटि गरेको पाइयो । त्यस्तै १० मा वर्तमान, ११ मा अज्ञात भूत, १२ मा अपूर्ण वर्तमान, १३ मा अनावश्यक पद थप तथा अज्ञातभूत र १४ मा वर्तमानकालिक अमिल्दो क्रिया प्रयोग गरेर त्रुटि गरेको देखियो ।

स्वतन्त्रलेखनका उपर्युक्त वाक्य १५ मा क्रियापदको अमिल्दोरुपको प्रयोगले त्रुटि भएको, वाक्य १६ मा 'खुलेपछि' हुनुपर्नेमा 'खोलिएपछि' र 'जानेछ' वा 'जान्छ' क्रियापद हुनुपर्नेमा 'आउनेछ' भएर त्रुटि भएको छ । वाक्य १७ मा पहिलो क्रिया भविष्यत् काल र अन्तिम समापिका क्रिया वर्तमान अनादर क्रिया प्रयोग भएकोले त्रुटि भएको छ । त्यस्तै वाक्य १८ मा 'ल्याउनुहुन्छ' हुनुपर्नेमा 'ल्याउनेछ' भविष्यत्कालिक अनादर क्रिया प्रयोग भएकोले त्रुटि भएको पाइयो ।

### ४.१.६ पक्षगत त्रुटि

कालको पक्षमा विद्यार्थीहरूले गरेका केही त्रुटिमूलक वाक्य निम्न छन्:

- वस्तुगत त्रुटि

१) दिपेश चिठी लेख्दैछ । २) गोमा पानी भर्लिन । ३) कुवेर बजार जाँदै हुनेछ ।

- प्रतिक्रियात्मक विषयगत त्रुटि

४) माझीहरूले माछा मान्छ । ५) माझीले माछा निकाल्नछ ।

६) माझीले अहिले माछा मार्छ ।

७) माझीले माछा मारी

८) माझीले माछा मार्दैनछ ।

९) निपेशले गोरु जोन्छ ।

१०) निपेशले गोरु जोत्न जान्छ ।

११) निपेशले अहिले गोरु जोत्दैछ ।

१२) निपेशले गोरुहरूलाई जोत्छ ।

१३) निपेशले गोरु जोदैनछ ।

- स्वतन्त्रलेखनगत त्रुटि

१४) फूलवारीमा फूलहरू धेरै ढकमक्क पार्छन् ।

१५) हामीले वनजङ्गल हराभरा पारी बडाउ गरेका छ ।

१६) एउटा गाउँमा हामी देखिरहेका छन् विहान गएर दाउरा लडाउँछ ।

१७) गाईबाखा भैंसीपालन गर्न यस वनबाट घरहरू बनाउन र भूक्षय निक्षेपणबाट पनि जोगाएका छन् ।

वस्तुगत प्रश्नमा 'सामान्य वर्तमान' जगाउने वाक्य छान्न सोधिएको थियो । विद्यार्थीहरूले वाक्य १ अपूर्ण वर्तमान, वाक्य २ सम्भावनार्थक, वाक्य ३ अपूर्ण भविष्यत काल प्रयोग भएको वाक्य छानेर गलत गरेका छन् ।

विषयगत (उत्पादनात्मक, निर्देशात्मक, प्रतिक्रियात्मक) प्रश्नमा अपूर्ण वर्तमान कालमा परिवर्तन गर्न सोधिएको थियो । विद्यार्थीहरूले उपर्युक्त वाक्य ४ मा कर्ताको वचन परिवर्तन गरी अर्थ नै फरक लाग्ने क्रियापद प्रयोग गरेर त्रुटि गरेको पाइयो । त्यस्तै वाक्य ५, ६, ७ मा क्रमशः सामान्य पक्ष, स्त्रीलिङ्गी सामान्य भूत र अनर्थक क्रियापद प्रयोग गरेर गलत गरेको देखियो । ९ नं. देखि १२ नं. सम्मका वाक्यहरूमा अनावश्यक पद थप तथा अनर्थक पदहरूद्वारा वाक्यगठन गर्नुका साथै वाक्य ९, १०, १२ मा सामान्य वर्तमान प्रयोग भएको, ११ मा अनावश्यक पद तथा १३ मा अनर्थक क्रिया प्रयोग भएकोले त्रुटि गरेको देखियो ।

उपयूक्त वाक्य १४ मा पूर्णवर्तमान कालको क्रियापद 'फुलेका' छन् हुनुपर्नेमा 'पार्छन्' भएको, १५ मा 'बँचाउ गरेका छौं' हुनुपर्नेमा अनर्थक रुप भएको, १६ मा 'देख्दैछौं' हुनुपर्नेमा 'देखिरहेका छन्' अपूर्ण वर्तमान कालको गलत तवरले प्रयोग भएको साथै पद सङ्गति नमिलेको र वाक्य १७ मा पदसङ्गति नमिलेर सामान्य अर्थ खजमजिनुका साथै

‘मद्दत पुगेको छ’ क्रियापद हुनुपर्नेमा क्रियापदको गलतरुप प्रयोग भएकोले त्रुटि भएको देखियो ।

### ४.१.७ कारकगत त्रुटि

विद्यार्थीहरूले कारकमा गरेका केही त्रुटिमूलक वाक्यहरू यसप्रकार छन् :

- वस्तुगत त्रुटि

१) पार्वतीले सुन्तला टिपी । २) रामले गीत गायो । ३) पोखराबाट बस आयो ।

- प्रतिक्रियात्मक विषयगतत्रुटि

४) म आफ्नो काम गर्न्छौ ।

५) ले बाट द्वारा

६) श्यामले जोतयो ।

७) पोखरावाट बस आयो ।

८) हामी बसबाट घर जान्छ ।

९) श्यामले गीत गायो ।

१०) मकै छर्न

११) रामले कार हाँक्यो ।

१२) रमेश गीत गाउँछ ।

१३) अन्न फलाउन ।

१४) देखि बाट

- स्वतन्त्रलेखनगत त्रुटि

१६) म दशैँ दुर्गा भवानी देवताको पूजा गर्छु ।

१७) हामी गाइवस्तु घाँस हुँदैन ।

१८) वन हामीको लागि आवश्यक हो ।

१९) वनले हामी फाइदा गर्छ ।

२०) हामीलाई बोट विरुवाले खानासमेत प्राप्त गरेको छ ।

वस्तुगत प्रश्नमा करण कारक प्रयोग भएको वाक्य पत्ता लगाउन सोधिएको थियो । उपर्यूक्त वाक्य १ र २ मा कर्ता कारक र ३ मा अपादान कारक प्रयोग भएको वाक्यमा ठीक (✓) चिन्ह लगाएकाले गलत गरेको देखियो ।

प्रतिक्रियात्मक विषयगत प्रश्नमा कर्ता, कर्म, करण, अपादान कारकका १/१ वाक्य लेख्न सोधिएको थियो । वाक्य ४, ५ मा कर्ता कारकको प्रयोग गर्नुपर्नेमा वाक्य ४ मा

गलत क्रियापदको प्रयोग, वाक्य ५ मा विभक्ति चिन्हमात्र उल्लेख गरिएकोले गलत गरेको पाइयो । वाक्य ६, ७, ८ मा कर्म कारकको प्रयोग नभई ६ मा कर्ता ७ र ८ मा अपादान कारकको प्रयोग भएको, त्यस्तै ९, १०, ११ मा करण कारक प्रयोग हुनुपर्नेमा ९ मा कर्ता कारक १० मा अपूर्ण वाक्य र ११ मा कर्ता कारक प्रयोग भएको र वाक्य १२, १३, १४ मा अपादान कारक हुनुपर्नेमा १२ मा कर्ता, १३ मा अपूर्ण वाक्य १४ मा विभक्ति चिन्हमात्र प्रयोग भएकोले उपर्युक्त वाक्यहरू कारकीय दोषयुक्त वाक्यको रुपमा देखिए ।

स्वतन्त्रलेखनमा प्रयोग भएका उपर्यूक्त वाक्य नं. १६ मा अधिकरण कारक 'दशैंमा' हुनुपर्नेमा 'दशैं' मात्र भएको, वाक्य १७ मा 'हामीलाई गाईवस्तुको लागि' हुनुपर्नेमा त्यस्तो नभएको, वाक्य १८ मा 'हाम्रो' हुनुपर्नेमा 'हामीको' भएको, वाक्य १९ मा 'हामीलाई' हुनुपर्नेमा 'हामी' मात्र भएको र वाक्य २० मा 'हामीले बोटविरुवाबाट' हुनुपर्नेमा 'हामीलाई वोटविरुवाले' भएको तथा असङ्गतियुक्त वाक्यगठन र विभक्तिको अनुपयुक्त प्रयोगले कारकीय त्रुटिहरू हुनगएको देखियो ।

## ४.२ त्रुटि निराकरणत्मक शिक्षण

शिक्षणसिकाइमा भएका कमी कमजोरी निराकरण गरी सुधार गर्ने प्रक्रिया निराकरण वा उपचारात्मक शिक्षण हो । कक्षाका औसत विद्यार्थीको सिकाइस्तरलाई अध्ययन गर्दै समग्र विद्यार्थीको पूर्वस्वरुप पत्ता लगाउन सकिन्छ । विद्यार्थीका त्रुटिहरू शारीरिक, मानसिक, पारिवारिक, सामाजिक, बौद्धिक क्षमता, बहुभाषिक समुदाय, वातावरण एवम् शिक्षाको कारणबाट हुने गर्दछ । विद्यार्थीले सिकाइमा गर्ने भाषिक त्रुटि ठम्याई तदनुरुप उपचारात्मक तवरले शिक्षण गर्नु निराकरणात्मक शिक्षण हो । सिकाइ प्रक्रियाको प्रारम्भमा नै सिकारुको कमी कमजोरी ठम्याई शिक्षण गर्न सकिएमा शिक्षक र सिकारु दुबैलाई समस्या समाधान गर्न सजिलो हुन्छ । उच्च तहको अध्ययनका निमित्त आधार स्तम्भको रुपमा रहेको निम्न माध्यमिक विद्यालय तहको अध्ययन अत्यन्तै महत्वपूर्ण मानिन्छ । व्याकरणिक आधारभूत ज्ञान यसै तहमा प्राप्त हुने गर्दछ । यस तहमा आर्जन भएका ज्ञान तथा सीपले अध्ययन अवधिभर प्रभाव पार्दछ । विद्यालय तहमा

विद्यार्थीहरूले गरेका र गर्न सक्ने त्रुटिलाई अध्ययन गर्दै उपयुक्त शिक्षण गर्नका निमित्त तदनुरुप पाठ्यक्रम निर्माण गरिनु पर्दछ । निम्न माध्यमिक विद्यालय तहको नेपाली पाठ्यक्रममा त्रुटि निराकरणात्मक शिक्षणको लागि विशेष व्यवस्था मिलाउनुपर्ने देखिन्छ । माथि ३.१ देखि ३.७ सम्मका अध्ययन शीर्षक र उप शीर्षकमा विद्यार्थीहरूको क्षमतास्तरको विश्लेषण गरिएको छ । सो विश्लेषण हेर्दा विद्यार्थीहरू अन्त्यन्तै कमजोर रहेको देखिन्छ । नेपाली भाषामा हुने त्रुटि न्यूनीकरण हुनासाथ विद्यार्थीहरूको सम्पूर्ण विषयमा ज्ञानको स्तर उक्सने देखिन्छ । प्रस्तुत शोधपत्रानुसार विद्यार्थीहरूको वचन, लिङ्ग, पुरुष, भाव, काल, पक्ष र कारकको जानकारी हासिल गराउन र ती पक्षमा केही त्रुटि रहन गएमा माध्यमिक विद्यालय वा सोभन्दा उपल्लो तहमा सुधार गर्दै लैजान मद्दत पुगोस् भन्ने अभिप्राय राखिएको छ । विद्यालयतहमा विभिन्न भाषाभाषी पृष्ठभूमि भएका विद्यार्थीहरूको अध्ययन अनुसन्धान समयमै गरेर नेपाली भाषाको पठनपाठनमा प्रभावकारीता ल्याउनु टड्कारो आवश्यकता देखिन्छ ।

## ४.२.१ त्रुटि निराकरणात्मक शिक्षणका उपायहरू

सामान्यतया सिकाइका क्रममा विद्यार्थीको सम्पूर्ण पक्षमा कमजोरी छ वा खास पक्षमा मात्र त्यस्तै गरी विगत कालदेखि नै कमजोर हुँदै आएको वा खास समयमा मात्र पहिचान गर्दै उनीहरूको कमजोरीका कारण उनीहरूको पारिवारिक पृष्ठभूमि, स्वास्थ्य, विद्यालय उपस्थिति, बौद्धिक क्षमता, वातावरण आदि पक्षको समुचित सावधानीपूर्वक खोजी गर्नुका साथै उनीहरूको कमी कमजोरीको प्रकृतिको मात्रा पहिल्याउनु पर्दछ । स्तरीकृत, निदानात्मक, उपलब्धी परीक्षण, निरीक्षण, अन्तर्वार्ता र अवलोकन आदिको उपयोग गरी समस्याहरू सुनिश्चित गर्नुपर्दछ । त्रुटि निराकरणात्मक शिक्षणका लागि निम्नानुसारका उपायहरू अबलम्बन गर्न सकिन्छ :

१) सर्वप्रथम समस्याको पहिचन गर्ने र शिक्षण पक्षको निर्धारण गर्ने,

२) सैद्धान्तिक ज्ञानलाई सुदृढ पार्न प्रयोगात्मक नेपाली भाषाशिक्षणमा जोड दिने,

३) उपयुक्त विकल्पको खोजी गरी भाषिक शुद्धताको लागि अभ्यास गराउने,

४) त्रुटिका कारण पहिल्याउन विद्यार्थीहरूसँग छलफल गर्ने,

५) व्याकरणात्मक त्रुटिहरू पहिल्याई विद्यार्थीहरूमा शुद्ध नेपाली भाषा प्रयोग गर्ने वातावरण एवम् अभिरुचि बृद्धि गर्नुपर्ने,

६) धेरैभन्दा धेरै उदाहरणहरू विद्यार्थीहरूलाई प्रयोग गर्न लगाने ।

७) विद्यालयमा सबै वर्ग र समुदायका विद्यार्थीहरू आउने हुनाले उनीहरूको अध्ययन गरी तीव्रता ल्याउन विद्यार्थीले के-कस्ता किसिमका (प्रतिक्रिया) त्रुटि गर्दछन् । सोको पहिचान र विश्लेषण गरी तदनुकूलको भाषाशिक्षण गर्नुपर्ने,

८) विद्यार्थीहरूलाई बौद्धिक ज्ञानवर्द्धक एवम् रचनात्मकजस्ता अतिरिक्त क्रियाकलापहरूमा संग्लन गराई उनीहरूबाट भएका त्रुटिहरूमा निर्देशात्मक प्रतिउत्तर दिनुपर्ने ।

९) जान्ने विद्यार्थीहरूको सिकाइ तथा बुझाइअनुरुप पाठलाई शिक्षकहरूले अगाडि बढाउने र कमजोर विद्यार्थीहरूको ज्ञानको स्तर उकास्न प्रयत्न नगर्ने पारिपाटी पहिलेदेखि चल्दै आएको र हालसम्म पनि त्यस्तै कार्य भइरहेको देखिएकोले यसलाई सुधार्न शैक्षिक सरोकारवाला सबै चनाखो हुनुपर्ने,

१०) प्राथमिक तहदेखि नै विषयविज्ञ शिक्षकले त्रुटि निराकरणात्मक शिक्षणलाई अबलम्बन गर्दै भाषाशिक्षण गर्नुपर्ने,

माथि उल्लेखित उपाय अपनाएर त्रुटि निराकरणात्मक शिक्षण गर्न सकेमा मात्र विद्यार्थीहरूको स्तरीय र प्रभावकारी सिकाइको वातावरण बन्न सक्छ । तसर्थ यी पक्षहरूमा ध्यान दिनु जरुरी देखिन्छ ।

# अध्याय पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

भाषाको सम्बन्धमा भएका प्रशस्त अनुसन्धानबाट के पत्ता लागेको छ भने पहिलो वा दोस्रो तथा विदेशी जुनसुकै भाषा सिकाइका क्रममा पनि प्रशस्त त्रुटिहरू पाइने गर्दछन् । पहिलो र दोस्रो भाषा सिकाइका क्रममा देखिने त्रुटिको प्रकृति फरक-फरक भए तापनि विना त्रुटि कुनै पनि भाषा सिकाइ असम्भव प्रायः हुन्छ । पहिलो भाषा सिकाइको क्रममा हुने त्रुटिहरू त भाषेत्तर प्रभावबाट पनि हुने गर्दछन् तर, दोस्रो भाषा सिकाइका क्रममा हुने गरेको त्रुटिहरू लक्ष्य भाषाभन्दा बढी मातृभाषाकै व्यवधानबाट उत्पन्न भएका देखिन्छन् ।

त्रुटिलाई परम्परागतरुपमा असफलताको प्रतीक मान्दै आए तापनि जब मनोवादी सम्प्रदायको उदय भयो तब यसलाई सिकाइ प्रक्रियाको सङ्केतको रुपमा मान्न थालिएको हो । विशेषतः संरचनाबादीहरू व्यतिरेकी विश्लेषणलाई बढी जोड दिन्छन् भने मनोवादीहरू त्रुटिविश्लेषणलाई भाषाशिक्षणमा विद्यार्थी केन्द्रित विधिको रुपमा प्रयोग गर्नुपर्दछ भन्छन् । यसरी त्रुटिविश्लेषण आज आएर निकै सफल, सार्थक एवम् विकसित सिद्ध भएको छ । यसले विद्यार्थीहरूको सिकाइ प्रक्रिया, त्रुटि क्षेत्र र शिक्षण विधिलाई समेत पहिचान गर्न पूर्णतः मद्दत गर्दछ ।

मूलतः प्राथमिक तहदेखि स्नातक तहसम्म अनिवार्य विषयको रुपमा नेपाली भाषाको अध्ययन अध्यापन भइरहेको कुरालाई स्वीकार्दै निम्न माध्यमिक तहसम्म पुग्दा पनि नेपाली भाषाको प्रयोग गर्न विद्यार्थीहरूमा सक्षमता नदेखिनु विचारणीय पक्ष भएकोले नेपाली वाक्यगठनका विभिन्न पक्षहरूमा कक्षा ७ का मगरभाषी विद्यार्थीहरूले के-कस्ता त्रुटि गर्दारहेछन् भन्ने समस्यालाई आफ्नो अनुसन्धानको विषय छनोट गरी अध्ययन कार्य सुरु गरिएको हो । यस अध्ययनमा मगरभाषी विद्यार्थीहरूलाई छनोट गरी उनीहरूले स्तरीय नेपालीको वाक्यगठनमा गरेको त्रुटिलाई केलाइएको थियो । सबै विद्यार्थीहरू मगर

भाषा बोल्ने त थिएनन् तर पनि आधाभन्दा बढी जसो विद्यार्थीहरूको सञ्चारको भाषा मातृभाषा नै देखियो । वर्तमान समयमा शिक्षालाई अनिवार्य र सर्वसुलभ गरी बाल कक्षादेखि नै नेपाली भाषा बोल्ने तथा लेख्ने अभ्यास गराउँदा पनि कक्षा ७ सम्मका विद्यार्थीहरूमा मातृभाषाको गहिरो प्रभाव हट्न नसक्नु र वाक्यगठनमा धेरै त्रुटि गर्नु नेपाली भाषामा लागेको रोग हो । यस्तो रोगलाई निवारण गर्न प्रशस्त अनुसन्धान भइरहेको पाइन्छ । अनुसन्धानको निष्कर्षलाई प्रयोगमा उतारी भाषिक सुधार गर्न सम्पूर्ण शैक्षिक सरोकारवालाहरूको ध्यान पुग्नु आवश्यक छ ।

प्रस्तुत अध्ययनमा वचन, लिङ्ग, पुरुष भाव, काल पक्ष र कारक गरी वाक्य गठनका सात पक्षलाई समेटी वस्तुगत पहिचानात्मक बहुविकल्पी र निर्देशमूलक उत्पादनात्मक (विषयगत) गरी जम्मा २३ वटा प्रश्नहरू तथा स्वतन्त्रलेखन अन्तर्गत निबन्धात्मक २ प्रश्न गरी जम्मा २५ वटा प्रश्नहरू समावेश भएको प्रश्नावली निर्माण गरियो । यी प्रश्नावलीलाई कोटा छनोटको आधारमा मगरभाषी विद्यार्थीको वाहुल्य भएका १० वटा विद्यालय छनोट गरी प्रत्येक विद्यालयबाट ८/८ जना गरी कुल ८० जना छात्रछात्राहरूबाट लिएको परीक्षणबाट प्राप्त त्रृटि विवरणलाई तालिकामा प्रस्तुत गरियो ।

सामान्यतयमा नेपाली भाषामा वाक्यगठन अन्तर्गत वचन, लिङ्ग, पुरुष भाव, काल पक्ष र कारक पर्दछन् । भाषाशिक्षणका सन्दर्भमा व्याकरण अत्याज्य पक्ष हो । बिना व्याकरण भाषाशिक्षण अपूर्ण हुन्छ । त्यस्तो अपूर्ण अधुरो शिक्षाले शिक्षार्थीहरूको भविष्य माथि खेलवाड हुन गई शिक्षाको वास्तविक लक्ष र उद्देश्य पूरा नहुने मात्र होइन उत्पादित जनशक्ति दक्ष हुन नसक्नुले राष्ट्र र राष्ट्रको शैक्षिक, आर्थिक, राजनीतिक, सामाजिक तथा साँस्कृतिक आदि पक्षहरूमा पनि गम्भीर समस्या स्थापित हुन पुग्नुका साथै भावी सन्तति पनि सोही रोगबाट ग्रसित हुन बाध्य हुन्छन् ।

वाक्यहरूबाट वाक्यात्मक कार्यका बोध र अर्थको अभिव्यक्ति हुन्छ । वचनले सङ्ख्याको जानकारी गराउँछन् भने लिङ्गले पुलिङ्ग र स्त्री लिङ्गको बोध गराउँछ । त्यस्तै गरी सर्बनाम अभिव्यक्तिले पुरुषलाई सर्बनाम वा कर्ताको भेद मानेको छ । सामान्यतया नेपाली व्याकरणमा प्रथम, द्वितीय, तृतीय पुरुष गरी तीन प्रकारका पुरुष

पाइन्छन् । त्यस्तैगरी भावले वक्ताको मनोभाव वा मनोवृत्तिलाई बुझाउँछ । भावलाई ५ प्रकारमा बाँडेर अध्ययन गरेको पाइन्छ । कालले समयको बोध गराउँछ । यो भूत, वर्तमान र भविष्यत् गरी तीन प्रकारका छन्, यसैलाई समसामयिक व्याकरणकारहरू भूत र अभूत गरी २ प्रकारमा वाँड्न रुचाउँछन् । कालका पक्षलाई सामान्य, पूर्ण, अपूर्ण अज्ञात र अभ्यस्त गरी व्याकरणविद्हरूले विभाजन गरेको पाइन्छ ।

कारकले वाक्य वाक्यबीच तथा शब्द शब्दबीच सह-सम्बन्ध कायम गरी वाक्यलाई स्पष्ट र सु-सङ्गठित बनाउनमा विशेष महत्व राख्दछ । परम्परागत व्याकरणअनुसार कारकलाई ६ प्रकार (कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण)मा विभाजन गरिएको पाइन्छ ।

भाषाशिक्षणसँग त्रुटिविश्लेषणको गहिरो सम्बन्ध छ । विना त्रुटिविश्लेषण सफल तथा प्रभावकारी शिक्षण सम्भव छैन । त्रुटिविश्लेषण गर्ने क्रममा १० वटै विद्यालयका विद्यार्थीहरू कमजोरै देखिए । वाक्यगठनका व्याकरणिक कोटिगत क्षेत्रअनुसार विद्यार्थीहरूको परीक्षण गर्दा समग्रमा बढी उत्तर दिनेमा सुम्नामसुन्तले र उच्च माध्यमिक विद्यालय लुम्तीका ४७.०३% र ४६.४३% विद्यार्थीहरू देखिए भने सबभन्दा कम माध्यमिक विद्यालय खुरहरीका १४.२९% विद्यार्थी देखिए । परीक्षण गरिएका व्याकरणिक कोटिमध्ये कालमा विद्यार्थीहरूले सबभन्दा बढी ५०.४२% सही प्रतिक्रिया दिएका छन् भने वचन पक्षमा सबभन्दा कम २१.२५% विद्यार्थीहरूले सही प्रतिक्रिया दिएको देखिन्छ । कालमा केही राम्रो प्रतिक्रिया भेटियो भने वचनमा विद्यार्थीहरूको सबभन्दा बढी त्रुटि भेटियो ।

वस्तुगत बहुवैकल्पिक प्रश्नमा सबभन्दा बढी पक्ष, कारक र वचनमा ७२.५%, ७२.५% र ७१.२५% विद्यार्थीहरूले त्रुटि गरेको भेटियो । लिङ्गमा सबभन्दा कम १७.५% त्रुटि गरेको पाइयो । विषयगत (उत्पादनात्मक, निर्देशात्मक) प्रश्नमा सबभन्दा बढी पुरुष पक्षमा ९०% त्रुटि गरेको पाइयो भने सबभन्दा कम कारक पक्षमा ४६.२५% त्रुटि गरेको पाइयो । स्वतन्त्रलेखनअन्तर्गतका निवन्धात्मक उत्तरमा सबभन्दा बढी वचनमा ८३.७५% त्रुटि गरेको पाइयो । त्यसै गरी सबभन्दा कम कालमा ३०% गरेको पाइयो ।

स्वतन्त्रलेखनमा लिङ्ग तथा पक्षको पहिचानयुक्त वाक्यको प्रयोग ९७.५% र ८१.५% विद्यार्थीहरूले नगरेको पाइयो ।

उक्त सबै विद्यालयमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको वाक्यगठनसम्बन्धी त्रुटिविश्लेषण गर्दा पाइएका निष्कर्षमूलक तथ्याङ्कहरू अर्थात् तालिकालाई तालिका नं. ८ र ९ मा प्रस्तुत गरिएको छ । (हेर्नुहोस्: तलिका नं. ८ र ९)

अझ संक्षेपमा के पनि भन्न सकिन्छ भने वस्तुगत पहिचानात्मक बहुविकल्पी प्रश्नहरूमा त्यही कुरा सही प्रतिक्रिया दिनेहरू पनि खास प्रसङ्गमा त्यसको प्रयोग अर्थात विषयगत उत्पादनात्मक प्रतिक्रियात्मक प्रश्नहरूमा भने सही प्रतिक्रिया दिनबाट चुकेका पाइन्छन् । यसबाट के प्रष्ट हुन आउँछ भने उनीहरूमा खास वाक्यगठनको वाक्यतात्विक विशेषताको ज्ञान केही मात्रमा भए तापनि सो अनुरुप शुद्ध वाक्यको प्रयोगमा भने अलमलिने गरेको पाइन्छ ।

## ५.२ शैक्षणिक प्रयोग

यो शोधपत्र मगरभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनका वचन, लिङ्ग, पुरुष, भाव, काल, पक्ष कारक गरी सात तत्वमा गर्ने त्रुटि सम्बन्धमा केन्द्रित रहेको छ । शैक्षणिक प्रयोगका हिसावले उपयोगी नै हुने गरी यसलाई तयार गरिको हो । नेपाली भाषा मातृभाषा नहुने अर्थात् दोस्रो भाषा नेपाली सिक्ने मगर विद्यार्थीहरूको कठिनाइलाई आत्मसात् गर्नुका साथै उनीहरूले गर्ने नेपाली वाक्यगठनसम्बन्धी त्रुटिको क्षेत्र निक्र्यौल गर्नका लागि यस सोधपत्रले मद्दत पुऱ्याउने देखिन्छ । हाम्रो जिल्लाका कतिपय ठाउँमा मगर भाषा जीवितै रहेको पनि देखियो भने कतिपय ठाउँमा मगर भाषाको बोलचालमा त्यति प्रयोग गर्ने नगरिएको पनि पाइयो । मगर भाषा नबोले तापनि मगर विद्यार्थीले नेपाली बोल्दा तथा लेख्दा मातृभाषाको प्रभावले व्याकरणिक नियमानुसार वाक्यगठन नभएको पनि देखियो । यस अध्ययनबाट शिक्षकले शिक्षार्थीको भाषिक क्षमता र अध्ययनको स्तरसम्बन्धी स्पष्ट ज्ञान प्राप्त गरी आफ्नो शिक्षण कार्यकलापमा परिवर्तन ल्याई उनीहरूकै आवश्यकतानुरुप शिक्षण विधि र उपाय अपनाउन सक्ने हुँदा

विद्यार्थीहरूले त्रुटि गर्ने क्षेत्रको समयमै पहिचान गरी उपयुक्त निर्देशन प्रदान गर्न सकिने कुरालाई नकार्न सकिदैन । त्यस्तै गरी शिक्षार्थीले पनि भाषा अध्ययनको क्रममा भएका अन्योललाई तुरुन्त हटाई वाक्यगठनको कुनचाहिँ तत्व वा कोटिमा के-कस्तो जानकारी राख्नु पर्ने हो भन्ने जानकारी लिई त्रुटि निराकरण गरी चाँडै सिक्न सक्छन् । यसरी हेर्दा शिक्षक र विद्यार्थीबीचका कार्यकारण सम्बन्धमा शैक्षणिक कार्य बन्न सक्छ भन्दा अत्युक्ति नहोला ।

## ५.३ सुझाव

यस शोधपत्रमा गरिएको त्रुटिविश्लेषण र विवेचनाका आधारमा प्रभावकारी शिक्षणका निमित्त निम्न उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छः

१) नेपाली भाषाको वाक्यगठनमा मगरभाषी विद्यार्थीहरूलाई मातृभाषाको प्रत्यक्ष प्रभावले गर्दा ज्यादै त्रुटि हुने गरेको देखिएकोले व्यतिरेकी अध्ययनको सहायताको उपयुक्त अभ्यास गराएर विद्यार्थीहरूको संलग्नतामा बृद्धि गर्न सके त्रुटि कम हुन सक्छ ।

२) विद्यार्थीहरूको शैक्षिक पृष्ठभूमिलाई भाषाशिक्षकले बुझी विद्यार्थीको आवश्यकीय शिक्षा परिपूर्ति गराउने ध्येयले शिक्षण गरी त्रुटि कम गर्न सकिन्छ ।

३) नेपाली विषय त हो नि जसले पनि पढाउन सक्छ भनेर विषय विज्ञको अलावा जो कोहीले नेपाली विषयलाई हेपाइपूर्वक धेरै विद्यालयमा पठनपाठन गराइरहेको अवस्था देखिएकोले यो समस्या विद्यमान रहेको देखियो । यस्तो मानसिकता सबैबाट हटी विषयविज्ञद्वारा पठनपाठन गराइएमा त्रुटि निराकरण हुन सक्छ ।

४) नेपाली भाषाको पठनपाठनमा शैक्षिक सामग्री निर्माण तथा प्रयोगको अवस्था नै विद्यालयमा नाजुक देखिएकोले सामग्री निर्माण तथा प्रयोगलाई ध्यान दिनुपर्ने देखिन्छ ।

५) विद्यालयहरूमा शिक्षकहरूले विषयवस्तुको रटानलाई बढी प्राथमिकता दिने, सुत्रात्मक तथा प्रशस्त उदाहरण दिएर व्याकरणिक धारणाको विकास गराउनेतर्फ ध्यान नदिने प्रवृत्तिले गर्दा प्रभावकारी सिकाइ हुन नसकेको देखिएकोले वाक्यगठनका विविध

पक्षमा सुत्रात्मक तथा उदाहरणीय पर्याप्तताको माध्यमले सिकाइ क्रियाकलाप गर्नुपर्ने देखिन्छ ।

६) शिक्षणसिकाइ भइसकेका व्याकरणिक कोटिहरूको शिक्षकले मासिक रुपमा पुनर्ताजकीकरण गराइरहने गरेमा त्रुटि कम हुँदै जाने देखिन्छ ।

७) नेपाली भाषाशिक्षण गर्ने शिक्षकलाई भाषाशिक्षणसम्बन्धी तालिम समयसमयमा सञ्चालन गरेमा सिकाइमा प्रभावकारी र त्रुटिमा न्यूनीकरण ल्याउन सकिन्छ ।

८) राष्ट्रभाषाको महत्वको मनन् गर्दै त्यसको महत्व, प्रभाव र असरलाई ध्यान दिँदै पठनपाठनका लागि उपयुक्त कदम सम्बन्धित पक्ष तथा निकायबाट चालिनु पर्दछ ।

९) विद्यालयतहमा अंग्रेजीभन्दा बाहेक अन्य सबै विषयको प्रायजसो सबै विद्यालयमा पठनपाठनको माध्यमभाषा नेपाली भाषा नै भएकाले भाषामा सुधार नभए सबै विषयको सिकाइ त्रुटिपूर्ण हुने कुराको ज्ञात गर्दै प्राथमिक तहबाटै शुद्ध र स्तरीय नेपाली भाषासिकाइ गराउनेतर्फ कदम चालिनु पर्दछ ।

१०) भाषाका शिक्षकहरूमा खोज अनुसन्धानमूलक सामग्रीहरूको अध्ययन गर्ने बानी नभएकाले उनीहरू आफ्नै सिद्धान्त धारणामा सिमित हुने कारणले गर्दा विद्यार्थीले सिकाइमा सुधार गर्ने अवसर नपाएको देखियो । तसर्थः शिक्षक अध्ययनशील हुनुपर्ने देखिन्छ ।

११) विद्यार्थीहरूलाई बढीभन्दा बढी स्वतन्त्रलेखनसम्बन्धी अभ्यास तथा गृहकार्य शिक्षकले दिनुपर्ने र त्रुटिको पहिचान गर्दै सुधारात्मक तथा त्रुटिनिराकरणात्मक सिकाइ गर्नुपर्ने देखिन्छ ।

## ५.४ भावी अनुसन्धान

विद्यार्थीहरूको वाक्यगठनमा त्रुटि गराउनमा महत्वपूर्ण भूमिका पहिलो भाषा (मातृभाषा) को रहेको पाइन्छ । भाषेत्तर पक्षको भूमिका पनि त्यतिकै रहेको हुन्छ जस्तैः विविध, प्रेरणा, रुचि, सामग्री, वातावरण, समय, स्तर आदि कारणले सिकाइमा प्रभाव पार्ने हुनाले यस्ता पक्षहरूको प्रभावबाट हुनसक्ने त्रुटिका बारेमा थप अध्ययनको आवश्यकता

हुनु स्वाभाविक मानिन्छ । तसथ भविष्यमा नसक्ने सम्भावित शोध शीर्षकहरू निम्नानुसार छन्:

१) माध्यमिक तहको कक्षा ९ का विद्यार्थीहरूको वाक्यगठनगत त्रुटिहरूको एक अध्ययन,

२) सिन्धुली जिल्लाका कक्षा १० मा अध्ययरत तामाङभाषी विद्यार्थीहरूको वाक्यगठनगत त्रुटिहरूको अध्ययन,

३) माध्यमिक तह कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको कालका पक्ष र कारकमा गर्ने वाक्यगठनगत त्रुटिहरूको अध्ययन,

४) कक्षा ७ र ८ मा अध्ययनरत विद्यार्थीहरूले कालका पक्ष तथा भावमा गर्ने वाक्यगठनगत त्रुटिहरूको एक अध्ययन,

५) कक्षा ७ र ८ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको वाच्य तथा भावमा हुने वाक्यगठनगत त्रुटिहरूको अध्ययन,

६) नि.मा.वि. तह कक्षा ६, ७ र ८ का मगरभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमता सम्बन्धी एक अध्ययन,

७) कक्षा ६ मा अध्ययरत तामाङभाषी विद्यार्थीहरूको वाक्यगठनगत त्रुटिहरूको अध्ययन,

# सन्दर्भ ग्रन्थसूची


अधिकारी, हेमाङ्गराज (२०५८). **समसामाजिक नेपाली व्याकरण**, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

............................ (२०५३). **भाषाशिक्षणः केही परिप्रेक्षक तथा पद्दती**, काठमाण्डौंः ने.रा.प्र.प्र. ।

गौतम, वासुदेव र अन्य (२०६८). **माध्यामिक नेपाली व्याकरण (तेस्रो संस्करण)**, काठमाण्डौंः निमा पुस्तक प्रकाशन ।

ढकाल शान्तिप्रसाद (२०६३). **सामान्य भाषाविज्ञान**, काठमाण्डौः शुभकामना प्रकाशन ।

....................... (२०५७). **सामान्य भाषाविज्ञान**, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र अन्य (२०५८). **प्रायोज्ञिक भाषाविज्ञान,** काठमाण्डौंः एम के पब्लिसर्स एन्ड डिष्टिव्युटर्स

तिवारी, भोलानाथ (१९९९). **भाषाविज्ञान**, इलाहावादः किताब महल २२- A सरोजनी नायडुमार्ग ।

बन्धु, चुडामणि (२०५३). **भाषाविज्ञान (सातौं संशोधन)**, काठमाण्डौः साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८). **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास**, काठमाण्डौः तलेजु प्रकाशन ।

भट्टराई, रामप्रसाद (२०६५). **भाषिक अनुसन्धान विधि**, काठमाण्डौः शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य, **साधारण नेपाली (व्याकरण, पठनबोध र अभिव्यक्ति तथा कृति समीक्षा)**, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०५३). **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण**, काठमाडौंः न्यु हिरा बुक्स ।

………………र अन्य, (२०६८) **भाषिक अनुसन्धान विधि, काठमाडौं**ः पिनाकल पब्लिकेसन ।

शर्मा, मोहनराज (२०५५). **शब्दरचना र वर्णविन्यास र वाक्य तत्व अभिव्यक्ति र साहित्य**, काठमाण्डौं : काठमाण्डौं बुक सेन्टर ।

शर्मा, वसन्तकुमार (२०६१). **नेपाली शब्दसागर (तेस्रो संस्करण)**, काठमाण्डौः भाभा पुस्तक प्रकाशन ।

शर्मा, केदारप्रसाद र अन्य (२०६०). **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाण्डौंः न्यू हिरा बुक्स सेन्टर प्राइजेज ।

लम्साल, रामचन्द्र र अन्य (२०६६). **नेपाली भाषाशिक्षण**, काठमाण्डौंः भुडीपुराण प्रकाशन ।

…………………………. (२०६६). **प्रायोगिक भाषाविज्ञान**, काठमाण्डौंः भुडीपुराण प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३६). **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, काठमाण्डौः साझा प्रकाशन ।

## ख) अनुसन्धान तथा लघुअनुसन्धान सूची

अधिकारी, हेमाङ्गराज (२०४०). पहिलो र दोस्रो भाषाका रुपमा नेपाली सिक्ने विद्यार्थीहरूका वाक्यगठनमा पाइने त्रुटिहरू, त्रि.वि. कीर्तिपुर ।

अधिकारी, उमा (२०४४). **प्रवीणता प्रमाणपत्र तहमा अध्ययन गर्ने विद्यार्थीहरूको लेखन अभिव्यक्ति सम्बन्धी त्रुटिविश्लेषण**, अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, त्रि.वि., किर्तिपुर

उपाध्याय, शिवलाल (२०६७). **कक्षा ६ का विद्यार्थीहरूको वाक्यगठन सम्बन्धी त्रुटिहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, त्रि.वि. कीर्तिपुर ।

काफ्ले, देवलाल (२०६०). **पर्वत जिल्लाका दक्षिणी भेगका मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, शिक्षाशास्त्र संकाय, कीर्तिपुर ।

काफ्ले, उषा (२०६८). **कक्षा नौमा अध्ययनरत दनुवारभाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, शिक्षाशास्त्र संकाय, सिन्धुली ।

के.सी., गंगाबहादुर (२०५५). **सुर्खेत जिल्लाका कक्षा ५ मा उत्तीर्ण मगरभाषी विद्यार्थीहरूमा पाइन त्रुटिहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, शिक्षाशास्त्र संकाय, ताहाचल ।

ढकाल, भोलाप्रसाद (२०५५). **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमा पाइने नेपाली वाक्यगठनसम्बन्धी त्रुटिहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, शिक्षाशास्त्र संकाय, ताहाचल ।

ढुङ्गेल, भोजराज र अन्य (२०४०). शिक्षा प्रमाणपत्र तहमा अध्ययनरत विद्यार्थीहरूको लेखन क्षमता सम्बन्धी एक अध्ययन (लघु अनुसन्धान)

पराजुली, केशवशरण (२०५९). पोखरा उप-महानगरपालिका कक्षा आठमा मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन, अप्रकाशित स्नातकोत्तर तह शोधग्रन्थ, त्रि.वि.कीर्तिपुर ।

मिश्र, सुशीलादेवी (२०५५). **कक्षा पाँच उत्तीर्ण थारुभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, शिक्षाशास्त्र संकाय, ताहाचल ।

थिङ, सुनिता (२०६७). **सिन्धुली जिल्लाका कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, शिक्षाशास्त्र संकाय, सिन्धुली ।

## परिशिष्ट-१

# वस्तुगत प्रश्नहरू

नामः

विद्यालयः

निर्देशनः तलका ठीक उत्तरमा (✓) चिनो लगाउनुहोस् ।

**१. तलका मध्ये कुन वाक्य ठीक छ ?**

क) केटो रुखबाट लडे ।
ख) केटाहरू रुखबाट लड्यो ।
ग) केटाहरू रुखबाट लडे ।
घ) केटो रुखबाट लड्छन् ।

**२. पुलिङ्ग प्रयोग भएको ठीक वाक्य कुन हो ?**

क) दिपकले बल खेलेकी छिन् ।
ख) दिपकले बल खेलेको छ ।
ग) दिपकले बल खेलेका छन् ।
घ) दिपकले बल खेल्छिन् ।

**३. तलका मध्ये कुन वाक्यमा प्रथम पुरुष प्रयोग भएको छ ?**

क) तिमी खेल्छौ ।
ख) तपाई खेल्नुहुन्छ ।
ग) ऊ खेल्छ ।
घ) म खेल्छु ।

**४. तलका मध्ये कुन आज्ञार्थक वाक्य हो ?**

क) विद्यार्थीहरू पढ्छन् ।
ख) श्याम घर जानेछ ।
ग) हरिले रामलाई पिटोस् ।
घ) गोठालाहरू घाँस काट्न जाओ ।

**५. तलका मध्ये भविष्यत् काल बुझाउने वाक्य कुन हो ?**

क) गीता विद्यालय जानेछ ।
ख) गीता विद्यालय जान्छे ।
ग) हरि भलिवल खेल्छ ।
घ) गोमाले खाँबा काट्यो ।

**६. सामान्य वर्तमान जनाउने वाक्य कुन हो ?**

क) दिपेश चिठी लेख्छ ।
ख) दिपेश चिठी लेख्दैछ ।
ग) गोमा पानी भर्लिन ।
घ) कुवेर बजार जाँदै हुनेछ ।

**७. तलका मध्ये कुन चाँही करण कारक हो ?**

क) पार्वतीले सुन्तला टिपी ।
ख) रामले गीत गायो ।
ग) श्याम खुकुरीले खसी काट्छ ।
घ) पोखाराबाट आयो ।

## परिशिष्ट-२

नामः ..........................................................................

विद्यालयः ....................................................................

कक्षाः ७

**तल दिइएका सबै प्रश्नहरू अनिवार्य छन्:**

**१. एकवचन भएका वाक्यहरूलाई बहुवचनमा परिवर्तन गर्नुहोस् ।**

क) छोरोले पढ्यो । ..................................................

ख) चोर आयो । ......................................................

**२. तलका वाक्यहरूको लिङ्ग परिवर्तन गर्नुहोस् ।**

क) भाइ कविता लेख्छ । ..............................................

ख) नोकर का मगर्न जान्छ । ........................................

**३. तलका वाक्यहरूलाई द्वीतीय पुरुषमा परिवर्तन गर्नुहोस् ।**

क) ऊ पोखरा जान्छ । ...............................................

ख) हामी खाजा खान्छौं । ...............................................

**४. तल दिइएका वाक्यहरूलाई आज्ञार्थक वाक्यमा बदल्नुहोस् ।**

क) गोमा बजार जान्छे । ..............................................

ख) दाजु पुस्तक पढ्नुहुन्छ । ..........................................

**५. तलका वाक्यहरूलाई भूतकालमा परिवर्तन गरी लेख्नुहोस् ।**

क) राम घर जान्छ । ..................................................

ख) दिनेश रुख चढ्दैछ । ..............................................

**६. अपूर्ण वर्तमान कालमा परिवर्तन गर्नुहोस् ।**

क) माझीले माछा मार्नेछ । ............................................

ख) निपेशले गोरु जोत्यो । ..............................................

**७. कर्ता, कर्म, करण र अपादान कारका १/१ वटा उदाहरण लेख्नुहोस् ।**

क) कर्ता कारक..............................................................

ख) कर्म कारक .............................................................

ग) करणकारक ............................................................

घ) अपादान कारक ......................................................

**८. तपाई दशैं कसरी मनाउनुहुन्छ ? बाह्र वाक्यमा नघटाई वर्णन गर्नुहोस् ।**

**९. वन शीर्षकमा एउटा छोटो निबन्ध तयार गर्नुहोस् ।**

# परिशिष्ट-३

वस्तुगत प्रश्नहरू

नाम: यम कुमारी आले मगर
समय : १५ मिनेट

विद्यालय: श्री प्रकाश श्री वि मा खोगाउँ ३ खुरहरी

निर्देशन : तलका ठीक उत्तरमा (✓) चिनो लगाउनुहोस् ।

१. तलका मध्ये कुन वाक्य ठीक छ ?

(क) केटो रुखबाट लडे । (ख) केटाहरू रुखबाट लड्यो ।

(ग) केटाहरू रुखबाट लडे (घ) केटो रुखबाट लड्छन् ।

२. पुलिङ्ग प्रयोग भएको ठीक वाक्य कुन हो ?

(क) दिपकले बल खेलेकी छिन । (ख) दिपकले बल खेलेको छ ।

(ग) दिपकले बल खेलेको छन् । (घ) दिपकले बल खेल्दिन् ।

३. तलका मध्ये कुन वाक्यमा प्रथम पुरुष प्रयोग भएको छ ?

(क) तिमी खेल्दैछौ । (ख) तपाईं खेल्नुहुन्छ ।

(ग) ऊ खेल्छ । (घ) म खेल्छु ।

४. तलका मध्ये कुन आज्ञार्थक वाक्य हो ?

(क) विद्यार्थीहरू पढ्छन् । (ख) श्याम घर जानेछ ।

(ग) हरिले रामलाई पिटाए । (घ) गोठालाहरू घाँस काट्न जाओ ।

५. तलका मध्ये भविष्यत्काल बुझाउने वाक्य कुन हो ?

(क) गीता विद्यालय जानेछे । (ख) गीता विद्यालय जान्छे ।

(ग) हरि भलिबल खेल्छ । (घ) गोपाले खाँबा काट्यो ।

६. सामान्य वर्तमान जनाउने वाक्य कुन हो ?

(क) दिपेश चिठी लेख्छ । (ख) दिपेश चिठी लेख्दैछ ।

(ग) गोमा पानी भर्लिन । (घ) कुबेर बजार जाँदै हुनेछ ।

७. तलका मध्ये कुनचाहिँ करण कारक हो ?

(क) पार्वतीले सुन्तला टिपी (ख) रामले गीत गायो

(ग) श्याम खुकुरीले रुखी काट्छ । (घ) पोखराबाट बस आयो ।

# परिशिष्ट-४

विषयगत प्रश्नहरू

नाम : पत्र कुमारी थापा मगर

विद्यालय : श्री प्रकाश नि. माध्यमिक विद्यालय मास्तुरहरी

कक्षा : ६ समय : १ घण्टा

तल दिइएका सबै प्रश्नहरू अनिवार्य छन् :

X १. एक वचन भएका वाक्यहरूलाई बहुवचनमा परिवर्तन गर्नुहोस् ।

(क) केटोले पढ्यो । छोरिले ~~[illegible]~~ पढीन ।

(ख) चोर आयो । चौर गायो

X २. तलका वाक्यहरूको लिङ्ग परिवर्तन गर्नुहोस् ।

(क) भाइ कविता लेख्छ । बिहीनी कविता लेख्छे

(ख) नोकर काम गर्न जान्छ । नोकार काम गर्न जान्छ

X ३. तलका वाक्यहरूलाई द्वितीय पुरुषमा परिवर्तन गर्नुहोस् ।

(क) ऊ पौडन जान्छ । ऊ पौरका जान्छी

(ख) हामी खाजा खान्छौं । म्हाली खाजा खान्छो

X ४. तल दिइएका वाक्यहरूलाई आज्ञार्थक वाक्यमा बदल्नुहोस् ।

(क) गीता बजार जान्छे । गीम बजार जानुहुन्छ

(ख) दाजु पुस्तक पढ्नुहुन्छ । दाजु पुस्तक पढ्यी

X ५. तलका वाक्यहरूलाई भूतकालमा परिवर्तन गरी लेख्नुहोस् ।

(क) राम घर जान्छ । राम घर जानुहुन्छ

(ख) दिनेश स्कूल पढ्नेछ । दिनेस स्कूल पढ्नेहुन्छ

X ६. अपूर्ण वर्तमान कालमा परिवर्तन गर्नुहोस् ।

(क) माझीले माछा मार्नेछ । मम्कीले माछा मारी

(ख) निर्मलाले गीत गायो । निर्मलाले गौर जोब्यो

७. कर्ता, कर्म, करण र अपादान कारकका १/१ ओटा उदाहरण लेख्नुहोस् ।

(क) कर्ता कारक कर्ता कारक

(ख) कर्म कारक कर्म कारकरक

(ग) करण कारक करण

(घ) अपादान कारक अपादान

८. तपाईं दशैं कसरी मनाउनुहुन्छ ? छोटो वाक्यमा व्यवस्थित वर्णन गर्नुहोस्

९. तल शीर्षकमा राम्रो छोटो निबन्ध तयार गर्नुहोस् ।

(८) दशै मन हामी मनाउनु त्यसती गरी र मनाउछ
हामी दशैं मा टीका लगी गायर मनाउनु दशैं मनाउछ
गाउँ घर रमा थवै गरी मनाउछु

(५) वन जंगले मा हामीले फाड्नो हुदैइनो वन जंगले
हामीले गाई चराउनहुन्छ घास दाउरा काटनु हुन्छ
तसलो वन जंगले फाड्नो हुन्न
वन जंगले हामीलाई बचेरै फाइदा दिरकोद।
तसईला वन जंगले फाड्नो हुन्न

×१ व
(२) हि
×३ पु
×४ गा
×५ गा
५ पे
×6 का

२५(६८) – ८

## परिशिष्ट-५

वस्तुगत प्रश्नहरू

नाम : पुजा परियार                                        समय : १५ मिनेट

विद्यालय : श्री मा.वि. चुनमाय चुनलाले पाण्डियागाउँ,

निर्देशन : तलका ठीक उत्तरमा (✓) चिनो लगाउनुहोस् ।

१. तलका मध्ये कुन वाक्य ठीक छ ?

(क) केटो रुखबाट लडे । (ख) केटाहरू रुखबाट लड्यो ।

(ग) केटाहरू रुखबाट लडे (घ) केटो रुखबाट लड्छन् ।

२. पुलिङ्ग प्रयोग भएको ठीक वाक्य कुन हो ?

(क) दिपकले बल खेलेकी छिन । (ख) दिपकले बल खेलेको छ ।

(ग) दिपकले बल खेलेको छन् । (घ) दिपकले बल खेल्छिन् ।

३. तलका मध्ये कुन वाक्यमा प्रथम पुरुष प्रयोग भएको छ ?

(क) तिमी खेल्छौ । (ख) तपाईं खेल्नुहुन्छ ।

(ग) ऊ खेल्छ । (घ) म खेल्छु ।

४. तलका मध्ये कुन आज्ञार्थक वाक्य हो ?

(क) विद्यार्थीहरू पढ्छन् । (ख) श्याम घर जानेछ ।

(ग) हरिले रामलाई पिट्यो । (घ) गोठालाहरू घाँस काटेर आओ ।

५. तलका मध्ये भविष्यत्काल बुझाउने वाक्य कुन हो ?

(क) गीता विद्यालय जानेछे । (ख) गीता विद्यालय जान्छे ।

(ग) हरि भलिबल खेल्छ । (घ) गोपालले खाँबा काट्यो ।

६. सामान्य वर्तमान जनाउने वाक्य कुन हो ?

(क) दिपेशा चिठी लेख्छ । (ख) दिपेशा चिठी लेख्दैछ ।

(ग) गोमा पानी भर्लिन । (घ) कुबेर बजार जाँदै हुनेछ ।

७. तलका मध्ये कुनचाहिँ करण कारक हो ?

(क) पार्वतीले सुन्तला दिई (ख) रामले गीत गायो

(ग) श्याम खुकुरीले रुख काट्छ । (घ) पोखराबाट बस आयो ।

# परिशिष्ट-६

विषयगत प्रश्नहरू

नाम : पूजा परियार

विद्यालय : श्री मा. वि. स्याङजा सुन्तले चण्डिभञ्ज्याङ,

कक्षा : ६ समय : १ घण्टा

तल दिइएका सबै प्रश्नहरू अनिवार्य छन् :

१. एक वचन भएका वाक्यहरूलाई बहुवचनमा परिवर्तन गर्नुहोस् ।

(क) छोराले पढ्यो । ........ छोराहरूले पढे ।

(ख) चोर आयो । ........ चोरहरू आए ।

२. तलका वाक्यहरूको लिङ्ग परिवर्तन गर्नुहोस् ।

(क) भाइ कविता लेख्छ । ........ ~~भाइहरू कविता लेख्छन्~~ । बहिनी कवि लेख्छे ।

(ख) नोकर काम गर्न जान्छ । ........ ~~नोकरहरू काम गर्न जान्छन्~~ । नोकर्नी काम गर्न जान्छे ।

३. तलका वाक्यहरूलाई द्वितीय पुरुषमा परिवर्तन गर्नुहोस् ।

(क) म पोखरा जान्छु । ........ ~~[illegible]~~ । ~~[illegible]~~ । उनी पोखरा जान्छिन् ।

(ख) हामी खाना खान्छौँ । ........ हामीहरू खाजा खान्छौं ।

४. तल दिइएका वाक्यहरूलाई आज्ञार्थक वाक्यमा बदल्नुहोस् ।

(क) गोमा बजार जान्छे । ........ गोमा बजार जा ।

(ख) दाजु पुस्तक पढ्नुहुन्छ । ........ दाजु पुस्तक पढ्नुस् ।

५. तलका वाक्यहरूलाई भूतकालमा परिवर्तन गरी लेख्नुहोस् ।

(क) राम घर जान्छ । ........ राम घर ~~[illegible]~~ । गयो ।

(ख) दिनेश स्कुल पढ्नेछ । ........ दिनेश स्कुल पढ्यो ।

६. अपूर्ण वर्तमान कालमा परिवर्तन गर्नुहोस् ।

(क) मामीले माछा मार्नेछ । ........ मामीले माछा मार्दै छिन् ।

(ख) निरेशले गोरु जोत्यो । ........ निरेशले गोरु जोत्दै छ ।

७. कर्ता, कर्म, करण र अपादान कारकका १/१ ओटा उदाहरण लेख्नुहोस् ।

(क) कर्ता कारक ........ रामले भात खायो ।

(ख) कर्म कारक ........ म भाइलाई पिट्छु ।

(ग) करण कारक ........ म कापीले हात काट्छु ।

(घ) अपादान कारक ........ रूखबाट पात झर्यो ।

८. तपाईं दशैं कसरी मनाउनुहुन्छ ? आठ वाक्यमा नघटाई वर्णन गर्नुहोस् ।

९. तल शीर्षकमा एउटा छोटो निबन्ध तयार गर्नुहोस् ।

४ → ~~हामी दशैं कसरी मनाउँछौं भने। ठूलाबडा मान्यजनहरूबाट टिका लगाउँछौं। मिठो मिठो खान्छौं। बाजु, दिदी बहिनी~~
~~[illegible]~~

दशैं हिन्दु धर्मावलम्बीहरूको महान चाड हो। यसमा घर-हरूलाई झिलीमिली पार्छौं यसमा चाहिने सबै सामान जुटाउँछौं। र विजया दशमीको दिनमा आफू भन्दा ठूला मान्यजनबाट टिका लगाउँछौं। मिठो-मिठो ~~खान्छौं~~ खानेकुराहरू खान्छौं। पिङ खेल्छौं। साथीहरूसँग रमाइलो गर्छौं र मावलमा सबै घरपरिवारहरू ~~जान्छौं~~ टिका लगाउन जान्छौं। यसरी पूर्णिमाको दिन आफ्नो आमा, बाबु-बाट टिका लगाउँछौं।

५ → वन भनेको जङ्गली ~~[illegible]~~ जनावरहरूको बास स्थान हो। वनजङ्गल विभिन्न किसिमको जीवजन्तुहरू बसोबास गर्दछन्। वनबाट हामीले घाँस, दाउरा, ~~[illegible]~~ स्याउला, काठ पातहरू प्राप्त गर्दै वनबाट नै हामीले कैयौं आम्दानी पनि प्राप्त गर्दै। वन हाम्रो सार्वजनिक सम्पत्ति हो। वन भएर नै हामी पनि प्राणीहरू जीवित रहन सक्दैन। आदि।

वे
२ लि
पु
गा
का
३ प
का

परिशिष्ट-७

# अनुसूची

**सामग्री संकलनमा छनोट गरिएका विद्यालयहरू: विद्यालयहरूको क्रममा**

1_ श्री वेङ्कटेश्वर उ.मा.वि. वाहुनतिल्पुङ

2_ श्री जनप्रेमी उ.मा.वि. स्याङ्ती

3_ श्री भीमसेन नि.मा.वि. तिल्पुङडाँडा

4_ श्री नि.मा.वि. कालीमाटी तीखेढुंगा

5_ श्री प्रकाशोदय मा.वि. खुरहरी

6_ श्री हिराथुम्की मा.वि. तोश्रामखोला

7_ श्री उ.मा.वि. लुम्ती

8_ श्री मा.वि. सुम्नामसुन्तले, चण्डीभञ्ज्याङ्ग

9_ श्री सरस्वती मा.वि. हिलेपानी शाखाजोर

10_ श्री उ.मा.वि. मझुवा दोभान

**परिशिष्ट-८**

# JolQmut ljj/0f



नाम : खेमहरि भण्डारी

स्थायी ठेगाना : बाहुनतिल्पुङ्ग-२, सिन्धुली

बुवाको नाम : मुकुन्दप्रसाद भण्डारी

आमाको नाम : कृष्णमाया भण्डारी

सम्पर्क नं. : ९७४४०४९४९२

नागरिकता : नेपाली

धर्म : हिन्दु

शैक्षिक योग्यता : एम्.एड् (नेपाली)

पेशा तथा संलग्नता : शिक्षण तथा अध्ययन

**शिक्षाः**

एस.एल.सी. : श्री बेङ्कटेश्वर उच्च माध्यमिक विद्यालय, बाहुनतिल्पुङ्ग, सिन्धुली

प्रविणता प्रमाणपत्र : श्री उच्च माध्यमिक विद्यालय लाम्पनबतासे, सिन्धुली

स्नातक तह : ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्ज

स्नातकोत्तर तह : सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली